# अग्रज

# संघको चिनारी
## २०७०



**नेपाल पूर्व सशस्त्र प्रहरी संघ**

केन्द्रीय कार्यालय, स्वयम्भू, हलचोक
फोन नं. ०१४२८३४४०, फ्याक्स नं. ०१४२८३४४०
Email : exapf.acn@gmail.com, Website : www.nepalexapf.org.np

# विजया दशमी तथा शुभ दिपावली २०७० को सुखद् उपलक्ष्यमा संघको उत्तरोत्तर प्रगतिको शुभकामना

फ्लास बचत तथा ऋण सहकारी संस्था लि. २०६६

# Flash Saving & Credit Co-operative Ltd.

# फ्लास बचत तथा ऋण सहकारी संस्था लि.

फ्लास बचत योजना :

| सि.नं. | बचत योजनाहरु | न्यूनतमा मौज्दात रु. | ब्याजदर (वार्षिक) |
|---|---|---|---|
| १. | फ्लास विशेष बचत खाता | १000/- | १0.00% |
| २. | फ्लास बाल बचत खाता (मासिक न्यूनतम रू. १,000/- अनिवार्य बचत गर्नुपर्ने) | १000/- | १0.५0% |
| ३. | फ्लास महिला बचत खाता | १000/- | १0.७५% |
| ४. | फ्लास ज्येष्ठ नागरीक बचत खाता (उमेर ६५ वर्ष वा सो भन्दा माथि हुनुपर्ने) | १000/- | ११.00% |
| ५. | फ्लास अ.प्रा. बचत खाता | १0,000/- | ११.00% |
| ६. | फ्लास प्रिमियम बचत खाता | १,00,000/- | १२.00% |

आवधिक मासिक नियमित बचत योजना :-

| सि.नं. | बचत योजनाहरू | न्यूनतमा मौज्दात रू. | व्याजदर (वार्षिक) |
|---|---|---|---|
| १. | १ बर्षे | ५000/- | १३ % |
| २. | २ बर्षे | ५000/- | १४ % |
| ३. | ३ बर्षे | ५000/- | १५ % |

आवधिक बचत योजना :-

| सि.नं | अवधि | व्याज दर |
|---|---|---|
| १. | १ वर्षे | १३.00% |
| २. | २ वर्षे | १४.00% |
| ३. | ३ वर्षे | १५.00% |

**सबै किसिमका कर्जा लगानीमा १८%**

WESTERN UNION®
मनी ट्रान्सफर
विदेशबाट तुरुन्त रकम प्राप्त गर्ने माध्यम

धुम्बाराही चौबाटो, रिङ्गरोड
फोन : ०१-४३७३२३२, फ्याक्स : ०१-४३७१०२८
इमेल : flashcop4@yahoo.com
flashcop4@gmail.com

NABILBANK®
देशव्यापी रकम पठाउने भरपर्दो माध्यम
NABILREMIT
सेवा यहाँ उपलब्ध छ ।

## सल्लाहकार मण्डल

प्रमुख सल्लाहकार
**श्री बासुदेव वली**
स.प्र.म.नि. (अ.प्रा.)

सल्लाहकार
**श्री सनत कुमार बस्नेत**
स.प्र.म.नि. (अ.प्रा.)

सल्लाहकार
**श्री किशोरकुमार लामा**
का.मु.स.प्र.म.नि. (अ.प्रा.)

सल्लाहकार
**श्री शैलेन्द्रकुमार श्रेष्ठ**
स.प्र.म.नि. (अ.प्रा.)

## सम्पादक मण्डल

प्रधान सम्पादक
**श्री रोहित थापा**
स.प्र.अ.म.नि. (अ.प्रा.)

सम्पादक
**श्री भीमबहादुर पन्थ**
स.प्र.उ. (अ.प्रा.)

सम्पादक
**श्री बलराम तिमिल्सिना**
स.प्र.ना.उ. (अ.प्रा.)

कम्प्युटर
**श्री ध्रुबकुमार सुवेदी**
सशस्त्र प्रहरी जवान

कम्प्युटर डिजाइन
**श्री शैलेस बज्राचार्य**

3G PRINTERS
मू.अ.क.नं. : ३०४१४३१३७

श्री जी प्रिन्टर्स
3 G PRINTERS
त्रिपुरेश्वर, काठमाडौं, फोन : ४२६१३४६
ईमेल : 3GPrinters.hq@gmail.com

# प्रकाशन समिति



संयोजक
**श्री रोहित थापा**
स.प्र.अ.म.नि. (अ.प्रा.)
प्रथम उपाध्यक्ष



सदस्य
**श्री श्यामकृष्ण कर्माचार्य**
स.प्र.ना.म.नि. (अ.प्रा.)
कार्यकारी सदस्य



सदस्य
**श्री नवराज विष्ट**
स.प्र.ना.म.नि. (अ.प्रा.)
कार्यकारी सदस्य



सदस्य
**श्री छत्रबहादुर प्रधान**
स.प्र.व.उ. (अ.प्रा.)
सल्लाहकार



सदस्य
**श्री भीमबहादुर पन्थ**
स.प्र.उ. (अ.प्रा.)
सचिव, नेपाल पूर्व सशस्त्र प्रहरी संघ



सदस्य
**श्री महेन्द्रबहादुर कार्की**
स.प्र.ना.उ. (अ.प्रा.)
कोषाध्यक्ष, नेपाल पूर्व सशस्त्र प्रहरी संघ



सदस्य
**श्री बलराम तिमिल्सिना**
स.प्र.ना.उ. (अ.प्रा.)
सचिव, नेपाल पूर्व सशस्त्र प्रहरी संघ

# मन्तव्य

नेपाल पूर्व सशस्त्र प्रहरी संघ अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको हकहितमा काम गर्ने गरी स्थापित गैह्रराजनीति, गैह्रनाफामूलक सामाजिक संस्था भएकाले यस संघसंग आर्थिक तथा भौतिक रुपमा कुनै पनि किसिमको पूर्वाधार नै थिएन । केही आधार नहुँदा नहुँदै पनि क्रमिकरुपमा विकास विस्तार गर्दै लैजानु पर्दछ भन्ने पवित्र उद्देश्यले सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा.) स्व.सहवीर थापाले आज भन्दा ६ वर्ष अगाडि (मिति २०६४ आश्विन २७ गते) नै कानून सम्मतढंगबाट आफैले प्रथम अध्यक्षको महत्वपूर्ण जिम्मेवारी लिने गरी यो संघको स्थापना गराउनु भएको थियो । उक्त समयमा म स्वयम् संगठन प्रमुख भएको र त्यतिनै बेला कल्याणकारी सेवा केन्द्रको नाममा खरिद गरिएको (हालको **APF WELFARE PLAZA** को पछाडि रहेको) भवनको माथिल्लो तलामा आवश्यक फर्निचर र फर्निसिङ्ग सहित संघको तत्कालीन आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले संघको लागि कार्यालयको रुपमा उपलब्ध गराइएको थियो ।

नव स्थापित संघले आफ्नो उद्देश्य प्राप्ति गर्ने तर्फ अग्रसर हुँदै जावस् संघद्वारा चालिएका सकारात्मक कदममा थप सहयोग उपलब्ध गराउने उद्देश्य हुँदा हुँदै तत्कालीन सरकारले बीचमै नियमावली नै संशोधन गरी ३० वर्षे सेवा अवधिको प्रावधान ल्याईदिंदा मैले आफ्नो चार वर्ष अवधिको कार्यकाल पनि पुरा गर्न नपाई अवकाश लिनु पऱ्यो । जसले गर्दा संघलाई सशक्त, सुविधा सम्पन्न बनाउने सदिक्षामा तुषारापात हुनपुग्यो । थप सहयोग गर्ने वातावरण नै बनेन भने अर्को तर्फ संस्थापक अध्यक्ष सहवीर थापाको स्वाथ्यमा गम्भीर समस्या देखा परी स्वदेश तथा विदेशमा उपचार गराउँदा गराउँदै उहाँले पनि आफूले स्थापना गरेको संघलाई जुन लक्ष्यका साथ कार्यक्षेत्रमा उतार्नुपर्ने थियो त्यो पुरा नहुँदै संस्थापक अध्यक्षको स्वर्गारोहण भयो ।

उहाँको स्वर्गारोहण पछि चार वर्षसम्म निश्क्रिय रहेको संघको नवीकरण लगायतका कानुनी प्रावधान पुरा गरी संघलाई वैधानिक रुपमा सक्रिय तुल्याउनु पर्ने बाध्यता आई पऱ्यो र मिति २०६७/०२/२९ गते भएको अवकाश प्राप्त सशस्त्र प्रहरीहरुको भेलाको सर्वसम्मतिबाट मलाई संघको अध्यक्षमा चयन गरी वर्तमान कार्य समितिको गठन पश्चात् संघको उद्देश्य प्राप्तीमा वर्तमान कार्यसमिति निरन्तर क्रियाशील रहदै आएको छ ।

कुनै पनि सरकारी कार्यालयहरुमा रहेको निर्धारित कर्मचारीहरुको दरबन्दी विशेष परिस्थितिमा वाहेक बढ्ने क्रम ज्यादै कम सम्भावना हुन्छ । तर हाम्रो जस्तो अवकाश प्राप्त गर्नासाथ स्वतह थप हुने संघसंस्थाहरुमा वर्षेनी सदस्य संख्या बढ्दै जाने भएकाले स्थापना कालमा एक जना अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकको नेतृत्वमा थोरै संख्याका अन्य साथीहरुको सहयोगले सुरु भएको संघको गतिविधि आज विशिष्ट श्रेणीका थुप्रै वरिष्ठ अधिकृतज्यूहरुको सहभागिता र ओजपूर्ण राय सुझाव प्राप्त हुँदै जानुले संघका व्यापकताका साथै औचित्यता पुष्टि भइसकेकोछ ।

स्थापना कालको कार्यालय र मिटिङ्गहल समयानुकूल थपिदै गइरहेको सदस्यता संख्याले मौजुदा कार्यालय भवन तथा मिटिङ हल ज्यादै सांघुरो भई उपस्थित सदस्यहरु बाहिरै उभिनु पर्ने बाध्यतालाई

तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक हाल संघका सल्लाहकार श्री शैलेन्द्रकुमार श्रेष्ठज्यूले सकरात्मक रुपमा लिई कल्याणकारी सेवा केन्द्रले निर्माण गरेको **APF WELFARE PLAZA** को दोस्रो तला आवश्यक पाट्रेशन र थप फर्निचर सहित संघको कार्यालयको लागि उपलब्ध भएबाट संघ भौतिक पूर्वाधारमा आत्मनिर्भर भएको मान्नुपर्छ ।

संघको आफ्नै कोष अभिबृद्धि नगरी कुनै पनि गतिविधिहरु सञ्चालन गर्न नसकिने भएकाले कोष स्थापनाका लागि सर्वप्रथम थोरै भए पनि आजीवन सदस्यता प्रदान गरी आर्थिक श्रोत जुटाउने अभिप्रायले सदस्यता वितरण प्रक्रियालाई व्यापक पारिएको अवगतै छ । सदस्यता शुल्क मात्रैले नपुग्ने महशुस गरी थप सहयोग उपलव्ध गराई दिन तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक हाल यस संघका प्रमुख सल्लाहकार श्री सनत कुमार बस्नेतज्यू समक्ष अनुरोध गरिएको र संघको जायज मागलाई सहर्ष स्वीकार गरी अक्षयकोष स्थापनार्थ कल्याणकारी सेवाकेन्द्रबाट त्यतिबेला संघले अपेक्षा गरेभन्दा पनि अझ बढी रु.२०,००,०००।- (अक्षरुपी बीस लाख मात्र) प्राप्त हुनुका साथै केही कार्यालय सामाग्रीहरु समेत उपलब्ध भएको थियो । कोष स्थापना र वृद्धिका लागि निरन्तर रुपमा प्रयास गरिरहँदा कल्याणकारी सेवा केन्द्र, राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान लगायत संघका ठूला मन भएका सदस्यज्यूहरुबाट पनि आर्थिक तथा भौतिक सहयोग प्राप्त भएको छ भने वर्तमान सशस्त्र प्रहरी महानिरीक्षज्यूबाट पनि संघको आयश्रोत बृद्धिमा अवश्य टेवा पुग्ने अपेक्षा गरिएको छ ।

संघले अवकाश प्राप्त गरेका मात्रै होईन कि वीरगति प्राप्त गरेका तथा कर्तव्यरत रहँदा रहँदै स्वर्गारोहण भएका सशस्त्र प्रहरीका निवृत्तिभरण प्राप्त गरिरहेका परिवारका सदस्यहरुलाई समेत सदस्यको रुपमा समेट्ने गरी विधानमा नै व्यवस्था गरिएको भए तापनि त्यस्ता परिवारका सदस्य त परै जाओस् नियमित रुपमा अवकाश प्राप्त गरेका सशस्त्र प्रहरी कर्मचारीहरुसँगको सम्पर्क माध्यम पनि नहुँदा उनीहरुलाई संघको बारेमा जानकारी गराउने, संघमा आवद्ध हुन अनुरोध गर्ने, उनीहरुको पीरमर्का बुझ्ने, सक्दो सहयोग गर्ने जस्ता कार्यमा लाग्न नसकिएको महशुस भई क्षेत्रीय स्तर सम्म भए पनि संघको विस्तार गर्न सकिएमा त्यस्ता सदस्यहरुलाई सम्पर्कमा ल्याउन सजिलो हुन्थ्यो भन्ने अभिप्रायले क्षेत्रीय कार्यालय स्थापना गर्ने कार्य सक्रियताका साथ अघि बढिरहेको छ । आफ्ना सदस्यहरु सम्म जानकारी पुऱ्याउने सशक्त माध्यम संघका गतिविधिहरु समेटेर पत्रिकाको रुपमा प्रकाशित गरी सदस्यहरु सम्म पुऱ्याउन सकेमा उद्देश्य प्राप्तिमा सहयोग पुग्न सक्थ्यो कि भनि संघका सदस्यहरु तथा शुभचिन्तकहरुका सल्लाह बमोजिम संघका प्रथम उपाध्यक्ष श्री रोहित थापाज्यूको अध्यक्षतामा प्रकाशन समिति गठन गरी संघको चिनारी नामक पुस्तक प्रकाशित गर्ने निर्णय भए अनुसार प्रकाशन हुन गइरहेको **संघको चिनारी** यस पुस्तक ज्ञानवर्द्ध र उपयोगी बनोस् भन्ने शुभकामना व्यक्त गर्दै प्रकाशन समितिलाई हार्दिक धन्यवाद समेत ज्ञापन गर्दछु ।

**अध्यक्ष**
**बासु देव वली**
सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा.)

# सम्पादकीय

नेपाल पूर्व सशस्त्र प्रहरी संघ अवकाश प्राप्त पूर्व कर्मचारीहरु र तिनका आश्रित परिवारको हक हितलाई ध्यानमा राखेर विशुद्ध सामाजिक सेवालाई आत्मसात गर्दै गैह्रनाफामूलक, गैह्रराजनीतिक सामाजिक संस्थाको रुपमा २०६४ असोज २७ गते विधिवत स्थापना भएको हो । संघ स्थापनाको कालखण्ड त्यति सहज नभएकाले आशातित रुपमा प्रगति गर्न नसकेको यथार्थ हामी सबै सामु छर्लङ्गैछ । समय काल परिस्थितिले कोल्टो फेर्दै गएको वर्तमान अवस्थामा संघको आफ्नो लक्षित उद्देश्यलाई परिपूर्ति गर्ने दिशामा वर्तमान कार्य समिति अग्रसर हुँदै गएको सबैमा विदितै छ । यसै परिवेशमा आफ्नो संघको परिचय जनमानसमा पुऱ्याउने सदिक्षाका साथ संघका गतिविधिहरुलाई समावेश गरी विविध विषयको जानकारीमूलक पुस्तक प्रकाशन गर्न संघका प्रथम उपाध्यक्ष स.प्र.अ.म.नि.(अ.प्रा.) रोहित थापाको संयोजकत्वमा गठित प्रकाशन समितिले संघको उद्देश्य तथा कार्यसमितिको आशय बमोजिम संघद्वारा सम्पादित क्रियाकलापलाई पारदर्शीरुपमा समावेश गरी संघलाई नजिकबाट अवलोकन गर्न चाहने पाठकबृन्दलाई उपयुक्त खुराक पस्कने जमर्को गरेको छ ।

पुस्तकमा नयाँ विषयहरु समावेश नभए तापनि **नेपाल पूर्व सशस्त्र प्रहरी संघ** सम्बन्धमा जानकारी राख्न चाहने र यत्रतत्र बसोवास गर्ने संघका सदस्यहरुको लागि समेत उपयोगी हुने नै छ । नवगठित यस संघले आफ्नो विकास विस्तारलाई प्राथमिकता दिएको छ तापनि अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको संख्या न्यून रहेको र क्षेत्र तथा जिल्लासम्म विस्तार भई नसकेको वर्तमान परिवेशमा संघले चाहँदा चाहँदै पनि लक्षित उद्देश्य अनुरुप आर्थिक अवस्था अत्यन्त कमजोर भएका, द्वन्द्वपीडित, घाइते अपाङ्ग, एकल महिला लगायतका परिवारका सदस्यलाई सहयोग पुऱ्याउने उद्देश्यले सार्थकता पाउन सकिरहेको छैन । उद्देश्य बमोजिमको कार्यक्रम अघि बढाउन नसकिएकाले नै संघको गतिविधिमा कमी भएकाले संघको लक्ष्यमा ठेस पुग्न गएको यथार्थतालाई आत्मसाथ गरी जे जति समावेश गरिएका छन्, ती गतिविधिलाई पनि कम आँक्न मिल्दैन ।

संघको यो पहिलो प्रयासमा आ-आफ्नो संघ सस्थाको तर्फबाट विज्ञापन एवम् आर्थिक सहयोग उपलव्ध गराउने तथा अमूल्य लेखरचनाहरु उपलव्ध गराई पुस्तकलाई आकर्षक र ज्ञानवर्द्धक बनाउन उल्लेखनीय योगदान दिनुहुने महानुभाव प्रति हार्दिक आभार व्यक्त गर्दै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति प्रकाशन समिति हार्दिक आभार व्यक्त गर्दछ ।

अन्त्यमा, प्रकाशनका बारेमा अमूल्य राय सुझाव प्रेषित गर्नुभई आगामी अंकलाई मार्गदर्शन गर्न हुनका साथै शुभचिन्तक महानुभावहरुबाट बिज्ञापन तथा अमूल्य लेखरचनाको प्रकाशन समिति अपेक्षा गर्दछ ।

# विषय सूचि


१. नेपाल पूर्व सशस्त्र प्रहरी संघको परिचय ............ १

२. संघद्धारा सम्पादित क्रियाकलापहरुः- ............ ६

क) परिचयपत्रको नमूना ............ ६

ख) आजीवन सदस्यलाई प्रदान गरिने प्रमाण-पत्र नमूना ............ ६

ग) जेष्ठ सदस्यलाई प्रदान गरिने सम्मान-पत्र नमूना ............ ७

३. समय र आर्थिक अवस्था अनुकूल भएमा सञ्चालन गरिने कार्यक्रमहरु : ..१४

४. संस्थापक अध्यक्षज्यूको योगदान ............ १५

५. वर्तमान अध्यक्षज्यूको योगदान ............ १६

६. वर्तमान कार्य समिति ............ १७

७. आजीवन सदस्यहरु ............ १८

८. नेपाल पूर्व सशस्त्र प्रहरी संघका सल्लाहकार सदस्यहरु ............ २०

९. "पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद्, नेपाल २०६८" ............ २१

१०. संघलाई आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउने व्यक्तित्वहरु ............ २८

११. अवकाश प्राप्त जीवनको लागि योजना ............ ३१

१२. नेपाल पूर्व सशस्त्र प्रहरी संघको प्रगति र चुनौती ............ ३३

१३. संगठन र संघ बीचको सुमधुर सम्बन्ध ............ ३७

१४. संघमा सक्रियता नै आत्म सन्तुष्टिको श्रोत ............ ३८

१५. संघ नै उत्तम समाजसेवा ............ ४०

१६. आचारसंहित २०६८ ............ ४२

१७. संघको विधान २०६४ (संशोधन सहित) ............ ४५

# नेपाल पूर्व सशस्त्र प्रहरी संघको परिचय

सशस्त्र प्रहरी बल (संगठन) मा अनवरत रुपमा सेवा गरी संगठनको ऐन नियम अनुसार स-सम्मान रुपमा अवकाश प्राप्त गरेका सशस्त्र प्रहरी कर्मचारीहरुका बीचमा प्रजातान्त्रिक र अनुशासित तवरबाट आपसी एकता, भातृत्व, सद्भाव कायम गरी पूर्व कर्मचारी र तिनीहरुका परिवारको हक, हीत, कल्याण एवं बौद्धिक, सामाजिक, आर्थिक स्तरको अभिवृद्धी गराउँदै लैजानुका साथै सशस्त्र प्रहरी बल (संगठन) को विस्तार र विकासमा आवश्यक सहयोगका लागि निरन्तर सहकार्य गर्ने र अझ समष्टिगत रुपमा भन्नु पर्दा खारिएको अनुभवी जनशक्तिलाई राष्ट्र हीतमा संगठित गर्ने उद्देश्यले मिति २०६४ साल आश्विन २७ गते नेपालको संविधान तथा प्रचलित कानुन अनुसार नेपाल पूर्व सशस्त्र प्रहरी संघको स्थापना गरिएको हो ।

यो संघ स्थापनाको नेतृत्व अवकाश प्राप्त गर्ने बित्तिकै सशस्त्र प्रहरी बल (संगठन) का दोस्रा संगठन प्रमुख तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक स्वर्गीय सहवीर थापाले गर्नु भएको थियो । संघको संस्थापक अध्यक्षको जिम्मेवारी समेत ग्रहण गर्नु भएका स्वर्गीय थापाले लामो समय संघको नेतृत्व सम्हाल्न भ्याउनु भएन । मिति २०६७ जेष्ठ ३ गते उहाँको स्वर्गारोहण भएको थियो । उहाँले जुन पवित्र उद्देश्यका साथ यो संघको स्थापना गराउने सन्दर्भमा उहाँले दिनु भएको प्रेरणा, नेतृत्वदायी भूमिका र योगदानको बारेमा कसैले पनि भुल्न सक्ने अवस्था नै आउँदैन । स्वर्गीय थापाको नेतृत्वमा बनेको बिधान २०६४ मा उल्लेखित लक्ष्य एवं उद्देश्यका साथ संघको स्थापना भएको थियो सोही लक्ष्य एवं उद्देश्यलाई प्राप्त गर्ने दिशा तर्फ संघलाई अझ उन्मुख गराउने जिम्मेवारीका साथ सशस्त्र प्रहरी बल संगठनका तेस्रा संगठन प्रमुख तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक श्री वासुदेव वलीज्यूले केन्द्रीय परिषद्को सर्वसम्मतीबाट मिति २०६७ जेष्ठ २९ गते देखि निर्वाचित भएको एउटा चुस्त टिम सहित यो संघको अध्यक्षको पदभार ग्रहण गर्नु भएको छ । संघको सम्पर्क कार्यालय हलचोक स्थित सशस्त्र प्रहरी बलको पेट्रोल पम्प सँगै कल्याणकारी सेवा केन्द्रको भवनमा रहेको छ र सम्पर्क फोन नम्बर ०१-४२८३४४० हो ।

यस संघमा आवद्ध हुन सशस्त्र प्रहरी बल संगठनको आधारभूत तालिम प्राप्त गरी दिक्षान्त समारोहमा सहभागी भएको वा नेपाल प्रहरी र नेपाली सेनाबाट स्थानान्तरण भई सशस्त्र प्रहरी बलको कर्मचारी भई कानून बमोजिम अवकाश भएको हुनु पर्नेछ भने पूर्व सशस्त्र प्रहरी कर्मचारीको मृत्यु पश्चात पारिवारीक निवृत्तिभरण पाउने परिवारका सदस्यहरुले पनि स्वईच्छाले यस संघको सक्रिय सदस्यता प्राप्त गर्न सक्नेछन् । त्यस्तै संघलाई विशिष्ट योगदान पुऱ्याए वापत पूर्व सशस्त्र प्रहरी कर्मचारी वाहेकका अन्य स्वदेशी तथा विदेशी महानुभावहरुलाई संघको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । त्यसै गरी संघले स्वदेशी तथा विदेशी संघ संस्थाको संस्थागत सदस्यता लिन पनि सक्नेछ ।

सशस्त्र प्रहरी बल संगठन र नेपाल पूर्व सशस्त्र प्रहरी संघ बीचको सामिप्यतालाई अझ बढि गाढा बनाउन संघमा आबद्ध पूर्वजहरुको योगदानलाई संगठनले कदापि बिर्सन मिल्दैन भने संघका तर्फबाट सम्भव भए सम्मको सहयोग खास गरी जनमानसमा संगठनको छवीलाई उजिल्याउने, सूचनाको आदान प्रदान र संगठनलाई अप्ठ्यारो परेको अवस्थामा आवश्यक सहयोग पुऱ्याउने सवालमा प्रभावकारी भूमिका निर्वाह गर्न जरुरी छ । जसका लागि मैदान उपलब्ध गराउने दायित्व संगठनकै हो । संगठनले नचाहेसम्म यस्तो कार्यको थालनी सम्भव छैन । नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई व्यवस्थित र मर्यादितरुपमा उद्देश्य अनरुप परिचालित गर्ने अभिप्रायले वर्गीय हक, हीत तथा मातृ संस्थाको गरिमामा प्रतिकूल असर नपर्ने गरी आचार संहिता समेत

निर्माण गरी संघमा आवद्ध हुने सदस्यहरुमा लागू गर्ने व्यवस्था गरी सकिएको छ भने नेपाल पूर्व सशस्त्र प्रहरी संघको आशा र भरोसाको केन्द्र नै सशस्त्र प्रहरी बल संगठन भएकाले संगठनसँग कुनै पनि कुराको अपेक्षा गर्नु अस्वभाविक हुँदै होईन । सशस्त्र प्रहरी बलबाट पर्याप्त मात्रामा सहयोग प्राप्त हुने नै छ भन्ने विश्वास लिईएको छ ।

अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको हीत तथा भलाईका लागि आवश्यक कार्य गर्न नेपाल पूर्व सशस्त्र प्रहरी संघको स्थापना भएको हुँदा अवकाश भएर संघको सक्रिय सदस्यता लिन नभ्याउनु भएका अवकाश प्राप्त अधिकृत देखि परिचरसम्मलाई स्वैच्छिक रुपमा सक्रिय वा आजीवन सदस्यता लिएर संघमा आबद्ध भई परिचय पत्र बनाउन अवकाश प्राप्त कर्मचारीको कर्तव्य हो । संघको हाल बार्षिक रु २००/- (दुई सय मात्र) र आजीवन सदस्यता सक्रिय सदस्यता शुल्क रु ५,०००/- (पाँच हजार मात्र) लाग्ने हुन्छ । आजीवन सदस्यता लिए वापत स-सम्मान प्रमाण पत्र प्राप्त हुने र अन्य मानार्थ सदस्यताको हकमा कार्य समितिको निर्णयअनुसार हुने व्यवस्था विधान अनुसार केन्द्रीय कार्यकारिणी समितिले निर्धारण गरेको छ । संघमा आबद्धताले सदस्यहरुमा एक्लोपनबाट छुटकारा मिल्ने, बर्षौदेखिका पुराना साथिभाईहरु सँग भेटघाट, हाँसी खुशी वातावरणले स्वास्थ्यलाभ समेत हुने, जिम्मेवारी र आयु समेत बढने र अझ भन्नु पर्दा समाजमा अझ केही काम गर्न बाँकी छ, मेरो जिम्मेवारी पुरा भएको छैन भन्ने मनस्थिती बन्ने र शरीरमा एक किसिमको जोश जाँगरको उर्जा प्राप्त हुने सम्भावना रहन्छ ।

## उद्देश्यहरु :-

(क) यो संघ गैरनाफामुलक, गैरराजनीतिक तथा मुनाफारहित बहुउदेश्यीय जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) संघमा आवद्ध सेवानिवृत्त सशस्त्र प्रहरीहरुले सेवामा रहंदा आर्जेको अनुभव, ज्ञान, सीप योग्यता र दक्षतालाई राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकताको रक्षाका साथै जेष्ठ नागरिक, मानसिक तथा शारीरिक रुपमा अशक्त बालबालिका लगायत अवकाश प्राप्त सशस्त्र प्रहरीहरुका परिवारका हकहित एवं संरक्षण र सेवामा सहयोग गर्न संगठित रुपमा यो संघ प्रयासरत हुनेछ ।

(ग) संघले अवकाश प्राप्त सशस्त्र प्रहरीका आश्रित, बाल बालिका तथा जेष्ठ नागरिकको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने प्रयास गर्नेछ ।

(घ) जेष्ठ नागरिकहरु, पूर्व राष्ट्रसेवक, उनीहरुको परिवार एवं मुलुकका पिछडिएका वर्गलाई सहयोग र स्वरोजगारीका लागि विभिन्न किसिमका आयमुलक योजना तालिम र कार्यक्रमहरु संचालनका लागि प्रयास गर्नेछ ।

(ङ) संघले राष्ट्रलाई आवश्यक परेमा सुशासन स्थापित गर्न भरपर्दो सुरक्षा पद्धतिको विकास गर्न आवश्यकता अनुसार सशस्त्र प्रहरी बल लगायत सम्बन्धित निकाय र पदाधिकारीलाई सल्लाह र सुझाव दिनेछ ।

(च) संघले अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुका बीच एकता, भातृत्व, आपसी सहयोग र सद्भाव अभिवृद्धि गर्दै राष्ट्र र समाजप्रति उत्तरदायित्वबोध गर्ने र गराउनेछ र राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, अक्षुणता सार्वभौमिकताको जगेर्ना र राष्ट्रिय सुरक्षा कायम गर्नमा सहयोगीको रुपमा भूमिका खेल्ने प्रयास गर्नेछ ।

(छ) अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुले आर्जन गरेको अनुभव, ज्ञान सीप, योग्यता र क्षमतालाई राज्यका विभिन्न क्षेत्रमा उपयोग गराउदै राष्ट्रिय विकासका लागि आवश्यक पहल गर्ने र उपयुक्त भूमिकाको खोजी गर्नेछ ।

(ज) विश्वको बदलिंदो परिस्थितिअनुरुप पूर्व कर्मचारीहरुका समान प्रकृति र चरित्रका विधिसम्मत रुपमा गठित राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरुसंग मैत्रीपूर्ण सम्बन्ध, सद्भाव, अभिवृद्धि गर्दै मानव कल्याण एवं सामूहिकहितका लागि उपयुक्त कार्य सञ्चालन गर्न प्रयत्नरत रहनेछ ।

**वर्तमान कार्य समितिको गठन पछि संघबाट भए गरेका गतिविधिहरुको संक्षिप्त विवरण :**

१. मिति २०६७/०२/२९ गते दोस्रो नवगठित केन्द्रीय कार्य समितिको चयन ।

२. सदस्यहरुको परिचय पत्र बनाई सम्बन्धित सदस्यलाई उपलब्ध गराउने कार्यको थालनी ।

३. सदस्यता दर्ता किताव राखी फोटो र आवश्यक विवरण सहितको सदस्यता अभिलेख राख्ने कार्यको थालनी ।

४. व्यवस्थितरुपमा आजीवन र सक्रिय सदस्यता प्रदान गर्ने कार्यको थालनी ।

५. सदस्यहरुसँग नियमित सञ्चार सम्पर्कमा रहने र राय सुझावहरु प्राप्त गर्ने कार्यको थालनी ।

६. अक्षयकोष स्थापना गरी त्यसको व्याजबाट संघका गतिविधिहरु संचालन गर्ने व्यवस्थाको सुरुवात ।

७. संस्थापक सदस्य सचिव स्वर्गीय पोषेन्द्र ध्वज खाँणको धर्मपत्नीलाई घरमै गई संघको तर्फबाट समवेदना "**ताम्रपत्र**" प्रदान गरिएको ।

८. संघको कार्यालय संचालनको लागि अति आवश्यक कार्यालय सामाग्रीहरु जस्तै प्रिन्टर, फ्याक्स मेसिन, फोटोकपी मेसिन, फोनसेटहरु, मोटरसाईकल आदि सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट सहयोग स्वरुप प्राप्त गरिएको ।

९. अवकाश हुनुभन्दा अगाडि उपयुक्त किसिमको व्यवसायिक तालिम दिलाउने व्यवस्था मिलाउँदै जाने सम्बन्धमा प्रधान कार्यालयलाई लिखित अनुरोध गरिएको ।

१०. अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुलाई अस्पतालबाट हुन सक्ने सम्मका औषधी उपचारका लागि पनि प्रधान कार्यालयसँग अनुरोध गरिएको ।

११. अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको लागि आचार संहिता तयार गरी लागू गरिएको ।

१२. कल्याणकारी सेवा केन्द्रको सञ्चालक समितिमा संघको तर्फबाट पनि एकजना प्रतिनिधि संचालक राख्नको लागि प्रधान कार्यालयसँग लिखित अनुरोध गरिएको ।

१३. अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुलाई दुःख सुखमा आवश्यकता अनुसार सशस्त्र प्रहरी बलबाट हुन सक्ने सम्मका सहयोगहरु भेदभावरहित तवरबाट नजिकको इकाईबाटै उपलब्ध गराई सहयोग पुऱ्याउन अनुरोध गरिएकोमा यस सम्बन्धमा नीति निर्माणको प्रयास भई रहेको भन्ने जानकारी प्राप्त भएको ।

१४. संघको विधान २०६४ मा आवश्यकता अनुसार पहिलो संशोधन गरिएको ।

१५. अवकाश प्राप्त र वहालवाला सशस्त्र प्रहरी कर्मचारीका वाल बच्चाहरुको शिक्षा दिक्षामा सहयोग पुऱ्याउने उद्देश्यले ०६८/०५/२१ गते वाल दिवसको अवसरमा ए.पि.एफ. स्कुललाई रु २६,०००/- बराबरको तीन थान लकर खरिद गर्न रकम निकासा पठाईएको ।

१६. एघारौ सशस्त्र प्रहरी दिवस २०६८ का अवसरमा यस वर्ष दैवी प्रकोपको क्षेत्रमा उत्कृष्ट कार्य गरी संगठनको व्यवसायीक छविलाई अझ उचाईमा पुऱ्याउने आई डि नम्वर ३९९३३ स.प्र.ज. भीमसेन थापा, विन्दबासिनी गण चन्द्रौटा, कपिलवस्तुलाई अभिलेखमा समेत जनिने गरी सम्मान पत्र सहित रु.१०,००१/- नगद पुरस्कार प्रदान गरिएको ।

१७. संघको पाँचौ वार्षिक साधारण सभा तथा वार्षिक उत्सवका अवसरमा समाजका विभिन्न क्षेत्रको अनुभव, ज्ञान, सीपका धनी तथा युवा पुस्ताका मार्गदर्शक जेष्ठ नागरिकको सम्मान गर्नु सबैको कतर्व्य हुन आउँछ भने, नेपाल पूर्व सशस्त्र प्रहरी संघले पनि आफ्ना जेष्ठ सदस्यको क्रमिक रुपमा सम्मान गर्दै जाने नीति लिए अनुरुप संघका महासचिव स.प्र.व.उ.(अ.प्रा.) श्री धन बहादुर थापाज्यूलाई जेष्ठ सदस्यको रुपमा सम्मान गरिएको ।

१८. अवकाश प्राप्त खास गरेर तल्लो तहका सशस्त्र प्रहरी कर्मचारीको उपचारको लागि सानै भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले अक्षयकोष स्थापनार्थ नेपाल ए.पि.एफ.अस्पताललाई रु.१,११,१११।- रुपैयाँ बराबरको चेक हस्तान्तरण गरिएको ।

१९. सशस्त्र प्रहरी बल संगठनका कार्यक्रमहरुमा नेपाल पूर्व सशस्त्र प्रहरी संघको सहभागिता गराउँदै लैजाने उदेश्य अनुरुप १२ औं सशस्त्र प्रहरी दिवस २०६९ का अवसरमा दैवि प्रकोप उद्धार कार्यमा उल्लेखनीय योगदान पुऱ्याउने सशस्त्र प्रहरी बल गुहेश्वरी गण दुवाकोट भक्तपुरका आई.डि.नं. २०४३९ का स.प्र.स.ह. बलराम अधिकारीलाई संघका तर्फबाट नगद रु.१०,००१ ।- का साथै सम्मान पत्रद्वारा सम्मान गरिएको ।

२०. नेपाल पूर्व सशस्त्र प्रहरी संघबाट आठौं राष्ट्रव्यापी कृष्णमोहन स्मृती खुल्ला व्याडमिन्टन प्रतियोगितामा उच्चतम स्थानमा पुग्न सफल खेलाडी संघका सल्लाहकार एवं आजीवन सदस्य स.प्र.ना.म.नि.(अ.प्रा.) श्री महेन्द्र कुमार भट्टचन लाई नगद रु.५०००।- र संघको लोगोद्वारा पुरस्कृत गरिएको ।

२१. बहालवाला तथा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीका बालबच्चाहरुको शिक्षा दिक्षामा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल पूर्व सशस्त्र प्रहरी संघले नेपाल ए.पि.एफ. स्कूललाई सहयोग स्वरुप सोफासेट खरिद गर्नको लागि रु.२५,०००।- रुपैयाँ बराबरको चेक विद्यालयका प्रधानध्यापकज्यूलाई हस्तान्तरण गरिएको ।

२२. नेपाल पूर्व सशस्त्र प्रहरी संघबाट नवौं राष्ट्रव्यापी कृष्णमोहन स्मृती खुल्ला व्याडमिन्टन प्रतियोगितामा उच्चतम स्थानमा पुग्न सफल खेलाडी संघका सल्लाहकार एवं आजीवन सदस्य स.प्र.ना.म.नि.(अ.प्रा.) श्री माधव बहादुर थापाज्यूलाई नगद रु.५,०००।- र संघको लोगोद्वारा पुरस्कृत गरिएको ।

२३. अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको मृत्यु भएमा नजिकको सशस्त्र प्रहरी इकाई वाटै दाहा संस्कार एवं क्रिया खर्च वापत कल्याणकारी सेवा केन्द्रबाट रु. १५,०००/- सहयोग स्वरुप प्राप्त हुने व्यहारा पनि जानकारी गराइएको छ ।

२४. संघको केन्द्रीय कार्यालय मिटिङ्ग हल लगायत आवश्यक पुर्वाधारहरुको पनि उपयुक्त ढंगले विकास गर्दै लगिएको ।

## वर्तमान केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीहरु
## (२०६७/०२/२९ - २०७१/०२/२८)

| | | | | |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री बासुदेव वली | स.प्र.म.नि.(अ.प्रा.) | |
| २. | प्रथम उपाध्यक्ष | श्री रोहित थापा | स.प्र.अ.म.नि. (अ.प्रा.) | |
| ३. | उपाध्यक्ष | श्री प्रकाश बहादुर थापा | स.प्र.ब.उ.(अ.प्रा.) | |
| ४. | महासचिव | श्री धन बहादुर थापा | स.प्र.ब.उ.(अ.प्रा.) | |
| ५. | सचिव | श्री भीम बहादुर पन्थ | स.प्र.उ.(अ.प्रा.) | |
| ६. | सचिव | श्री बलराम तिमिल्सिना | स.प्र.ना.उ.(अ.प्रा.) | |
| ७. | कोषाध्यक्ष | श्री महेन्द्र बहादुर कार्की | स.प्र.ना.उ.(अ.प्रा.) | |
| ८. | सह-कोषाध्यक्ष | श्री बालकृष्ण खकुरेल | स.प्र.ना.उ.(अ.प्रा.) | (२०६९/६/२५ सम्म) |
| | | श्री अर्जुन बहादुर रावल | स.प्र.ना.उ.(अ.प्रा.) | (२०६९/६/२६ देखि) |
| ९. | सदस्य | श्री श्यामकृष्ण कर्माचार्य | स.प्र.ना.म.नि.(अ.प्रा.) | |
| १०. | सदस्य | श्री नवराज विष्ट | स.प्र.ना.म.नि.(अ.प्रा.) | |
| ११. | सदस्य | श्री अजय कुमार सिंह | स.प्र.उ.(अ.प्रा.) | |
| १२. | सदस्य | श्री बुद्धि बहादुर श्रेष्ठ | स.प्र.ना.उ.(अ.प्रा.) | |
| १३. | सदस्य | श्री गोपालप्रसाद वि.क. | स.प्र.ना.उ.(अ.प्रा.) | |
| १४. | सदस्य | श्री राजेन्द्रबहादुर सिंह | स.प्र.ब.उ. (अ.प्रा.) | (२०६९/६/२५ सम्म) |
| | | श्री कृष्णराज खतिवडा | स.प्र.नि.(अ.प्रा.) | (२०६९/६/२६ देखि) |
| १५. | सदस्य | श्री अर्जुन ढुङ्गाना | का.मु.स.प्र.नि.(अ.प्रा.) | |
| १६. | सदस्य | श्री राजु कार्की | स.प्र.ना.नि.(अ.प्रा.) | |
| १७. | सदस्य | श्री लक्ष्मण चौधरी | स.प्र.स.ह.(अ.प्रा.) | |

## प्रथम कार्यकारिणी समितिका पदाधिकारीहरु
## (२०६४/०६/२७ - २०६७/०२/२८)

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री सहवीर थापा | स.प्र.म.नि.(अ.प्रा.) |
| २. | उपाध्यक्ष | श्री ज्ञानेन्द्रराज राई | स.प्र.ना.म.नि.(अ.प्रा.) |
| ३. | उपाध्यक्ष | श्री दिलिपकुमार श्रेष्ठ | स.प्र.ना.म.नि.(अ.प्रा.) |
| ४. | सचिव | श्री पोषेन्द्रध्वज खाँण | का.मु.स.प्र.ब.उ.(अ.प्रा.) |
| ५. | सह-सचिव | श्री अर्जुन पाण्डे | स.प्र.ना.नि.(अ.प्रा.) |
| ६. | कोषाध्यक्ष | श्री शिवराज गौली | स.प्र.ना.म.नि.(अ.प्रा.) |
| ७. | सह-कोषाध्यक्ष | श्री बालकृष्ण खकुरेल | स.प्र.ना.उ.(अ.प्रा.) |
| ८. | सदस्य | श्री गोपालमान श्रेष्ठ | स.प्र.ना.म.नि.(अ.प्रा.) |
| ९. | सदस्य | श्री धनबहादुर थापा | स.प्र.ब.उ.(अ.प्रा.) |
| १०. | सदस्य | श्री प्रकाश बहादुर थापा | स.प्र.ब.उ.(अ.प्रा.) |
| ११. | सदस्य | श्री दिलबहादुर दर्नाल | स.प्र.ना.नि.(अ.प्रा.) |
| १२. | सदस्य | श्री तिलकबहादुर गुरुङ्ग | स.प्र.ब.ह.(अ.प्रा.) |
| १३. | सदस्य | श्री लक्ष्मण चौधरी | स.प्र.स.ह.(अ.प्रा.) |

# संघद्धारा सम्पादित क्रियाकलापहरू:-


## क) परिचय पत्रको नमूना


नेपाल पूर्व सशस्त्र प्रहरी संघ
स्वयम्भू, हलचोक, काठमाडौं
परिचय-पत्र

सि.नं. : २१
नाम : बलराम तिमिल्सीना
पद : सशस्त्र प्रहरी नायव उपरीक्षक (अ.प्रा.)
आजीवन सदस्य एवम् सचिव - नेपाल पूर्व सशस्त्र प्रहरी संघ
नागरिकता नं. : १०३० / स्याङ्गजा
जन्म मिति : २०२०/०३/२१ रक्त समूह : O+ve
जारी मिति : २०६७/२/३० मोवाइल नं. : ९८५१०२९७२२

वाहकको दस्तखत
प्रमाणित गर्नेको दस्तखत

यो परिचय-पत्र फेला परेमा नजिकको सशस्त्र प्रहरी वा प्रहरी कार्यालयमा बुझाईदिनु होला ।


Nepal Ex-Armed Police Association
Swayambhu, Halchowk, Kathmandu
IDENTITY CARD

S.N. : 21
Name : Balram Timilsina
Designation : Deputy Superintendent of APF (Retd.)
Life Member & Secretary - Nepal Ex-A.P. Association
Citizenship No. : 1030 / Syangja
Date of Birth : 2020/03/21 Blood Group : O+ve
Issue Date : 2067/2/29 Cell No. : 9851029722

Card Holder
Authorized Sign.

If this card found please return to near Armed Police Force Office or Police Office

## ख) आजीवन सदस्यलाई प्रदान गरिने प्रमाण-पत्रको नमूना


नेपाल पूर्व सशस्त्र प्रहरी संघ
केन्द्रीय कार्यालय
हलचोक, स्वयम्भू, काठमाण्डौं
आजीवन सदस्यता प्रमाण-पत्र

फोटो

.................................. (अ.प्रा.)
श्री..................................
..................................

फोन : ०१-४२८३४४०
मिति : २० / /

सशस्त्र प्रहरी बलमा अनवरत रुपमा सेवा गरी उक्त संगठनको ऐन, नियम अनुसार सम्मानजनक रुपमा अवकाश प्राप्त गरेका सशस्त्र प्रहरीहरुका बीच एकता, भातृत्व, सहयोग र सद्भावना जागृत गराई, सदा स्वतन्त्र न्यायको पक्षमा रही, आफ्नो वर्गीय हक हितको संरक्षण गर्ने, त्यस्तै पूर्व सशस्त्र प्रहरी र आश्रित परिवारहरुको सामाजिक र आर्थिक स्तरको अभिवृद्धि गराउँदै लैजान एउटा अनुशासित, जिम्मेवार सशक्त र गतिशील एवम् प्रभावकारी संस्थाको आवश्यकता महशुस गरी प्रजातान्त्रिक मूल्य मान्यता अनुरुप गतिशील नेतृत्वदायी भूमिका अगिकार गर्ने उद्देश्यले प्रचलित कानुन अनुसार २०६४ आश्विन २७ गते स्थापना गरिएको नेपाल पूर्व सशस्त्र प्रहरी संघमा आवद्ध भई सक्रियतापूर्वक संघको उद्देश्य प्राप्तिमा उल्लेखनीय योगदान पुऱ्याउनु भएकोमा यहाँलाई हार्दिक धन्यवाद सहित, स-सम्मान यो आजीवन सदस्यताको प्रमाण-पत्र प्रदान गरिएको छ ।

महासचिव
प्रथम उपाध्यक्ष
अध्यक्ष

## ग) जेष्ठ सदस्यलाई प्रदान गरिने सम्मान-पत्रको नमूना

# नेपाल पूर्व सशस्त्र प्रहरी संघ

केन्द्रीय कार्यालय

हलचोक, स्वयम्भू, काठमाण्डौं

फोटो

## सम्मान-पत्र

महासचिव,
श्रीमान् धन बहादुर थापाज्यू,
सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक (अ.प्रा.)
कुलेश्वर, काठमाण्डौं, नेपाल ।

फोन : ०१-४२८३४४०
मिति : २०६९/०६/२६

समाजका विभिन्न क्षेत्रको अनुभव, ज्ञान र सीपका धनी तथा युवापुस्ताका लागि मार्गदर्शक जेष्ठ नागरिकको सम्मान गर्नु सबैको कर्तब्य हुन आउछ भने, नेपाल पूर्व सशस्त्र प्रहरी संघले पनि आफ्ना जेष्ठ सदस्यको क्रमिक रुपमा सम्मान गर्दै जाने नीति लिए अनुरुप संघको पाचौँ वार्षिक दिवसको अवसरमा यहाँलाई जेष्ठ सदस्यको रुपमा सम्मान गर्ने भनी मिति २०६९/०६/२४ गते बसेको समितिको विशेष बैठकले निर्णय गरेको हुँदा भावी जीवन सुखमय रहोस् भन्ने शुभ-कामना र बधाई सहित यो सम्मान-पत्र प्रदान गरिएको छ ।

बासु देव वली
अध्यक्ष
स.प्र.म.नि.(अ.प्रा.)


**हाम्रा सेवाहरू**

★ ग्याँस सिलिण्डर

★ ग्याँस चुल्हो

★ रेगुलेटर

★ ग्याँस पाइप

★ लाइटर

★ जार पानीको लागि सम्पर्क गर्नुहोला ।



**RaRa A.D.S. Interprises**

कपन-१, राष्ट्रिय ह्याण्डबल ग्राउण्ड

फोन : ९७४१०३४७४३, ९८१३१५३३०१



आठौं राष्ट्रव्यापी कृष्णमोहन स्मृती खुल्ला व्याडमिन्टन प्रतियोगितामा संघका सहभागी खेलाडीहरु मध्ये उच्चतम स्थानमा पुग्न सफल खेलाडी संघका सल्लाहकार एवं आजीवन सदस्य स.प्र.ना.म.नि.(अ.प्रा.) श्री महेन्द्रकुमार भट्टचनलाई मायाको चिनो सहित नगद रु.५०००।- प्रदान गर्नु हुँदै संघका अध्यक्ष स.प्र.म.नि.(अ.प्रा.) श्री बासुदेव वलीज्यू ।



नेपाल पूर्व सशस्त्र प्रहरी संघका संस्थापक सचिव स.प्र.ब.उ.(अ.प्रा.) स्व. पोषेन्द्रध्वज खाँडज्यूको वार्षिक पुन्यतिथिमा नेपाल पूर्व सशस्त्र प्रहरी संघद्वारा उहाँकी धर्मपत्नीलाई समवेदना-पत्र प्रदान गर्नुहुँदै संघका अध्यक्ष स.प्र.म.नि.(अ.प्रा.) श्री बासुदेव वलीज्यू ।




नेपाल पूर्व सशस्त्र प्रहरी संघका अध्यक्ष श्री बासुदेव वलीज्यूलाई अक्षय कोष स्थापनार्थ रु. २०,००,०००/- (बीस लाख मात्र) को चेक हस्तान्तरण गर्नु हुँदै तत्कालीन स.प्र.म.नि.श्री सनतकुमार बस्नेतज्यू ।



नेपाल पूर्व सशस्त्र प्रहरी संघको नयाँ कार्यालय उद्घाटन सहित हस्तान्तरण गर्नु हुँदै तत्कालीन स.प्र.म.नि. श्री शैलेन्द्रकुमार श्रेष्ठज्यू ।



११ औं सशस्त्र प्रहरी दिवस २०६८ का अवसरमा दैवी प्रकोप उद्धार कार्यमा उल्लेखनीय योगदान पुऱ्याउने आई.डि.नं. ३९९३३ का स.प्र.ज. भीमसेन थापालाई संघका तर्फबाट सम्मान सहित नगद रु.१०,००१ ।- प्रदान गर्नु हुँदै नेपाल पूर्व सशस्त्र प्रहरी संघका प्रथम उपाध्यक्ष सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (अ.प्रा.) श्री रोहित थापाज्यू ।



नेपाल ए.पि.एफ. स्कुललाई विद्यार्थीको दैनिक उपयोगमा आउने स्टिल लकर थान - ३ विद्यालयका प्रधानध्यापकज्यूलाई संघको तर्फबाट हस्तान्तरण गर्नु हुँदै संघका सचिव सशस्त्र प्रहरी उपरीक्षक (अ.प्रा.) श्री भीमबहादुर पन्थज्यू ।




अवकाश प्राप्त खास गरेर तल्लो तहका सशस्त्र प्रहरी कर्मचारीको उपचारको लागि सानै भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले अक्षयकोष स्थापनार्थ नेपाल ए.पि.एफ.अस्पताललाई पछि थप गर्दै जाने गरी रु.१,११,१११।- रुपैयाँको चेक हस्तान्तरण गर्नु हुँदै संघका अध्यक्ष सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा.) श्री बासु देव वलीज्यू ।



११ औं सशस्त्र प्रहरी दिवस २०६८ का अवसरमा दैवी प्रकोप उद्धार कार्यमा उल्लेखनीय योगदान पुऱ्याउने आई.डि.नं. २०४३९ का स.प्र.स.ह. बलराम अधिकारीलाई संघका तर्फबाट सम्मान सहित नगद रु.१०,००१ ।- प्रदान गर्नु हुँदै नेपाल पूर्व सशस्त्र प्रहरी संघका अध्यक्ष सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा.) श्री बासुदेव वलीज्यू ।



नेपाल ए.पि.एफ. स्कुललाई सहयोग स्वरुप सोफासेट खरिद गर्नको लागि विद्यालयका नि. प्रधानाध्यापकज्यूलाई रु.२५,०००।- रुपैयाँको चेक संघको तर्फबाट हस्तान्तरण गर्नु हुँदै संघका सचिव सशस्त्र प्रहरी उपरीक्षक (अ.प्रा.) श्री भीमबहादुर पन्थज्यू ।




आठौं राष्ट्रव्यापी कृष्णमोहन स्मृती खुल्ला व्याडमिन्टन प्रतियोगितामा संघका सहभागी खेलाडीहरु मध्ये उच्चतम स्थानमा पुग्न सफल खेलाडी संघका सल्लाहकार एवं आजीवन सदस्य स.प्र.ना.म.नि.(अ.प्रा.) श्री माधवबहादुर थापालाई मायाको चिनो सहित नगद रु.५०००।- प्रदान गर्नु हुँदै संघका अध्यक्ष स.प्र.म.नि.(अ.प्रा.) श्री बासुदेव वलीज्यू ।



नेपाल पूर्व सशस्त्र प्रहरी संघले आफ्ना जेष्ठ सदस्यको क्रमिक रुपमा सम्मान गर्दै जाने नीति लिए अनुरुप संघको पाँचौ वार्षिक दिवसको अवसरमा संघका महासचिव स.प्र.ब.उ. (अ.प्रा.) श्री धनबहादुर थापाज्यूलाई जेष्ठ सदस्यको रुपमा सम्मान गर्नु हुदै कार्यक्रमका मुख्य अतिथि संगठन प्रमुख स.प्र.म.नि.श्री कोषराज वन्तज्यू ।

## ध्यान दिनुपर्ने कुरा

१. सलाई व लाइटर बालेपछि ग्याँस रेगुलेटरको नभ खोल्नुहोस् । लाइटरको प्रयोग सकेसम्म नगर्नुहोस् ।
२. रेगुलेटर बन्द गरेपछि मात्र चुलोको नभ बन्द गर्नुहोस् ।
३. समय-समयमा पाइप ठीक भए-नभएको चेक गर्नुहोस् ।
४. पाइप नजिक धारिलो वस्तु तथा आगो नराख्नुहोस् ।
५. सिलिन्डर सधैं सिधा (नलडाई) राख्नुहोस् ।
६. चुलो सधैं सिलिन्डरभन्दा अग्लो ठाउँमा राख्नुहोस् ।
७. सिलिन्डर खालि राख्दा सेफ्टी क्याप लगाएर राख्नुहोस् ।
८. ग्याँस सिलिन्डर बन्द ठाउँ वा बाकसमा नराख्नुहोस् ।
९. चुलो तथा सिलिन्डर आफै मर्मत नगर्नुहोस् र सुरक्षा तालिम प्राप्त डिलरसँग मात्र ग्याँस खरिद तथा मर्मत गर्नुहोस् ।
१०. पकाउने काम सकेपछि रेगुलेटर बन्द गर्नुहोस् ।
११. रेगुलेटर ओसिलो/पानी भएको ठाउँमा नराख्नुहोस् ।
१२. खाना पकाउने बेला सूती कपडाको एप्रोन प्रयोग गर्नुहोस् ।



पूरा तौल र पूर्ण सुरक्षाका लागि
गिता ग्याँस प्रयोग गरौं ।
गिता ग्याँस उद्योग प्रा.लि.
गजुरी-१, धादिङ

# समय र आर्थिक अवस्था अनुकूल भएमा सञ्चालन गरिने कार्यहरू

१) संघका पदाधिकारी एवं सदस्यहरुका परिवारहरुको भेटघाट, पुनर्मिलन, पिकनिक एवं सांस्कृतिक वनभोज कार्यक्रमहरुको आयोजनाले पनि अवकाश प्राप्त जीवनमा एक किसिमको उर्जा प्राप्त हुने भएकाले दशैं तिहारको अवसरमा उपयुक्त दिन पारेर यस्तो कार्यक्रमको आयोजना गर्ने परिपाटी बसाल्ने ।

२) तिजको अवसरमा वा अन्य कुनै उपयुक्त समयमा संघका पदाधिकारीहरु एवं सदस्यहरुका परिवार (श्रीमती) हरुद्वारा संयुक्तरुपमा धार्मिक अनुष्ठान पूजाको आयोजना गर्दा पूर्व स.प्र.क.हरुको परिवारहरुमा पनि पुनर्मिलन एवं एक किसिमको उत्साह पैदाहुने भएकाले वर्षमा एकपटक यस्तो कार्यक्रमको पनि आयोजना गर्ने परिपाटी बसाल्ने ।

३) सशस्त्र प्रहरी बलका स्कूल तथा अस्पतालहरुको बार्षिक उत्सवहरुमा उक्त ईकाइहरुसंग समन्वय गरी आर्थिक अवस्थाले भ्याएसम्म अस्पताललाई ह्वील चियर, औषधि, रक्तदान र स्कूललाई उत्कृष्ट, जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्ति तथा कम्प्यूटर र शैक्षिक सामाग्री प्रदान गर्ने व्यवस्था मिलाउने ।

४) दिवंगत तथा विरगति प्राप्त गरी दिवंगत स.प्र.क.हरुका परिवारहरुलाई पनि संघमा आवद्ध गराउँदै लैजाने ।

५) कल्याणकारी सेवा केन्द्रसँग समन्वय गरी विविध आर्थिक गतिविधिहरु सञ्चालन गर्ने तर्फ समन्वय गर्दै जाने ।


६) बर्गीय हक हीत एवम वीरगती प्राप्त तथा अवकाश प्राप्त असहाय कर्मचारीका बालवच्चाको शिक्षा दिक्षामा सहयोग पुर्‍याउने तर्फ आवश्यक व्यवस्थापन गर्दै जाने ।

७) संघको हितमा महत्वपूर्ण योगदान दिने सदस्यहरुलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिने ।



# फोटो फेर्नु पर्ने


## संस्थापक अध्यक्षज्यूको योगदान



**संस्थापक अध्यक्ष**
**स.प्र.म.नि. (अ.प्रा.) स्व. सहवीर थापा**

स्वर्णिम ईतिहास बोकेको संगठन नेपाल प्रहरीबाट सेवा परिवर्तन गरी नवगठित सशस्त्र प्रहरी बलमा स्थानान्तरण भई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बहाल रहँदा संगठनको संगठनात्मक सुदृढीकरणमा दृढ अठोटका साथ अविचलित रुपमा अग्रसर हुनु भएकाले नै नितान्त नविन सोचका साथ स्थापित अर्ध सैनिक प्रकृतिको संगठनले नेपालमा मात्र होइन कि विश्व परिवेशमा समेत अमीट छाप छोड्न सफल भएको हो। सोही क्रममा संगठनलाई साधन स्रोत सम्पन्न तुल्याउने अठोटका साथ कर्तव्यरत रहँदै गर्दा नवगठित संगठनको उन्नति प्रगति देख्न नचाहने कुत्सीत मनसायले अभिप्रेरित व्यक्ति समूहको कायरतापूर्ण आक्रमणमा तत्कालिन संगठन प्रमुख अमरत्व प्राप्त गर्नु भए पश्चात उहाँले शुरु गर्नु भएका भौतिक संरचना निर्माणलाई तदारुक्ता दिँदै नवगठित संगठनलाई अग्र पंक्तिमा उभ्याउन सफल तत्कालीन संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा.) स्व. सहवीर थापाले अवकाश पश्चात् पनि छरिएर रहेका पूर्व कर्मचारीहरुलाई एकतावद्ध गरी पूर्व कर्मचारीहरु तथा तीनका परिवारहरुको हक हितमा संगठित रुपमा अघि बढ्न नेपाल पूर्व सशस्त्र प्रहरी संघको गठन गर्नु भएको थियो।

# वर्तमान अध्यक्षज्यूको योगदान



**अध्यक्ष**
**स.प्र.म.नि.(अ.प्रा.) बासुदेव वली**

मुलुकको शान्ति सुरक्षाको स्थिति अत्यन्त नाजुक अवस्थामा पुगेको र आन्तरिक शान्ति सुरक्षा कायम गर्ने सन्दर्भलाई मध्येनजर गरी सशस्त्र प्रहरी बल स्थापना भएता पनि स्थापना कालसँगै द्वन्द्वात्मक गतिविधिलाई नियन्त्रण गर्नु अपरिहार्य भएकाले नवगठित संगठन समेत परिचालित हुनु पर्ने बाध्यात्मक अवस्थाले गर्दा संगठनको संगठनात्मक सुदृढीकरण तथा भौतिक पूर्वाधार निर्माणले पूर्णता पाउन नसकेको अवस्थामा २०६२/०६३ को जनआन्दोलन र त्यसपछिको मधेस आन्दोलनले उग्ररुप लिँदा सोही प्रयोजनमा परिचालित हुनु परेकोले रोकिएको संगठनात्मक सुदृढीकरणको दिशामा तत्कालीन संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक बासुदेव वलीको कार्यकाल सफल रह्यो । जनआन्दोलन पश्चात् गठित सर्वदलीय संयन्त्रको सहमतिमा सीमा सुरक्षा विभाग स्थापना गरी सोही विभागको मातहतमा तराईका जिल्लाहरुमा सीमा सुरक्षा कार्यालय तथा बोर्डर आउट पोष्ट (BOP) का लागि नयाँ जनशक्ति थप हुनु संगठनको ठूलै सफलता मान्नु पर्छ । ईतिहासमै पहिलो पटक नेपाली सेनाको परिचालन विनानै तत्कालीन संगठन प्रमुख वर्तमान नेपाल पूर्व सशस्त्र प्रहरी संघका अध्यक्ष स.प्र.म.नि.(अ.प्रा.) बासुदेव वलीको नेतृत्वमा रहेको सशस्त्र प्रहरी बलको मुख्य भूमिकामा नेपाल प्रहरीको सहयोगमा नेपालको ईतिहासकै पहिलो संविधान सभाको निर्वाचन सम्पन्न हुनुलाई संगठनकै सफलता मान्नु पर्छ ।

# वर्तमान कार्य समिति



अध्यक्ष
**श्री बासुदेव वली**
स.प्र.म.नि. (अ.प्रा.)



प्रथम उपाध्यक्ष
**श्री रोहित थापा**
स.प्र.ना.अ.म.नि. (अ.प्रा.)



उपाध्यक्ष
**श्री प्रकाशबहादुर थापा**
स.प्र.ब.उ. (अ.प्रा.)



महासचिव
**श्री धनबहादुर थापा**
स.प्र.ब.उ. (अ.प्रा.)



सचिव
**श्री भीमबहादुर पन्थ**
स.प्र.उ. (अ.प्रा.)



सचिव
**श्री बलराम तिमिल्सिना**
स.प्र.ना.उ. (अ.प्रा.)



कोषाध्यक्ष
**श्री महेन्द्रबहादुर कार्की**
स.प्र.ना.उ. (अ.प्रा.)



सह-कोषाध्यक्ष
**श्री अर्जुनबहादुर रावल**
स.प्र.ना.उ. (अ.प्रा.)

## सदस्यज्यूहरु



श्री श्यामकृष्ण कर्माचार्य
स.प्र.ना.म.नि. (अ.प्रा.)



श्री नवराज विष्ट
स.प्र.ना.म.नि. (अ.प्रा.)



श्री अजयकुमार सिंह
स.प्र.उ. (अ.प्रा.)



श्री गोपालप्रसाद वि.क.
स.प्र.ना.उ. (अ.प्रा.)



श्री बुद्धिबहादुर श्रेष्ठ
स.प्र.ना.उ. (अ.प्रा.)



श्री कृष्णराज खतिवडा
स.प्र.नि. (अ.प्रा.)



श्री अर्जुन ढुङ्गाना
का.मु.स.प्र.नि. (अ.प्रा.)



श्री राजु कार्की
स.प्र.ना.नि. (अ.प्रा.)



श्री लक्ष्मण चौधरी
स.प्र.स.ह. (अ.प्रा.)

# आजीवन सदस्यहरू

| सि.नं. | अवकाश प्राप्त हुँदाको दर्जा | नामथर | ठेगाना |
|---|---|---|---|
| १) | स.प्र.म.नि.(अ.प्रा.) | बासु देव वली | मैतिदेवी |
| २) | स.प्र.म.नि.(अ.प्रा.) | सनतकुमार वस्नेत | बुढानिलक |
| ३) | का.मु.स.प्र.म.नि.(अ.प्रा.) | किशोरकुमार लामा | बौद्ध |
| ४) | स.प्र.म.नि.(अ.प्रा.) | शैलेन्द्रकुमार श्रेष्ठ | वसुन्धारा |
| ५) | स.प्र.अ.म.नि.(अ.प्रा.) | रोहित थापा | हेपाली हाईट |
| ६) | स.प्र.अ.म.नि.(अ.प्रा.) | नारायणराज पाण्डे | बुढानिलकण्ठ |
| ७) | स.प्र.अ.म.नि.(अ.प्रा) | कृष्णबहादुर विष्ट | चाकुपाट |
| ८) | स.प्र.ना.म.नि.(अ.प्रा.) | गोपालमान श्रेष्ठ | कोटेश्वर |
| ९) | स.प्र.ना.म.नि.(अ.प्रा.) | शिवराज गौली | ईटालीटार |
| १०) | स.प्र.ना.म.नि.(अ.प्रा.) | दिलिपकुमार श्रेष्ठ | सुकेधारा |
| ११) | स.प्र.ना.म.नि.(अ.प्रा.) | श्यामकृष्ण कर्माचार्य | मालीगाउँ |
| १२) | स.प्र.ना.म.नि.(अ.प्रा.) | नवराज विष्ट | बानेश्वर |
| १३) | स.प्र.ना.म.नि.(अ.प्रा.) | राजकुमार राना | गोल्फुटार |
| १४) | स.प्र.ना.म.नि.(अ.प्रा.) | माधवबहादुर थापा | धुम्बराही |
| १५) | स.प्र.ना.म.नि.(अ.प्रा.) | महेन्द्रकुमार भट्टचन | गल्फुटार |
| १६) | स.प्र.ना.म.नि.(अ.प्रा.) | कमल वस्नेत | शान्तिनगर |
| १७) | स.प्र.ब.उ.(अ.प्रा.) | धनबहादुर थापा | कुलेश्वर |
| १८) | स.प्र.ब.उ.(अ.प्रा.) | छत्रबहादुर प्रधान | चावहिल |
| १९) | स.प्र.ब.उ.(अ.प्रा.) | सूर्यप्रसाद श्रेष्ठ | विराटनगर |
| २०) | स.प्र.ब.उ.(अ.प्रा.) | राजन थापा | धुम्वराही |
| २१) | स.प्र.ब.उ.(अ.प्रा.) | राजेन्द्रबहादुर सिंह | धुम्बराही |
| २२) | स.प्र.ब.उ.(अ.प्रा.) | प्रल्हाद के.सी. | ईमाडोल |
| २३) | स.प्र.उ.(अ.प्रा.) | विकास श्रेष्ठ | सुकेधारा |
| २४) | स.प्र.उ.(अ.प्रा.) | अजयकुमार सिंह | ईमाडोल |
| २५) | स.प्र.उ.(अ.प्रा.) | रामविलास दास | थानकोट |
| २६) | स.प्र.उ.(अ.प्रा.) | भीमबहादुर पन्थ | सतुंगल |
| २७) | स.प्र.उ.(अ.प्रा.) | लक्ष्मण सिलवाल क्षेत्री | म्हैपी |
| २८) | स.प्र.उ.(अ.प्रा.) | दिलिपबहादुर वस्न्यात | चण्डोल |
| २९) | स.प्र.ना.उ.(अ.प्रा.) | महेन्द्रबहादुर कार्की | बनस्थली |

| सि.नं. | अवकाश प्राप्त हुँदाको दर्जा | नामथर | ठेगाना |
|---|---|---|---|
| ३०) | स.प्र.ना.उ.(अ.प्रा.) | बलराम तिमिल्सिना | स्वयम्भु |
| ३१) | स.प्र.ना.उ.(अ.प्रा.) | तिलबहादुर गुरुङ्ग | गोंगबु |
| ३२) | स.प्र.ना.उ.(अ.प्रा.) | बालकृष्ण खकुरेल | सुकेधारा |
| ३३) | स.प्र.ना.उ.(अ.प्रा.) | बुद्धिबहादुर श्रेष्ठ | बलम्बु |
| ३४) | स.प्र.ना.उ.(अ.प्रा.) | भगवान श्रेष्ठ | स्यूचाटार |
| ३५) | स.प्र.ना.उ.(अ.प्रा.) | गोपालप्रसाद वि.के. | कोटेश्वर |
| ३६) | स.प्र.ना.उ.(अ.प्रा.) | रामजी अधिकारी क्षेत्री | लोकन्थली |
| ३७) | स.प्र.ना.उ.(अ.प्रा.) | रुद्रबहादुर पुलामी | त्रिसुली |
| ३८) | स.प्र.ना.उ.(अ.प्रा.) | खिलानाथ खतिवडा | बालकोट |
| ३९) | स.प्र.ना.उ.(अ.प्रा.) | अर्जुनबहादुर रावल | गोल्फुटार |
| ४०) | स.प्र.ना.उ.(अ.प्रा.) | लालबहादुर पोखरेल | महाराजगंज |
| ४१) | स.प्र.नि.(अ.प्रा.) | राजन पौडेल | बालकोट |
| ४२) | स.प्र.नि.(अ.प्रा.) | देबराज भण्डारी | स्वयम्भु |
| ४३) | स.प्र.नि.(अ.प्रा.) | दिपकराज पन्त | लोकन्थली |
| ४४) | का.मु.स.प्र.नि.(अ.प्रा.) | राजेश भारती | कपन |
| ४५) | का.मु.स.प्र.नि.(अ.प्रा.) | अर्जुन प्रसाद ढुंगाना | बाफल |
| ४६) | स.प्र.नि.(अ.प्रा.) | पारसमणी रोकाया | स्वयम्भु |
| ४७) | स.प्र.नि.(अ.प्रा.) | शान्तमान श्रेष्ठ | स्वयम्भु |
| ४८) | स.प्र.नि.(अ.प्रा.) | केशव कुमार श्रेष्ठ | कोटेश्वर |
| ४९) | स.प्र.नि.(अ.प्रा.) | भीमसेन थापा | विदुर |
| ५०) | स.प्र.नि.(अ.प्रा.) | नन्द किशोर वस्नेत | वनस्थली |
| ५१) | स.प्र.नि.(अ.प्रा.) | कृष्णराज खतिवडा | स्वयम्भु |
| ५२) | स.प्र.नि.(अ.प्रा.) | नारायणबहादुर थापा | नुवाकोट |
| ५३) | स.प्र.नि.(अ.प्रा.) | गोपालध्वज अधिकारी | कलंकी |
| ५४) | स.प्र.ना.नि.(अ.प्रा.) | राजु कार्की | सुकेधारा |
| ५५) | स.प्र.स.नि.(अ.प्रा) | तिलकबहादुर खड्का | स्वयम्भु |
| ५६) | स.प्र.ह.(अ.प्रा.) | सन्तोष श्रेष्ठ | स्यूचाटार |
| ५७) | स.प्र.ज.(अ.प्रा.) | मन्धिरसिंह साउद | वानेश्वर |
| ५८) | स.प्र.ज.(अ.प्रा.) | गंगादत्त पुडासैनी | हेटौडा |

# नेपाल पूर्व सशस्त्र प्रहरी संघका सल्लाहकार सदस्यहरू



वरिष्ठ सल्लाहकार
**श्री सनत कुमार बस्नेत**
स.प्र.म.नि. (अ.प्रा.)



वरिष्ठ सल्लाहकार
**श्री किशोरकुमार लामा**
का.मु.स.प्र.म.नि. (अ.प्रा.)



वरिष्ठ सल्लाहकार
**श्री शैलेन्द्रकुमार श्रेष्ठ**
स.प्र.म.नि. (अ.प्रा.)



**श्री रविराज थापा**
स.प्र.अ.म.नि. (अ.प्रा.)



**श्री नारायणराज पाण्डे**
स.प्र.अ.म.नि. (अ.प्रा.)



**श्री कृष्णबहादुर विष्ट**
स.प्र.अ.म.नि. (अ.प्रा.)



**श्री गोपालमान श्रेष्ठ**
स.प्र.ना.म.नि. (अ.प्रा.)



**श्री ज्ञानेन्द्रराज राई**
स.प्र.ना.म.नि. (अ.प्रा.)



**श्री दिलिपकुमार श्रेष्ठ**
स.प्र.ना.म.नि. (अ.प्रा.)



**श्री शिवराज गौली**
स.प्र.ना.म.नि. (अ.प्रा.)



**श्री राजकुमार राना**
स.प्र.ना.म.नि. (अ.प्रा.)



**श्री माधवबहादुर थापा**
स.प्र.ना.म.नि. (अ.प्रा.)



**श्री महेन्द्रकुमार भट्टचन**
स.प्र.ना.म.नि. (अ.प्रा.)



**श्री छत्रबहादुर प्रधान**
स.प्र.ब.उ. (अ.प्रा.)

# "पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद, नेपाल २०६८"

## परिषद्को स्थापना

नेपालको निजामती, सैनिक, सशस्त्र र जनपद प्रहरी सेवामा रही निवृत्त भएकाहरुको राष्ट्रिय स्तरको गैर राजनीतिक संगठनहरुको रुपमा "पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद, नेपाल" स्थापित भएको छ। नेपालको आन्तरिक आर्थिक क्षमताको विकासदर भन्दा सांगठनिक जनशक्ति अस्वाभाविक रुपमा बढेर जाँदैछ भने सरदर आयुसीमा पनि झण्डै ७५-८०% हाराहारीमा बढीसकेको वर्तमान अवस्थालाई समेत वेवास्ता गरी शारीरिक एवं मानसिक रुपमा सक्षम राष्ट्रसेवकहरुलाई अव्यवहारिक ऐन नियमको आधारमा अवकाश दिने परिपाटीमा सुधार आउन नसकेको वास्तविकता ताजै छ। यहि परिप्रेक्ष्यमा सेवा अवधि बढाउनु पर्ने वास्तविकतालाई वेवास्तागरी निजामती, सैनिक, प्रहरी लगायतका सेवाबाट अनिवार्य अवकाश हुने उमेरको हद ५ वर्ष घटाई सकिएको छ। जसको कारण २०-२५ वर्ष राष्ट्रसेवा गरी सशक्त उर्जावान उमेरमा निवृतिभरण सहित अवकाश भएको वा हुने पूर्व राष्ट्रसेवक (मुख्यत सैनिक र प्रहरी) लाई उसले गरेको राष्ट्रसेवा भन्दा दोब्बर वर्ष सम्म राज्यले निवृत्तिभरण भुक्तानी गर्नुपर्ने स्थिति लाई नजर अन्दाज गरिनुले मुलुकले ठुलै व्यायभार स्वीकार्न बाध्य छ। त्यस प्रकार समस्याको रुपमा देखा पर्दै गएको विषयलाई राज्यले निवृत्त जनशक्ति व्यवस्थापन सम्बन्धी राष्ट्रिय ठोस नीति निर्माण गरी पूर्व राष्ट्रसेवकसँग रहेको ज्ञान, सीप, दक्षता, अनुभव र योग्यताको राष्ट्रको उत्पादकत्वमा समुचित प्रयोग गर्नु गराउनु नै सर्वोत्तम र प्रभावकारी र निर्विकल्प उपाय हो भन्ने तथ्यलाई आत्मसात् गरी यस परिषद्को विधिवत स्थापना गरिएको हो। यसका संस्थापक सदस्य



संगठनमा “पूर्व कर्मचारी सेवा परिषद् नेपाल, नेपाल राष्ट्रिय भुतपूर्व सैनिक संघ, नेपाल पूर्व प्रहरी संगठन र नेपाल पूर्व सशस्त्र प्रहरी संघ” रहेका छन् । नेपाल राष्ट्रको अन्य यस्तै सेवा क्षेत्रमा रही सेवा निवृत्तहरुको राष्ट्रिय संगठन पनि परिषद्को विधानका अधिनमा रही आवद्ध हुने चाहना राखी विधिवत् आवेदन दिन आएमा सम्बद्ध सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**परिषद स्थापनाको लक्ष्य र उद्देश्य :**

राष्ट्रको दीर्घकाल पर्यन्त सेवा गरी निजामती, सैनिक, प्रहरी र यस्तै अन्य सेवाबाट निवृत्त भएका राष्ट्रसेवकले विधि विधान ऐन कानूनबाट प्रत्याभूत गरिए अनुसार निवृत्तिभरण पाउनु निवृत्तहरुको हक अधिकार हो भने, त्यसै गरी राष्ट्रसेवामा रही राज्यको लगानी तथा व्यक्तिगत प्रयासमा आर्जेको ज्ञान, सीप, अनुभव, योग्यता र दक्षता राष्ट्रकै अमूल्य सम्पति हो भन्ने यथार्थतालाई पनि निवृत्त राष्ट्रसेवकहरुले बुझ्नु पर्ने तथ्य हो । देश र देशवासीको सेवामा आफ्नो अमूल्य समय व्यतित गरेवापत राज्यले लामो समय सेवा पश्चात जीवन निर्वाहको स्रोत जुटाई दिनु राज्यको दायित्व हो भने नेपाली जनताले तिरेको करबाट निवृत्तभरण प्राप्त गर्ने पूर्व राष्ट्रसेवकहरुले पनि आ-आफ्नो शारीरिक क्षमताले सक्दासम्म राज्य र जनतालाई प्रतिफल दिनु उसको नैतिक दायित्व हो ।



**लक्ष्य :**

माथि उल्लेखित उच्च मानवीय आदर्शबाट यस परिषद्को स्थापना भएको हो । यही उदात्त भावनाले अभिप्रेरित आफ्नो अवकाशित जीवन पनि राष्ट्रको श्रीवृद्धि, रक्षा, सुरक्षा र विकासका लागि समर्पित गर्ने यस परिषद्सँग आवद्धहरुको मूल लक्ष्य रहेको छ ।

**उद्देश्य** :

विधानको धारा ४ को उपधारा (क) देखि (ख) सम्म जे जति उद्देश्य राखिएको छ त्यसमध्ये मुख्यतः

क) यो परिषद गैरनाफामूलक, गैर राजनीतिक तथा मुनाफारहित बहुउद्देश्यीय जनहितकारी सामाजिक सँस्थाको रुपमा स्थापित भएको छ ।

ख) परिषदमा आवद्ध सेवानिवृत्त राष्ट्रसेवकहरुले सेवामा रहँदा आर्जेको अनुभव, ज्ञान, सीप योग्यता र दक्षतालाई राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकताको रक्षाका साथै जेष्ठ नागरिक लगायत पूर्व राष्ट्रसेवकका परिवारका हकहित एवं संरक्षण र सेवामा सहयोग गर्न संगठित रुपमा यो परिषद प्रयासरत हुनेछ ।

ग) परिषदले पूर्व राष्ट्रसेवकका आश्रित, बाल बालिका तथा जेष्ठ नागरिकको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने प्रयास गर्नेछ ।

घ) परिषदले द्वन्द्वबाट विस्थापित पूर्व राष्ट्रसेवक र अन्य पीडित व्यक्तिहरुको मनोसामाजिक समस्याको अध्ययन गरी उनीहरुको हकहितको संरक्षण एवं पुनर्स्थापनाको निमित्त आवश्यकता अनुसार सहयोग पुऱ्याउनेछ ।

ङ) वृद्ध-वृद्धाहरु, पूर्वराष्ट्रसेवक, उनीहरुको परिवार एवं मुलुकमा पिछडिएको वर्गलाई सहयोग र स्वरोजगारीका लागि विभिन्न किसिमका आयमूलक योजना, तालिम र कार्यक्रमहरु सञ्चालनका लागि प्रयास गर्नेछ ।

च) परिषदले राष्ट्रलाई आवश्यक परेका जुनसुकै बेलामा पनि राष्ट्रियहितको लागि पूर्वराष्ट्रसेवकहरुबाट सम्भव भएसम्म सहयोग उपलब्ध गराउने कोशिस गर्नेछ ।

छ) परिषदले जनहितका लागि चेतनामूलक कार्यक्रम, सीपमूलक तालिम सञ्चालन गर्ने र नियमित रुपमा परिषदको मुखपत्र प्रकाशन गर्नेछ ।

ज) परिषदले सामाजिक तथा राष्ट्रिय महत्वका विविध विषयहरुमा खोजमूलक अनुसन्धान गर्नेछ ।






झ) परिषदले सुशासन स्थापित गर्न र भरपर्दो सुरक्षा पद्धतिको विकास गर्न आवश्यकता अनुसार सम्बन्धित निकाय र पदाधिकारीलाई सल्लाह र सुझाव दिनेछ ।

ञ) पूर्व राष्ट्रसेवकहरुबीच एकता, भातृत्व, आपसी सहयोग र सद्भाव अभिवृद्धि गर्दै राष्ट्र र समाजप्रति उत्तरदायित्वबोध गर्ने र गराउनेछ र राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, अक्षुणता सार्वभौमिकताको जगेर्ना र राष्ट्रिय सुरक्षा कायम गर्नमा सहयोगीको रुपमा भूमिका खेल्ने प्रयास गर्नेछ ।

ट) पूर्व राष्ट्रसेवकहरुले आर्जित गरेको अनुभव, ज्ञान, सीप, योग्यता र क्षमतालाई राज्यका विभिन्न क्षेत्रमा उपयोग गराउँदै राष्ट्रिय विकासका लागि बंगलादेशको मोडलमा संलग्न गरिनु उपयुक्त हुने देखिन्छ । राज्यले आम नागरिकका लागि लागू गर्ने वा गरेको नीति र कार्यक्रमका सम्बन्धमा जनताले असहमति जनाउने वा जनाएको अवस्था उत्पन्न हुँदा सार्वजनिक संवाद र समन्वयकर्ताको रुपमा आवश्यक पहल गर्ने र उपयुक्त भूमिकाको खोजी गर्नेछ ।

ठ) यस परिषदले दलगत राजनीतिक प्रभावबाट मुक्त रही सचेत नागरिक समाजको रुपमा राष्ट्रिय हितका विषयमा सरकार र सम्बन्धित निकायहरुबाट सञ्चालित राष्ट्रिय कार्यक्रमका अन्तर्निहित विषयवस्तुहरुको समय समयमा अध्ययन र विश्लेषण गरी सम्बन्धित निकायलाई लिखित वा मौखिक रचनात्मक सुझाव दिनेछ ।

ड) विश्वको बदलिँदो परिस्थितिअनुरुप पूर्व कर्मचारीहरुका समान प्रकृति र चरित्रका विधिसम्मत रुपमा गठित राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरुसँग मैत्रीपूर्ण सम्बन्ध, सद्भाव, अभिवृद्धि गर्दै मानव कल्याण एवं सामूहिक हितका लागि उपयुक्त कार्य सञ्चालन गर्न प्रयत्नरत रहनेछ ।

ढ) पूर्व राष्ट्रसेवक, तिनका परिवार र क्षमताले भ्याएमा समाजको विभिन्न क्षेत्रमा सर्वोत्तम विकास र हकहित रक्षाको लागि केन्द्रदेखि स्थानीय स्तरसम्ममा विविध कार्य सञ्चालन गर्न प्रयास गर्नेछ ।

**परिषद्को उद्देश्य प्राप्त गरिने कार्यहरू :**

१. परिषद्को उदेश्य प्राप्तिको लागि केन्द्रीय समन्वय परिषद्ले र जिल्ला, नगरस्तरमा विधानसम्मत शाखा समन्वय परिषद् गठन गरी तिनका माध्यमबाट स्थानीय लक्षित समूहको माग र आवश्यकतालाई दृष्टिगत गरी कृषि, घरेलु, स्वास्थ्य र सरसफाई सम्बन्धी चेतनामूलक विभिन्न व्यावसायिक तालिम सञ्चालन गर्ने ।

२. सामुदायिक नागरिक सुरक्षा व्यवस्थालाई सुदृढ र सुनिश्चित गर्न रक्षा, सुरक्षा निकायबाट निवृत्त भई स्थानीय तहमा बसोवास गर्दै आएका पूर्व राष्ट्रसेवकहरुमा स्वयंसेवी सुरक्षा समूह निर्माण कसरी गर्ने भन्ने विषयमा अनुशिक्षण दिने ।



**परिषद्को सदस्यता सम्बन्धी व्यवस्था :**

१. परिषद् 'सार्क' को संगठनात्मक ढाँचामा स्थापित विशिष्ट प्रकारको संगठन हो ।

२. यो परिषद् राज्यका कुनै पनि सेवा क्षेत्रमा रही निवृत्त भएका "पूर्व कर्मचारी सेवा परिषद् नेपाल, नेपाल राष्ट्रिय भुतपूर्व सैनिक संघ, नेपाल पूर्व प्रहरी संगठन र नेपाल पूर्व सशस्त्र प्रहरी संघ वा यस्तै समान प्रकृती र चरित्रका अन्य कुनै पूर्व राष्ट्रसेवकहरुको राष्ट्रिय स्तरको संगठनहरु" *समेतलाई* आवद्धता प्रदान गर्न सकिने बैधानिक प्रावधान राखी केन्द्रीय स्तरका पूर्वराष्ट्रसेवक संगठनहरुको साझा संगठनको रुपमा स्थापित भएको छ । संस्थापक संगठन वा पछि आवद्धता प्राप्त गर्ने कुनै पनि संगठनमध्ये कम्तिमा कुनै एउटा संगठनको सदस्य हुने योग्यता हासिल गरेको व्यक्ति वा (पूर्व राष्ट्रसेवक) यस परिषद्को प्रारम्भिक सदस्य मानिएको छ । तर त्यस्ता प्रारम्भिक सदस्य मानिएका पूर्व राष्ट्रसेवकले यस समन्वय परिषद्को सक्रिय सदस्यको रुपमा रही कार्य गर्न चाहेमा आफ्नो सेवा क्षेत्र सम्बन्धी संगठनका विधि विधान र प्रक्रिया पुरा गरी एकद्वार प्रणालीबाट मात्र विधिवत यस समन्वय परिषद्को सभा कार्य समितिमा वा अध्यक्ष मण्डलको सदस्य/अध्यक्षका रुपमा भूमिका खेल्न सक्छ ।

३. यस परिषद्मा देहाय बमोजिमका सदस्यको व्यवस्था रहेको छ।

(क) संस्थापक संगठनहरु
(ख) आवद्धता प्राप्त संगठित संस्था
(ग) मानार्थ सदस्य
(घ) अतिथि सल्लाहकार (सदस्य)
(ङ) विशिष्ट सल्लाहकार (सदस्य)
(च) विषय विशेषज्ञ सल्लाहकार (सदस्य)

४. **अध्यक्ष मण्डल :** यस परिषद्का संस्थापक संगठनका अध्यक्ष/सभापतिहरु अध्यक्ष मण्डलका सदस्य हुने, त्यही अध्यक्ष मण्डलले नै आफूमध्येबाट परिषद्को अध्यक्षको चयन गर्ने, अध्यक्ष र अध्यक्ष मण्डल परिषद्को उच्चतम सम्मानित निकायको रुपमा रहने र पछि आवद्धता प्राप्त गर्ने संगठनका अध्यक्ष/सभापतिलाई परिषद्को अध्यक्ष मण्डलबाट उपयुक्त स्थान प्रदान गर्ने व्यवस्था परिषद्को “सदस्य प्राप्तिको लागि आवश्यक योग्यता” सम्बन्धी विधि विधानको दफा ६ र ७ मा तोकिएको छ।

**परिषद्को कार्यविधि :**

परिषद् पूर्णतः दलगत राजनीति निरपेक्ष, गैर नाफामूलक सम्पूर्ण समाजसेवीको मूल उद्देश्य र लक्ष्य लिई स्थापित संगठन हो। अतः परिषद्सँग सम्बद्ध पूर्वराष्ट्रसेवकहरुका अतिरिक्त सम्पूर्ण जेष्ठ नागरिक, द्वन्द्व पीडित परिवार, असहाय अपांग एवं वालवालिकाहरुको हक, हित र कल्याणका लागि राष्ट्रसेवामा आर्जेको ज्ञान, सीप, अनुभव, योग्यताको अधिकतम उपयोग वा प्रयोग गर्ने आदर्शबाट अभिप्रेरित छ।

पूर्व राष्ट्रसेवकहरुले जीवन निर्वाहका लागि राज्य मार्फत नै निवृत्तिभरण प्राप्त गर्दै आएको यथार्थता र राष्ट्रसेवकका मूल्य र मान्यता, मर्यादा र अनुशासन सम्बन्धी लक्ष्मणरेखा अतिक्रमण वा उल्लंघन गरी संविधानत स्थापित राज्य सञ्चालक (सरकार) लाई वेवास्ता, उपेक्षा वा दरकिनार गरी सोभै निवृत्तिभरणका भारवाहक (करदाता) जनतासँग गई प्रतिफल प्रदान गर्ने काम कुरा गर्नु अशोभनीय हुन्छ भन्नेमा दृढ विश्वास राख्ने भएकाले, यस परिषद्ले लाखौंको संख्यामा रहेका वर्षेनी अरबौं रुपैयाँ निर्वत्तिभरण प्राप्त गर्ने पूर्व राष्ट्रसेवकहरुको अमूल्य अनुभव, ज्ञान, सीप, दक्षता र योग्यताको समुचित प्रयोग र परिचालन गर्ने राष्ट्रिय स्तरको स्थायी संगठन वा संयन्त्र निर्माण गर्न राज्यले सेवानिवृत्त जनशक्ति पुनः परिचालन सम्बन्धी राष्ट्रिय नीति तत्काल तर्जुमा गरी लागू गर्ने र त्यसमा परिषद्को समुचित भूमिका रहने व्यवस्था गर्ने अपेक्षा गरेको छ।

(यदि राज्य (सरकार) बाट आफूले नै त्यस्तो स्वतन्त्र वा स्वायत्त निकाय संयन्त्रको गठन गर्नु भन्दा यस पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद्लाई नै त्यस्तो भूमिका निर्वाह गर्ने दायित्व विधिवत प्रत्यायोजन गर्न सहमत भए पूर्व राष्ट्रसेवकहरुबाट सरकारले सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय कोष (?) का लागि भनी निवृत्तिभरण भुक्तानी गर्दा स्रोतबाटै कटाउँदै आएको रकमबाट केही प्रतिशत परिषद्लाई नियमित रुपमा प्रदान गर्ने नीति सहितको लिखित प्रतिवद्धता प्राप्त भएमा यस परिषद्ले सम्बन्धित सेवा क्षेत्रका पूर्व राष्ट्रसेवकहरु मार्फत नाम मात्रको (न्यूनतम) लगानी अधिकतम लाभको अनुपातमा जनतालाई उसको लगानीको प्रतिफल दिन परिषद् पूर्ण सक्षम, सफल र प्रतिवद्ध छ।)

***संगठन सम्बन्धी व्यवस्था :***

परिषद्को विधानको दफा ६ को प्रावधान अनुसार -

(क) परिषद्को उद्देश्य प्राप्तिका लागि न्यूनतम रु. पाँच लाख नगद सहयोग पुर्‍याउने वा विशिष्ट समाजसेवी समेतका विधानले परिभाषित गरेका विशिष्ट व्यक्ति यस परिषद्का मानार्थ सदस्य हुने,

(ख) पदासीन प्रधानसेनापति, मुख्य सचिव, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षकलाई परिषद्को अतिथि सल्लाहकार हुन अनुरोध गरिनेछ। र त्यसमा सहमति प्रदान गर्नु हुने उक्त पदाधिकारी अतिथि सल्लाहकार रहनु हुने।

(ग) अवकाश प्राप्त गर्नु भएका प्रधान सेनापति, मुख्य सचिव, प्रहरी महानिरीक्षक, सहस्त्र प्रहरी महानिरीक्षकहरु सबैलाई परिषद्ले विशिष्ट सल्लाहकार सदस्यको रुपमा रहिदिन सहमतिका लागि अनुरोध गर्ने । र त्यस्ता अवकाश प्राप्त पूर्व पदाधिकारी (राष्ट्रसेवक) मध्ये सहमति प्रदान गर्नु हुने व्यक्ति विशिष्ट सल्लाहकार सदस्यको रुपमा रहनु हुने व्यवस्था गरिएको छ ।

(घ) परिषद्मा विशिष्ट योगदान गर्न सक्ने समाजका विविध विधामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिहरुमध्येबाट परिषद्ले विषय विशेषज्ञको रुपमा सल्लाहकार सदस्य मनोनयन गर्नेछ ।

**परिषद्को सभा र कार्य समिति सम्बन्धी व्यवस्था :**

(क) परिषद्को सभाको लागि चार वटै संस्थापक संगठनहरुले ६/६ जनाका दरले समान संख्यामा प्रतिनिधि पठाउनेछन् ।

(ख) तिनै प्रतिनिधिहरुले सम्भव भएसम्म समानुपातिक प्रतिनिधित्व हुने गरी महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सात (७) जना कार्य समिति सदस्यको निर्वाचन गर्ने विधानमा व्यवस्था गरिएको छ ।

(ग) अध्यक्ष मण्डलले आफूमध्येबाटै अध्यक्ष र आवश्यक उपाध्यक्ष चयन गर्ने र अध्यक्ष मण्डलका सबै सदस्य परिषद् सभा कार्य समितिका वरिष्ठ सदस्य समेत हुने भएकाले परिषद्को कार्य समितिमा रहने पदाधिकारी एवं सदस्यहरुको कुल संख्या हाललाई बढीमा १९ सम्म रहने व्यवस्था गरिएको छ ।

(घ) पछि आवद्धता प्राप्त गर्ने अन्य संगठनको स्वरुप र सदस्य संख्यालाई समेत दृष्टिगत गरी सभा, कार्य समिति र अध्यक्ष मण्डलमा रहने प्रतिनिधिको संख्या संस्थापक संगठनका अध्यक्ष मण्डल र कार्य समितिले निर्धारित गर्नेछ ।

(ङ) अध्यक्ष र अध्यक्ष मण्डलका सदस्यहरुबाट अनिर्णित हुन गएको विषयमा कार्य समितिले आवश्यक ठानेमा सल्लाहकार सदस्यहरुमध्येबाट राय लिई अन्तिम टुंगो लगाउने व्यवस्था विधानले गरेको छ ।

## वर्तमान कार्यसमिति

१. अध्यक्ष
पूर्वसचिव - श्री भरतबहादुर थापा
अध्यक्ष, पूर्व कर्मचारी सेवा परिषद् नेपाल

२. सदस्य, अध्यक्ष मण्डल
सहायक रथी (अ.प्रा.)
श्री दिगम्बर शम्शेर राणा
सभापति-नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघ

३. सदस्य, अध्यक्ष मण्डल
प्रहरी महानिरीक्षक (अ.प्रा.) - श्री डी.बी.लामा
अध्यक्ष-नेपाल पूर्व प्रहरी संगठन

४. सदस्य, अध्यक्ष मण्डल
सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा.)
श्री बासुदेव वली
अध्यक्ष-नेपाल पूर्व सशस्त्र प्रहरी संघ

५. महासचिव
पूर्व सहसचिव - श्री तारानाथ सुवेदी
महासचिव-पूर्व कर्मचारी सेवा परिषद्-नेपाल

६. सचिव
महासेनानी (अ.प्रा.)
श्री गिर्वाण विक्रम शाह
उपसभापति-नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघ

७. कोषाध्यक्ष
स.प्र.ना.म.नि. (अ.प्रा.)
श्री श्यामकृष्ण कर्माचार्य
का.स.सदस्य-नेपाल पूर्व सशस्त्र प्रहरी संघ

८. सह कोषाध्यक्ष
प्र.ना.उ.(अ.प्रा.) - श्री चूडादेवसिंह लामा
नेपाल पूर्व प्रहरी संगठन

९. सदस्यहरु
पूर्वसहसचिव - श्री सुधीरकुमार शाह
आजीवन सदस्य, पू.क.से.प.नेपाल

१०. पूर्व उपसचिव
श्री ताम्ला उक्याब
का.स.सदस्य,पू.क.से.प.नेपाल

११. पूर्व उपसचिव
श्री अम्बिका के.सी.
का.स.सदस्य,पू.क.से.प.नेपाल

१२. महासेनानी (अ.प्रा.)
श्री शान्तप्रसाद दवाडी
महासचिव, ने.रा.भू.पू.सैनिक संघ

१३. सहसेनानी (अ.प्रा.)
श्री यमरमण पाण्डे
सदस्य, ने.रा.भू.पू.सैनिक संघ

१४. प्रहरी अतिरिक्त महानिरीक्षक(अ.प्रा.)
श्री रुपसागर मोक्तान
सदस्य, नेपाल पूर्व प्रहरी संगठन

१५. प्रहरी वरिष्ठ उपरीक्षक (अ.प्रा.)
डा.श्री चूडाबहादुर श्रेष्ठ
बरिष्ठ उपाध्यक्ष, नेपाल पूर्व प्रहरी संगठन

१६. सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक (अ.प्रा.)
श्री धनबहादुर थापा
महासचिव, नेपाल पूर्व सशस्त्र प्रहरी संघ

१७. सशस्त्र प्रहरी उपरीक्षक (अ.प्रा.)
श्री भीमबहादुर पन्थ
सचिव, नेपाल पूर्व सशस्त्र प्रहरी संघ

# संघलाई आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराई महत्वपूर्ण योगदान पुऱ्याउनु हुने व्यक्तित्वहरु :-

स.प्र.म.नि.(अ.प्रा.) एवं संघका अध्यक्ष श्री बासुदेव वलीज्यूले संघको स्थापनाकालमा सशस्त्र प्रहरी बलको प्रमुखको हैसियतले नव गठित संघलाई फर्निचर, फर्निसिङ्ग सहितको कार्यालय भवनको व्यवस्था र हालको केन्द्रिय कार्यालयमा व्यक्तिगत रुपमा चार थान स्ट्याण्ड फ्यान सहयोग ।



स.प्र.म.नि.(अ.प्रा.) एवं संघका प्रमुख सल्लाहकार श्री सनतकुमार वस्नेतज्यूले तत्कालीन सशस्त्र प्रहरी बलको प्रमुखको हैसियतले संघको अक्षयकोष स्थापनार्थ कल्याणकारी सेवा केन्द्र मार्फत रु.२०,००,०००।- र अन्य कार्यालय सामाग्रीहरु सहयोग ।



स.प्र.म.नि.(अ.प्रा.) एवं संघका सल्लाहकार श्री शैलेन्द्रकुमार श्रेष्ठज्यूले तत्कालीन सशस्त्र प्रहरी बलको प्रमुखको हैसियतले संघको वर्तमान केन्द्रिय कार्यालयको व्यवस्था र व्यक्तिगत रुपमा डिजिटल क्यामेरा एक थान सहयोग ।



स.प्र.अ.म.नि.(अ.प्रा.) एवं संघका प्रथम उपाध्यक्ष श्री रोहित थापाज्यूले व्यक्तिगत रुपमा स्मल साइजको साउण्ड सिस्टम सहयोग ।



स.प्र.अ.म.नि.(अ.प्रा.) एवं संघका सल्लाहकार श्री कृष्णबहादुर विष्टज्यूले तत्कालीन राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान प्रमुखको हैसियतले संघको कोष स्थापनामा महत्वपूर्ण आर्थिक सहयोग ।



स.प्र.ना.म.नि.(अ.प्रा.) एवं संघका कार्यकारी सदस्य श्री श्यामकृष्ण कर्माचार्यज्यूले व्यक्तिगत रुपमा तातो चिसो हुने इलेक्ट्रिक वाटर फिल्टर जार समेत एक सेट र एकथान भित्ते घडी सहयोग ।



स.प्र.ना.उ.(अ.प्रा.) एवं संघका कोषाध्यक्ष श्री महेन्द्रबहादुर कार्कीज्यूले व्यक्तिगत रुपमा मिटिङ्ग हलको राउण्ड टेवुल पूरा गर्न रु. १५,०००/- आर्थिक सहयोग ।



स.प्र.ना.उ.(अ.प्रा.) एवं संघका सचिव श्री बलराम तिमिल्सिनाज्यूले व्यक्तिगत रुपमा मिटिङ्ग हलको राउण्ड टेवुल पूरा गर्न रु. १५,०००/- आर्थिक सहयोग ।



प्रतिष्ठित व्यवसायी श्री सुमन कटवाल क्षेत्रीज्यूले व्यक्तिगत रुपमा संघको लोगो भएको स्टिल र ग्लासबाट निर्मित रोष्टम थान एक सहयोग ।



प्रतिष्ठित व्यवसायी श्री कृष्णबहादुर सेन्चुरीज्यूले व्यक्तिगत रुपमा ठुलो झण्डाको लागि स्टिलको इन्डोर स्ट्याण्ड थान दुई सहयोग ।




हाम्रा सेवाहरू

★ मोवाइल
★ क्यामेरा
★ ल्यापटप कम्प्युटर
★ डेस्कटप कम्प्युटर
★ टिभी
★ रेफ्रिजेरेटर



श्रीकृष्ण इलेक्ट्रोनिक्स सप्लायर्स

थापाथली, काठमाडौं, फोन : ९८५१०३४९१०

# अवकास प्राप्त जीवनको लागि योजना


– छत्रबहादुर प्रधान
सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक (अ.प्रा.)
आजीवन सदस्य-नेपाल पूर्व सशस्त्र प्रहरी संघ




मानिसहरु आ-आफ्नै तरिकाले बाँचिरहेका हुन्छन् । कोहि एक्लै पनि आनन्दमय र शान्तमय वातावरणमा आफ्नो अवकाश प्राप्त जीवन बाँचिरहेका हुन्छन । आधुनिक समयको अवकाश प्राप्त जीवन परापूर्वकाल जस्तो खासै कठोर हुँदैन । आजकालको अवकाश प्राप्त जीवनमा बाँच्नको लागि धेरै तरिकाहरु छन् । मात्र तपाईंले यसको लागि योजना बनाई लगानी पनि गर्नु पर्दछ । जसको कारणले गर्दा तपाईं वास्तवमै अवकाश प्राप्त हुँदा, तपाईंलाई खासै धेरै समस्याहरु आईलाग्दैनन ।

तपाईंले अवकाश प्राप्त जीवनबारे योजना बनाउँदा आफूले उक्त समयमा कहाँबाट आर्थिक श्रोत जुटाउने हो त्यसको गणना गर्न थाल्नु पर्ने हुन्छ । आफ्नो आर्थिक अवस्था कसरी राम्रो बनाउन सकिन्छ भन्ने बारे पनि सोच्नु पर्ने हुन्छ । त्यस बेला कसरी शान्तसँग बाँच्न सकिन्छ भन्ने बारे पनि हामीले सोच्नु पर्दछ । हामीले तीर्थयात्रा वा अन्य यात्रामा खर्च गर्ने हो वा आफ्ना बाल बच्चाको लागि ट्युसनमा खर्च गर्ने हो अथवा भविष्यमा आईपर्ने कुनै समस्याको लागि पो हामीले केहि पैसा बचाउँदै गर्ने हो ? जसले गर्दा हामीलाई भविश्यमा आईपर्ने समस्याको समाधान गर्न उक्त बचतले केहि सहयोग मिलोस । त्यसबेलामा तपाईंले गरेको लगानीले तपाईंलाई आर्थिक लाभ पनि दिन थाल्नेछ । त्यसैले तपाईं सक्रिय जीवनमा रहदा नै तपाईंले विकल्पहरुको पनि खोजी गर्दै जानु पर्दछ र तपाईं अवकाश प्राप्त गर्नु भन्दा पहिले केहि न केहि बचत पनि गर्न थाल्नु पर्दछ । जसबाट तपाईं एक प्रकारले आर्थिक रुपमा सुरक्षित हुँदै आफ्नो अवकाश प्राप्त जीवनको आनन्द लिन थाल्नु हुनेछ ।

तपाईंलाई आफ्नो जीवनको यस घडीमा के गर्ने बारे कुनै योजना छैन भने तपाईंले अलिक पहिले देखि नै पैसा बचाउन थाल्नै पर्दछ । तपाईंले यसो गरिसकेपछि तपाईं शान्तपूर्वक आराम गर्न सक्नु हुनेछ र आफ्नो अवकाशप्राप्त जीवनलाई आनन्दमय बनाउन सक्नुहुनेछ । त्यतिवेला तपाईंको जीवनको धेरै कुराहरु बदलिइसकेको हुनेछ ।

तपाईंले गर्न चाहने कामकुराहरु तपाईंलाई जान मन लागेको स्थान तपाईंलाई मनपरेको मानिससँग भेटन चाहने समय आदिको सम्बन्धमा योजनाहरु बनाउँदै जानु पर्दछ । तपाईंको अवकाश प्राप्त जीवनमा कँहा जाने र के के गर्ने सम्बन्धमा तपाईंले योजना बनाउन ठिक हुन्छ । निश्चितै रुपमा, आफूले अवकाश प्राप्त गरी सकेपछि, कुन ठाँउ घुम्न जाने, वा के काम गर्ने सम्बन्धमा अनुभवी तथा विज्ञहरुसँग परामर्श राखे राम्रो । अर्थात तपाईंले यदि राम्रोसँग योजना बनाउनु भयो भने तपाईंले जीवनमा धेरै पहिले देखि मनमा सोचिरहनु भएको सपना तथा महत्वाकांक्षाहरु पुरा पनि हुन पाउने छन ।

अवकाशप्राप्त जीवनबारे सोच्दा एक आपसमा श्रीमान र श्रीमतीसँग परामर्श गर्नु राम्रो हुनेछ । यदि तपाईं एक अवकाश प्राप्त व्यक्तिको रुपमा आफ्नो भविश्य बारे सोच्न थाल्नु हुन्छ भने तपाईंले खासै चिन्ता गरिरहनु पर्ने जरुरी छैन । त्यसवेला पनि तपाईं सँग प्रयाप्त नै समय रहने छ, र तपाईंले हतार गरेर छिट्टै दिक्क हुनु पर्ने अवस्था रहने छैन । अवकाश प्राप्त जीवनमा प्रयाप्त कितावहरु पढ्नु, वगैचामा काम गर्नु, केटाकेटीहरुलाई पढ्न लेख्न सिकाउने वा उनीहरुको समस्या समाधान गरिदिने जस्ता कामहरु पनि तपाईंले गर्न सक्नुहुनेछ । अथवा यस्ता कामहरुलाई तपाईंले आनन्दको विषय बनाउदा पनि तपाईंलाई कुनै प्रकारको हानी हुने छैन । यसरी तपाईंले आफ्नो समय र साधनलाई राम्रोसँग उपयोग गर्दै सावधानपूर्वक बाँचिरहन पनि सक्नु हुनेछ ।

मेरो विचारमा ज्येष्ठ नागरिकहरुसँग धेरै अनुभव भएको कारणले उनीहरुले धेरै सृजनात्मक कार्य गर्न सक्दछन् । युवाहरुसँग आफ्नो ज्ञान तथा अनुभवको आदान-प्रदान मात्रै गरेर पनि वृद्धहरुले निकै ठूलो योगदान गर्न सक्दछन् । शारीरिक रुपमा उनीहरु कुनै पनि सामाजिक कार्य गर्न असक्षम भए तापनि उनीहरुले युवाहरुलाई कसरी सामाजिक कार्यको शुरुवात गर्ने र यसलाई कसरी निरन्तरता दिने कुरा सम्झाउन सक्दछन् । यस्तो प्रकृयाले ज्येष्ठ नागरिकहरुले आफ्नो जीवनको महत्ववोध गर्ने र युवाहरुले पनि आफू वृद्धहुँदा कस्तो हुँदो रहेछ, अनुभूति गर्ने मौका पाउँदछन् ।

हामी वृद्ध हुँदै गर्दा व्यायामले हामीलाई स्वस्थ पनि राख्दै जान्छ । हामीले शारिरीक व्यायाम मात्रै होईन मानसिक व्यायाम पनि गर्दै जानु पर्दछ । हामी जत्ति जत्ति बढी मानसिक सक्रियतामा सहभागी हुन्छौ हाम्रो मानसिक स्वास्थ्य र क्षमता पनि त्यत्तिकै वृद्धी हुँदै जान्छ । नियमित पुस्तकालय गएर पत्रपत्रिका आदि पढ्ने साथीभाई आदिसँग विङ्गो आदि खेल्ने स्थानीय सँग्रहालयमा जाने परिवार तथा साथीहरुसँग भेटघाट गर्ने जस्ता कुराहरुले पनि हाम्रो मस्तिष्कलाई सक्रियय राख्दछ । यी दुवै प्रकारका व्यायाम गरियो भने हामीमा तनाव आदि कम हुन्छ । लामो समय सम्म हामी तनावमा रहँदा हाम्रो मानसिक र शारीरिक अवस्थामा निकै नराम्रो असर पर्दछ । हामी दैनिक हल्का हिँडने पसल ईत्यादि जाने स्वास्थ्योपचार गर्ने रङ्गशाला आदिमा गएर मनोरञ्जन लिने काम गर्नु पर्दछ ।

अवकाश प्राप्त जीवन कुनै पनि व्यक्तिको जीवनमा यति निराशा जनक क्षण हो कि जो कोहिले पनि अब यस पछि के गर्ने बारे सोच्न पनि सकिरहेको हुँदैन । त्यसैकारणले पनि कतिपय मानिसहरु त छिट्टै अवकाश लिने पनि गर्दछन र आफूले बाँच्न चाहेको जीवन बाँच्न थाल्दछन् । यदि तपाईं यी दुई समयको बीचमा रहेर केहि गर्न नसकी आफू निश्क्रिय बसी रहनु भएको छ, भने तपाईंले आजै देखि साईड-जब (आंशिक काम) खोजी हाल्नोस् । यस्ता पार्ट टाईम साईड जबको कारणले तपाईं आफ्ना फूर्सदको समयलाई बढी सृजनशील र रमाइलो बनाउन सक्नु हुनेछ र तपाईंले कमाई पनि गर्न थाल्नु हुनेछ ।

अवकाश प्राप्त गरिसकेपछि धेरैले त घरैमा बसेर गर्ने कुनै सानो-तिनो काम पनि पाउँदछन् । कारण यसले गर्दा उनीहरुलाई पैसा कमाउन पनि सजिलो हुन्छ, बाहिर पनि गईरहनु पर्दैन । त्यस्तो बेला कति वेला आफूले काम गर्ने बारे कुनै समय तालिका आदि हुँदैन । त्यसले गर्दा उनीहरु आफ्नो अवकाश प्राप्त जीवन आनन्दले विताए पनि भयो, फूर्सदको समयमा कुनै सानो तिनो पेशा गरे पनि भयो भन्ने सोचिरहेका हुन्छन् । सबै ठाँउहरुमा यस्ता साना-तिना कामहरु पाईने अवस्था पनि हुँदैन । त्यसबेला त्यस्ता अवकाश प्राप्त व्यक्तिहरुको लागि आफ्ना दैनिक आवश्यकता पुरा गर्नको लागि आर्थिक स्थायित्व भई दिए हुने थियो भन्ने लागि रहेको हुन्छ । त्यस्तो अवस्थामा यात उनीहरुले ईन्टरनेटमा बसी जब खोजेर वा घरैमा ट्युसन आदि गरेर पनि आफ्नो दैनिक खर्च धानी रहेका हुन्छन् ।

अवकाश प्राप्तहरुले घरैमा बसी-बसी गर्ने काम आदि पनि खोज्दछन् तर त्यस मध्य असाध्यै थोरैले मात्रै वास्तवमै काममा आफूलाई लगाएका हुन्छन् । यदि तपाईं अवकाश प्राप्त जीवनमा कुनै काम गर्न थाल्नुहुन्छ भने तपाईंको दिमागले पनि राम्रोसँग काम गर्न थाल्दछ र तपाईंले आफ्ना वरिपरिका कुराहरुलाई खुल्ला दिमागले देख्न थाल्नु हुनेछ । यस बाहेक तपाईं स्वस्थ पनि हुनु हुनेछ कारण तपाईं अल्छि भई बस्नुको बद्‌ला कुनै न कुनै काम गरिरहनु भएको हुन्छ । सबै भन्दा महत्वपूर्ण कुरा त तपाईंलाई कसैले पनि काम गर्न नसक्ने भन्न सकिरहेको हुँदैन ।

(साभार : अन्नपूर्ण पोष्ट)

**लेखक राष्ट्रिय ज्येष्ठ नागरिक महासंघको महासचिव हुनुहुन्छ**

Email: pchhatra@gmail.com



# नेपाल पूर्व सशस्त्र प्रहरी संघको प्रगति र चुनौति

- राजन थापा
सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक (अ.प्रा.)
आजीवन सदस्य-नेपाल पूर्व सशस्त्र प्रहरी संघ

नेपाल पूर्व सशस्त्र प्रहरी संघ सशस्त्र प्रहरी बलको महत्वपूर्ण सहयोगी संस्थाको रुपमा रही आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको एउटा स्थापित संस्था हो । संघले आफ्नो छैठौं वार्षिकोत्सव मनाई रहेको यस सुखद घडीसम्म आईपुग्दा सशस्त्र प्रहरी बल प्रतिको जनआस्था अभिवृद्धि गर्दै आफ्ना सदस्यको हितमा सदा लागि परेको छ । स्वतन्त्र रुपमा क्रियाशील रहेको संघको प्रशंसनीय विभिन्न क्रियाकलापबाट हामी पूर्व सशस्त्र प्रहरी अधिकृत तथा जवानहरु गर्व महसुस गरिरहेका छौं । मुलुकको विसम परिस्थिति बीच नेपाल सरकारको आव्हानमा तत्कालीन शाही नेपाली सेना र नेपाल प्रहरीमा कार्यरत रहेका केहि अधिकृत र जवानले मातृभूमिको शान्ति सुव्यवस्था कायम गर्न आफ्नो जीवन र परिवारको मोह त्यागी सशस्त्र प्रहरी बलमा स्थानान्तरण हुन आत्मसाथ गरेका थिए । तिनै बहादुर जवानहरुको जमात नै आज पूर्व सशस्त्र प्रहरी संघको कर्मठ संस्थापक सदस्यहरु हुन् । यो एउटा कतर्व्यपरायण सुरक्षाकर्मीहरुको यस्तो संस्था हो जसले आफ्नो सेवाको लामो अवधि सेना र प्रहरीमा निर्वाह गरेको थियो र ती संगठनहरुसँग आजपनि गहिरो प्रेमभाव एवं आदरभाव राख्दछ । यसरी स्वाभाविक रुपमै यो संस्थाले मुलुकका ठूला दुई सुरक्षा निकायहरुसँग ज्यादै नै निकट रही सुमधुर सम्बन्ध राख्न सफल भएको छ । सशस्त्र प्रहरी बल आफ्नो तेह्रौं वार्षिक उत्सव मनाई राख्दा सबैको श्रद्धा र अथक प्रयासका कारण यो संगठन अब आफ्नो युवा अवस्था तर्फ लम्केको छ ।  सशस्त्र प्रहरी बलको स्थापना र सुदृढीकरणमा सबल र कुशल नेतृत्व प्रदान गर्ने पूर्व सशस्त्र प्रहरी महानिरीक्षक स्वर्गीय कृष्णमोहन श्रेष्ठ र सहवीर थापाज्यूको योगदानलाई संस्मरण गर्दै उहाँहरु प्रति भावविहल श्रद्धाञ्जलि अपर्ण गर्दछौं । आईपरेका विभिन्न अप्ठयाराहरुका बावजुद संघको स्थापना, सुपरिचालन र विकासका लागि विशेष योगदान पुऱ्याउनु भएकोमा वर्तमान संघका अध्यक्ष सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा.) बासुदेव वलीज्यूको प्रशंसा सर्वत्र गरिएको छ । आज सशस्त्र प्रहरी बलका पूर्व सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेत, किशोर कुमार लामा र शैलेन्द्रकुमार श्रेष्ठज्यू लगायतका अधिकृत तथा जवानहरुको रेखदेख र सहयोगमा संघले बहु आयमिक फड्को मार्न सफल भएको छ । आज यो संघ नेपाल पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषदको एउटा सक्षम, सहकर्मी सदस्य संस्थाको रुपमा पनि रहेको छ ।

**वर्तमान भूमिका र अपेक्षा :-**

सशस्त्र प्रहरी बलको सहयोगमा काठमाण्डौंको हलचोकमा आफ्नो केन्द्रिय कार्यालय स्थापना गरि संगठनबाट अवकाश पाएका पूर्व सशस्त्र प्रहरीहरुलाई गोलबन्द गरि राष्ट्र, समाज र आफ्नो सदस्यको हितका लागि संघ परिचालित रहेको छ । प्रत्येक महिना संघका सदस्यहरु केन्द्रीय कार्यालयमा बसी आपसी छलफल, समीक्षा, सुझाव संकलन गर्ने, नयाँ योजना बनाउने, सुख दुःखको घडीमा सहभागिता जनाउने गरेर भाईचारापूर्ण वातावरण सृजना गर्न सफल भएको छ । नेपाल सरकारको सक्षम सुरक्षाकर्मी हामीलाई अवकाश पाउँदा अन्तिम चिनो परिचयपत्र पनि कार्यालयबाट फिर्ता माग्दाको त्यो घडीमा रित्तोपनको अनुभूति नमिठो लाग्ने रहेछ । तर जव पूर्व सशस्त्र प्रहरी संघले परिचय पत्र उपलव्ध गराउँछ अनि आफूले सशस्त्र प्रहरीले सम्मान दिएको जस्तो अनुभूति हुँदोरहेछ । सशस्त्र प्रहरी बलको एउटा अन्तिम प्यारो घर भनेको यो संघ नै हो र भोलि सबै सकल

दर्जाले सुख दुःख साट्ने थलो पनि यही नै हो । कसैले पनि बहालवाला र भूतपूर्व भनेर कुत्सित भावना राख्नु व्यर्थ हो  किनकि अवकाश त सबैले एक दिन पाउँछन् नै । यो प्रतिस्पर्धाको विषय नै होईन । हामीले भाईचारा कायम राखेमा सबैलाई फाईदा पुग्छ । हिजोका कमी कमजोरीलाई सच्याएर काँधमा काँध मिलाउनु पर्छ । हामीले हाम्रा पूर्व अवकाश प्राप्त जवान भाईहरुलाई खोजी खोजी ल्याई संघमा गोलबद्ध गर्नु सबैको कतर्व्य हो । संघको सहयोग उहाँहरुलाई अझ बढी आवश्यक छ । कमिला जस्तो कमजोर जीवले पनि झुण्डमा ठूला ठूला कामहरु गर्न सक्षम हुन्छन् र सजिलै चुनौतिहरुको सामाना गर्छन । यसबाट हामी सबैले पाठ सिक्नु पर्छ । हाम्रो संकल्प, प्रयास, आपसी सद्भाव एवं सहयोगले जस्तो सुकै चुनौतिको पनि हामीले सामना गर्न सक्छौं । मातृ संस्थाको राम्रो खबरले रमाउने र नराम्रो खबरले दुखित हुने पूर्व सशस्त्र प्रहरी सदा सशस्त्र प्रहरी बलको कल्याण चाहन्छ ।

**विस्तृत कार्यक्षेत्र :-**

संघले अन्तर सरकारी कर्मचारी संघहरुसँग व्यापक रुपमा अन्तर्क्रिया गर्ने, छलफल गर्ने गरेर आफ्नो सदस्यहरुको क्षमता,  सीप, ज्ञानलाई अझ बढी उजागर गराईदिने वातावरण बनाईदिनु पर्दछ । APCSS हवाई जस्तो US नेभीको उच्च स्तरीय एकेडेमीको सिद्धान्तमा रिटायर्ड विग्रेडियर जेनेरल र स्टाफहरु पनि ६/७ जना पूर्व नावीबाट नै आउँछन । सशस्त्र प्रहरीका एकेडेमीको सम्बन्धमा एउटा छुट्टै ब्रान्च जसले सेक्युरिटी कोर्स चलाउने गरी सेक्युरिटी केन्द्र स्थापना गर्न सकिन्छ । यहि २०७० साल भाद्र ५ गते APCSS अलुम्नाई एसोसिएसन नेपाल दर्ता भई भाद्र २२ गतेका दिन एसिया प्यासिफिक सेन्टर फोर्स सेक्युरिटी स्टडी हवाईका चिफ दान लीफ ( Retd. Bre. Gen.) बाट उद्घाटन समेत भएको थियो । सो उद्घाटन समारोहमा एसिया पेसिफिक राष्ट्रहरुका ७,५०० भन्दा बढी अधिकृतहरु अलुम्नाई रहेकाछन् । सो एकेडेमीको नेपालमा मात्रै २३७ सदस्य संख्या पुगी सकेको छ । नेपालको एकेडेमीले सरकारको गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र अन्य सुरक्षा निकायका कर्मचारीहरुलाई ट्रेनिङ्ग दिन सकिन्छ । यस्तो सेन्टरमा शुल्क लिएर स्वदेश र विदेशबाट अध्ययन गर्न आउने विद्यार्थीका लागि दक्षिण र पूर्वी एसिया क्षेत्रलाई फोकस गरी विभिन्न कोर्ष डिजाईन गर्न सकिन्छ जस्तै प्रतिआतंकवाद, जनविद्रोह, ट्रान्स बोर्डर क्राईम, हिन्दु/बुद्धिष्ट/ईस्लाम धर्मको ईतिहास र संस्कृति, दैवि प्रकोप व्यवस्थापन, दक्षिण पूर्वी एसियाको कुटनीति, तिब्बति/भुटानि शरणार्थी व्यवस्थापन, चाईना र भारतको भूमिका र विदेशी नीति स्वतन्त्र तिब्बत मुभमेन्ट, एकल चीन नीति, दक्षिण पूर्वी एसियामा राजनैतिक उग्रवाद तथा अपराधिकरण, हिमालय र बनजंगलमा ग्लोबल वारमिङ प्रभाव, जलविद्युत र खानेपानीको श्रोत विवाद, महत्व र उपलब्धता, ईनर्जी सेक्युरिटी, क्राईसिस म्यानेजमेन्ट, म्युटिनी म्यानेजमेन्ट, दक्षिण पूर्वी एसियामा व्यापारका बहु आयमिक सम्भावना ईत्यादि । नेपालमा थुप्रै विज्ञहरु हुनुहुन्छ, जस्तै भेसबहादुर थापा, जयदेव आचार्य, टंक कार्की, भीमार्जुन आचार्य, प्रोफेसर सी के लाल, सी.वि.गुरुङ, बालनन्द शर्मा, सनत वस्नेत, राजेन्द्रबहादुर सिंह, सुशिलकुमार पन्त, रविराज थापा, चुडामणी भट्टराई, रतिन्द्र खत्री ईत्यादी उँहाहरुलाई समेट्नु जरुरी छ । उँहाहरुले राजदुत, यूएन प्रतिनिधि, नेपाली सेना, नेपाल प्रहरी, संविधानवीद/विशिष्ट अधिवक्ता, वरिष्ठ पत्रकार ईत्यादिको उच्चतम ओहदामा सेवा गरी सक्नु भएको छ । दुईवटा उदाउदो महाशक्ति राष्ट्र चीन र भारत यस क्षेत्रमा रहेकाले संसारकै प्रथामिकतामा यो क्षेत्र पर्दछ । कैलाश क्षेत्र, हिन्दु बाहुल्य क्षेत्र, माउन्ट एभरेष्ट लगायत अग्ला हिमशिखरहरु भएको, बुद्ध, सीता र रामको जन्म स्थान, महाभारत र रामयण जस्ता पौराणिक गाथा भएको, गीता ज्ञानको उद्गम स्थल आदि थुप्रै कारणहरु छन् । जसले गर्दा पर्यटन र ज्ञानका लागि पनि यो

दक्षिण पूर्व एसिया संसारकै करोडौं मानिसहरुको आकषर्णको केन्द्रविन्दू बनेको छ। अलकायदाको उद्गम स्थल पनि यहि क्षेत्रको पाक-अफ्गान सीमामा रहेकाले पनि यो क्षेत्र सबैको चासोको विषय बनेको छ। यसरी एड्भान्स सेक्युरिटी स्टडीको अवसर प्रदान गर्नुका साथै यस संघले नेपाल सरकारलाई थुप्रै विषयगत कानुनहरुमा संशोधन गरेर आफ्नो लागि थुप्रै कार्यक्षेत्रहरु सृजना गर्न सक्छ। संघले गर्न सक्ने नयाँ कार्य क्षेत्रहरु जस्तै a) detective forum, b)Negotiator Forum, c) Security Advising & Counseling forum, d)Security guards training centre, e) Pre recruitment training for Nepal Govt. security agencies. f) PSO & VIP security training, g)Airport security training for Gulf countries, h) Mass security management and operation centre (Stadium security etc), i) physical fitness centre with swimming pool and indoor game spots.

**अन्तर्राष्ट्रिय अभ्यास :-**

अहिले पाश्चात्य मुलुकमा सुरक्षा निकायका अफिसर्स क्लब अनलाईन सर्भिस वर्गेल्ति खुलेका छन्। जसले सुझाव दिने, कोर्स चलाउने र ईन्सटिच्युसन चलाउने अफिसर्स क्लबको रुपमा विकास गरेका छन्। जस्तै सिरिया विवाद, उत्तर कोरिया विवाद, संविधानसभाको चुनाव र चुनौतिहरु, संविधान लेख्ने उपायहरु, सीमा विवाद समाधानका उपायहरु, सीमामा हुने अपराध नियन्त्रणका उपायहरु, राजनैतिक अवरोधका कारक तत्वहरु, नेपाललाई ट्रान्जिट विन्दु बन्ने र भैरहेका भारतको आतंकवाद, जाली नोट, सानो हतियार र लागु औषधको ओसार पोसार, चेलीबेटी बेचविखन, जाली पासपोर्ट र नक्कली नागरिकता, अपहरण, हत्या र फिरौती, डकैती, असल शासन, हवाईजहाज अपहरण र शिक्षा र स्वास्थ्यका चुनौतीहरु ईत्यादि थुप्रै विषयहरु छन्। हामीसँग आर्थिक श्रोत जुटेपछि महिनै पिच्छे बुलेटिन प्रकाशन गरेर थुप्रै विषयमा सुरक्षा, राजनीति, आतंकवाद, न्यूक्लियर टेस्ट र केमिकल वयपन्स विवादको बारेमा देश र विदेशका फोरम वा सरकारलाई अपेक्षाको विश्लेषणपूर्ण सुझाव र लेखहरु स-शुल्क उपलब्ध गराउँन सकिन्छ। पब्लिकबाट राम्रा राम्रा आईडिया संकलन गरी सम्बन्धित लाई सुझाव दिन सकिन्छ। यसबाट सम्बन्धितहरुलाई आफ्नो काम कारवाहीको गल्ती सच्याएर काम गर्न निकै सहयोग पुग्छ। आज पनि हाम्रा थुप्रै अधिकृतहरुले थुप्रै वर्क्ससप, मिडियामा, सोसियल फोरम एवं नेटवर्कमा भाग लिईरहनु भएको छ र आफ्ना अमूल्य अनुभव र ज्ञानलाई शेयर गरी राख्नु भएको छ। थुप्रै ख्याति प्राप्त विदेशी एकेडेमीहरुमा आफ्नो लेखहरु प्रकाशन गरिरहनु भएको छ। यसलाई समेटेर आम्दानीको श्रोत बनाउनु पर्छ। हामीले थुप्रै विशेषज्ञहरु वा अन्य राष्ट्रले निर्वाचन अब्जर्भरको रुपमा माग्ने र पत्याउने वातावरण बनाउन सकेको खण्डमा संघको भविष्य उज्ज्वल छ।


**चुनौतीहरु :-**

आज संघमा थुप्रै किसिमका चुनौतीहरु छन्। सर्वप्रथम त जनशक्तिकै कमी छ, हामीले हाम्रा अवकाश प्राप्त वा स्वईच्छाले राजिनामा गरेका अधिकृत र जवानलाई समेट्न सकेको छैनौं। किनकि हामीले जिल्ला स्तरसम्म कार्यालय खोल्न सकेका छैनौँ जसमा आर्थिक अभाव नै ठुलो कारण रहेको छ। सबै सदस्यहरु आर्थिक रुपमा सबल नभएकोले उहाँहरुले आफ्नो जीविकोपार्जन गर्न विभिन्न पेशा अपनाउनु परेको छ र फुर्सद छैन। धेरै जसो युवा सदस्यहरुको काठमाण्डौं बाहिर घर छ र उहाँहरु मध्ये त धेरै जना विदेश गई सक्नु भएको छ या जाने तरखरमा हुनुहुन्छ। हामीले हाम्रा सदस्यलाई गोलबद्ध गर्नका लागि रोजगार उपलब्ध गराउनु पर्छ। दोस्रो कुरा सरकारले हामीलाई सहयोग गर्नु पर्दछ त्यसका लागि प्रस्ताव लिएर जानु पर्दछ। जस्तै जेष्ठ नागरिक बसोवास गर्ने बृद्धाश्रमको व्यवस्था जहाँ हामीले हाम्रो वृद्ध अवस्था सजिलै विताउन पाउने र निशुल्क शिक्षा

उपलव्ध गराई गरिब छात्रछात्रालाई स्तरीय शिक्षा प्रदान गरी योगदान दिन सकिन्छ। अन्य आर्थिक श्रोतका लागि पनि सरकारले हाम्रा जस्ता गैह्रनाफामूलक संघ संस्थालाई न्यून व्याजदरमा लोन उपलव्ध गराई सरकारी प्रति जग्गा लिजमा दिनु पर्छ ताकी संघ संस्थाले पेट्रोल पम्प, सेक्युरिटी स्टडी सेन्टर, ईम्प्लोइमेन्ट वेस एजुकेशनल स्कुल वा डिपार्टमेन्टल सप आदि संचालन गरी सर्वसाधारणलाई निशुल्क वा अत्यन्त कम शुल्कमा सेवा पुऱ्याउन सक्ने हुन्छन्।

**निष्कर्ष :-**

हिजोका दिनमा हाम्रा पूर्व प्रहरी महानिरीक्षकहरुले मन्त्री, राजदुत र संसद सदस्य भई समाजमा सकारात्मक छाप छोड्न सफल भैसक्नु भएको छ। आज प्रधानन्याधीस र पूर्व सचिवज्यूहरुले सरकार प्रमुख तथा विभागीय मन्त्रीका हैसियतले सरकार संचालन गर्नु भएको छ। हामी जस्तो अनुभवि एवं तालिम प्राप्त जनशक्तिको राष्ट्रलाई सदा आवश्यक हुन्छ भनि सबैले बुझ्नु पर्ने बेला आएको छ। गत भाद्र २० गते भएको APCSS अलुम्नाई एसोसियसन नेपालको उद्घाटन समारोहमा भएको US रिव्यालेन्सिंग पोलिसी अन एसिया प्यासिफिक रिजनका विषयमा भएको वर्कसपमा एसोसियसनका कोषाध्यक्ष पूर्व सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार वस्नेतज्यूले तिन मध्येको एक छलफल प्यानलको संयोजकको रुपमा आफ्नो सारगर्भित अभिव्यक्ति राख्नु भएको थियो, जसको APCSS हवाईका चिफ दान लीफले मुक्तकण्ठले प्रशंसा गर्नु भएको थियो। जेष्ठ नागरिक सरोकारका लागि पूर्व सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक छत्रबहादुर प्रधानले प्रशंसनीय भूमिका निर्वाह गरिरहनु भएको छ। यसरी हामी माझ रहनु भएका र नेपालका अन्य विज्ञहरुलाई बेलैमा समेट्नु पर्छ। यसबाट राष्ट्रको ठुलो लगानी लागेको विज्ञहरुबाट स्वदेश र विदेशमा पनि धेरैले सुसूचित हुन पाउने छन् साथै थुप्रै कनल्फिकट म्यानेज हुनका साथै मुलुकमा गुड गोभर्नेन्सको सहि दिशा पहिल्याउन ठुलो टेवा पुग्न जाने विश्वास लिन सकिन्छ।





# संगठन र संघ बीचको सुमधुर सम्बन्ध : संघको उन्नतिको मूल आधार

– भीम बहादुर पन्थ
सशस्त्र प्रहरी उपरीक्षक (अ.प्रा.)
सचिव-नेपाल पूर्व सशस्त्र प्रहरी संघ

नेपाल पूर्व सशस्त्र प्रहरी संघ स्थापनाको उद्देश्य नै अवकाश प्राप्त पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुको हक हितमा सक्रिय रुपमा लागि पर्नु हो । सशस्त्र प्रहरी बल संगठन पनि आफ्ना बहालवाला तथा अवकाश प्राप्त कर्मचारीको हक हितका खातिर योजनाबद्धरुपमा अग्रसर भइरहेकै छ । संघको मौजुदा अवस्थासम्म पुऱ्याउन संगठनका पूर्व संगठन प्रमुखहरुबाट यथेष्ठ सहयोग पुग्दै आएकोछ । संगठनकै सदिक्षा प्राप्त भएरै हो संघले स्थापनाको छोटो अवधिमा नै निकै अगाडि स्थापना भैसकेका संघ संगठन सरह आफूलाई उभ्याउन सफल भैसकेको छ । यसमानेमा संघमा आवद्ध सदस्य मात्रै होइन कि सिंगो संगठन गौरवान्वित महशुस भएको हुनुपर्छ ।

संघ गैह्रनाफामूलक संस्था भएकाले यसको आफ्नो आम्दानीको स्थायी श्रोत छैन । संगठनकै निगाहामा दैनिक कार्यसंचालनका लागि आवश्यक भौतिक पूर्वाधार, कार्यालय तथा मिटिङ हल, फर्निसिङका साथै अत्यावश्यक स्टेशनरीका सामानसमेत सौहाद्रपूर्ण वातावरणमा उपलब्ध हुँदै आएका छन् । संघले आफ्नो वार्षिकउत्सव तथा साधारण सभालाई संगठनले आफ्ना पूर्वजहरु र वहालवाला सदस्यहरु बीचको पुनर्मिलनको रुपमा स्वीकार गरी भएको सामान्य खर्च संगठनबाट व्यहोर्दै आउनुले संगठन र संघ बीचको आत्मियता छर्लङ हुन्छ ।

"जन्म पछि मृत्यु र सेवा प्रवेश पछि अवकाश" यी स्वयम्सिद्ध तथ्य हुन् । सेवाकाल भनेको केही समयको यात्रा पछि यात्रुले विश्राम लिने चौतारी जस्तै हो । अन्त्यमा चौतारी छोड्नै पर्छ तसर्थ जीवनको उर्जाशील समय सरकारी सेवामा व्यतित गरे पश्चात जीवनको उत्तरार्ध सक्रियरुपमा व्यतितगर्ने साझा थलो संघ संगठन हुने भएकाले संघको हित नै अन्त्यमा आफ्नै हितमा परिणत हुने यथार्थतालाई नजरअन्दाज गर्नु जायज हुँदैन र संगठनका होनहार विद्वत्त तहबाट संघ यही अपेक्षा राख्दै लाभान्वित हुने दृढविश्वास लिएको छ । "माटोको भर ढुगो, ढुंगाको भर माटो" भनेझैं आपसी सहयोग आदान प्रदानमा नै दुवै पक्षको हित हुने यथार्थतालाई मध्येनजर गर्दै अवकाश ग्रहण गरेतापनि संगठनको नाता कहिल्यै टुट्दैन । यही तथ्यलाई हृदयंगम् गरी संगठनका अग्रजहरुको निश्वार्थ सहयोग प्राप्त गर्ने सहज वातावरण निर्माण गर्नु संगठनको हितमा हुन्छ ।

अन्तमा, मातृसंगठन सशस्त्र प्रहरी बलकै सहयोगमा संचालित यस संघले आफ्नो स्थापनाको छैठौं वार्षिकउत्सवको उपलक्ष्यमा संघका गतिविधि झल्किने गरी संग्रहित **"अग्रज" संघको चिनारी २०७०** प्रकाशन गर्ने पहिलो प्रयासलाई सार्थक तुल्याउन विविध क्षेत्रको यथेष्ठ योगदान रहेकोछ । प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमै भएपनि सहयोग पुऱ्याउनु हुने महानुभावहरु धन्यवादका पात्र हुनुहुन्छ । संघको हरेक क्रियाकलापमा उल्लेख्य सहयोग पुऱ्याउने सशस्त्र प्रहरी बल संगठन विशेष धन्यवादको पात्र भएको कुरा जगजाहेरै छ । आगामी दिनमा पनि सहयोगको निरन्तरता भैरहने अपेक्षाका साथ संघका सदस्यहरुबाट पनि यथाशक्य सहयोग जुटाउने प्रण गर्दै सौहार्द्रपूर्ण वातावरणको पर्खाइमा पूर्वजहरु रहेको वर्तमान परिवेशमा संगठनले पनि संघलाई आफ्नै भातृसंगठन ठानी सोही अनुरुपको आत्मिय व्यवहार प्रदर्शन हुने विश्वास लिइएकोछ ।



# संघमा सक्रियता नै आत्म सन्तुष्टिको श्रोत

- बलराम तिमिल्सिना
सशस्त्र प्रहरी नायव उपरीक्षक (अ.प्रा.)
सचिव-नेपाल पूर्व सशस्त्र प्रहरी संघ

नेपाल पूर्व सशस्त्र प्रहरी संघ नेपालको महत्वपूर्ण सुरक्षा निकाय सशस्त्र प्रहरी बलको ऐन नियम अनुसार अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको साझा सामाजिक संस्था हो । अवकाश प्राप्त गर्नु भनेको केही अपवादलाई छोडेर सामान्यतया व्यक्तिको स्वास्थ्य र शारिरीक रुपमा पनि बुढौली तर्फ उन्मुख, जेष्ठ नागरिकको हैसियतमा पुग्ने अवस्था हो । त्यस्ता व्यक्तिको शारिरीक एवं मानसिक अवस्थाले ढिलो चाँडो आत्म सम्मान र आत्म सुरक्षाको अवस्थामा परिपूर्ति नभएको अनुभूति गराउँदछ ।

आवश्यक कुराहरु पाएर पनि आत्म सम्मानको अनुभूति प्राप्त हुन सकेन भने मनमा नैराश्यता उत्पन्न हुन जान्छ । यस्तो नैराश्यताले गर्दा शारीरिक र मानसिक रुपमा विभिन्न किसिमका रोगहरुले पनि सताउन थाल्दछ भने बेला नहुदै उमेरमै लौरो र औषधिको साहारा विना केही पनि गर्न नसकिने अवस्थाको सृजना हुन पुग्दछ । त्यसैले जीवनमा यस्तो अवस्थाको शुरुवात नै हुन नदिनका लागि अवकाश प्राप्त सबै तह र तप्काका सशस्त्र प्रहरी कर्मचारीहरु सक्रियता पूर्वक संघमा आवद्ध भएर निरन्तर रुपमा निम्नानुसारका लाभ प्राप्त गर्न सकिन्छ ।

सेवा अवधि तथा नोकरीहरुका कारणले वा अन्य कारणले नै किन नहोस सशस्त्र प्रहरी बलबाट अवकाश प्राप्त गर्नु भएका केही व्यक्तित्वहरुले संघ प्रति चासो नै नराख्ने, बोलाउँदा पनि नआउने गर्दा झन टाढा र एक्लो महशुस हुने हुँदा यसो गर्नु कसैको पनि हितमा छैन । सेवारत अवस्थामा कसैसँग केही लिनु दिनु थियो भने पनि त्यो अध्यायनै समाप्त भईसकेको छ । कसैले अवकाश पछि पनि पुराना कुरा सम्झेर एक्लै बस्ने हो भने आफ्नो रागले मरिच आफै चाउरीय जस्तो मात्रै हुने हो । कसैको सशस्त्र प्रहरी बल संगठनप्रति गुनासो छ भने पनि यसमा संघको के दोष ? निदोर्ष संघलाई हामी सबैले सहभागी भएर उत्तिकै माया गर्नु पर्दछ र हामीहरु तन, मन र धनका साथ एक जुट भई मिलेर अगाडि बढ्नु छ र केही गर्नु छ । त्यसैले संघमा सबैको सहभागिता पनि जरुरी छ । संघ सानो छैन हामी सबै सजिलै अटाउन सक्छौ र भोलि आउनेहरुलाई पनि माया र सम्मानका साथ समेट्न सक्छौं ।

संघ भनेको रेगुलर फोर्स जस्तो कडा अनुशासनमा राख्ने र शारीरिक हैरानी दिने संस्था हुँदै होईन । यो त प्रजातान्त्रिक प्रणालीको विश्वव्यापी मापदण्ड अनुसारको मूल्य, मान्यताको आधारमा पूर्ण प्रजातान्त्रिक नेतृत्वद्वारा संचालित एउटा गतिशील सामाजिक र सांस्कृतिक संस्कार एवं सभ्यताले ओतपोत अनुशासित संस्था हो ।

यो संस्थामा चाहेर पनि अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु तथा निवृत्तिभरण प्राप्त गर्ने परिवारका सदस्य बाहेक कोही पनि सदस्यता लिन र संघमा आवद्ध हुन सक्दैनन् । यस संस्थाले आफ्नो वर्गिय हकहितमा मात्रै काम गर्दैन यसले सामाजिक सेवाका साथसाथै सशस्त्र प्रहरी बलका विरुद्धमा देखा पर्ने जुनसुकै तत्वलाई प्रतिकार गर्ने सम्मको साहास राख्दछ । तर मौकामा यस्तो शक्तिको सदुपयोग एवं सहयोग प्राप्त गर्ने वातावरण बनाउने वा मिलाउने दायित्व सशस्त्र प्रहरी बलकै हो । बललाई सहयोग र सहकार्य गर्न नेपाल पूर्व सशस्त्र प्रहरी संघ जहिले पनि तयार रहनेछ भने यस्ता सहयोग र सहकार्यले पनि अवकाश प्राप्त जीवनमा एक प्रकारको उर्जा र आत्मसन्तुष्टि मिल्नेछ । मानवीय जीवनको अन्तिम विन्दु नै आत्म सन्तुष्टि हो ।

नेपाल सशस्त्र प्रहरी बल संगठनको संगठनात्मक सुदृढीकरणमा अहोरात्र खटिएर महत्वपूर्ण योगदान गरी अवकाश ग्रहण गरेका जेष्ठ, अग्रज सदस्यहरुप्रति सशस्त्र प्रहरी बलबाट आत्म सम्मानपूर्ण व्यवहार भएन भने पनि चित्त दुख्ने र नैराश्यता पैदा हुने हुन्छ। संगठनबाट पनि अवकाश प्राप्त गरेका अग्रजहरुको चित्त दुखाउने गरी छोटा र रुखा व्यवहार कहिलै नहोस् भाईचाराको सम्बन्धमा अझ गाढापन आउदैं जाओस् भन्ने कामना गर्नु पनि सान्दर्भिक देखिन्छ।

## संघमा आवद्ध हुँदाका सकारात्मक पक्ष :

- ✓ एक्लोपनबाट छुटकारा पाउने।
- ✓ फर्सदको समय कटाउन सजिलो पर्ने।
- ✓ समाजका धेरै व्यक्तित्वहरुसँग घुलमिल हुन सकिने।
- ✓ साथीसँगीबीच मन खोलेर हाँस खेल हुने भएकाले स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पर्ने।
- ✓ सेवाभावपूर्ण कार्यको संलग्नताले आत्म सन्तुष्टि मिल्ने।
- ✓ समाज र मुलुकका लागि धेर थोर योगदान हुने।
- ✓ समाजको मात्रै होईन यस्ता पवित्र कार्यले पितृ आसिक समेत प्राप्त हुने।
- ✓ सोस्फुर्त रुपमा सक्रियता बढाउदाँ शारिरीक तन्द्रुस्ती पनि रहने।
- ✓ आफ्नो बुढौलीपन नकारात्मक भावना पनि हट्ने।
- ✓ आफुलाई मानसिक रुपमा जवान महसुस गर्न सकिने।
- ✓ सानातिना रोग व्याधलाई आत्म बलको माध्यमले दबाउन सकिने।
- ✓ खाना, पिना, काम र सुत्ने समयको निश्चित कार्य तालिका वन्न सक्ने।
- ✓ समाजले खोजी गर्ने वर्ग भीत्र परिने।
- ✓ आफ्नो दुःख सुख पनि बाँढेर हलुँगो हुन सकिने।
- ✓ आफ्ना सन्ततिले पनि असल संस्कार सिक्ने।
- ✓ संघको प्रभावले वृद्धाअवस्थामा घरमै सन्तानको सुख सुविधा स्याहार प्राप्त हुन सक्ने।
- ✓ संघलाई जेष्ठ नागरिक क्लबको रुपमा पनि एकछेउबाट विकास गर्दै लान सकिने।
- ✓ पारिवारिक एकता र भातृत्वभावको विकास हुने।
- ✓ आवश्यक सहयोगको आदान प्रदान हुने।
- ✓ समस्या समाधानमा सहयोग प्राप्त गर्न सकिने।
- ✓ सामूहिक रुपमा आत्मबलको विकास हुने।
- ✓ सन्ततिहरुका लागि समेत रोजगारीका अवसरहरु प्राप्त हुने वातावरणको सृजना गर्न सकिने।
- ✓ आफ्ना हकअधिकारको लागि एक्लै लड्न नपर्ने।
- ✓ नयाँ सम्बन्ध विस्तारमा पनि सहयोग प्राप्त हुन सक्ने।
- ✓ खारिएको परिपक्व अनुभवलाई पनि राष्ट्रहितमा सदुपयोग गर्न सकिने।
- ✓ एक आपसको मिलनले पनि एक किसिमको आन्तरिक उर्जा प्रवाहित गराउने।



# संघ नै उत्तम समाजसेवा

– प्रविण तिमिल्सिना
इचंगुनारायण, काठमाडौं

समाजसेवाको स्पष्ट परिभाषा नभईसकेको वर्तमान परिवेशमा सबैको एक मत नहुन सक्छ तर सामान्यतया समाज सेवा भन्नाले समाजमा बस्ने विशेष गरेर आर्थिक र सामाजिक रुपमा कमजोर समुदायको हित हुने अभिप्रायले जे जति क्रियाकलापहरु समाजमा गरिन्छन् ती सबै समाजसेवा भित्र पर्दछन् । यस्तो सेवाका क्षेत्रहरु फरक अवश्य हुन्छन् । जस्तो कि कसैले गरिबहरुका लागि खान दिएर, कसैले स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिरका दिनदु:खीहरुलाई उपचार नि:शुल्क वा कम शुल्कमा उपचार गरी दिएर, कसैले आङ ढाक्ने समस्याबाट पीडित व्यक्तिहरुलाई नयाँ वा पुराना वस्त्रहरु दिएर वा यस्तै यस्तै अन्य किसिमका आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराई वा मर्दापर्दा नै किन नहोस् विभिन्न उपायबाट सामाजिक दायित्व निर्वाह गर्नु पनि समाजसेवा नै हुन् ।

हुन त संघको परिभाषामा यसलाई सिधै समाजसेवा मात्रै मानिएको छैन । बरु यसलाई आफ्नो वर्गीय हकहितको संरक्षण गर्दै सामाजिक सेवा र राष्ट्रको शान्ति सुरक्षा सुदृढीकरणमा अनुभवको आधारमा सक्दो योगदान पुऱ्याउन सशस्त्र प्रहरी बलसँग निरन्तर सहकार्य गर्ने, विशेषगरी सुरक्षा व्यवस्थापनको क्षेत्रमा खारिएका अनुभवी एवं परिपक्व जनशक्तिलाई राष्ट्रहितमा संगठित गरी प्रजातान्त्रिक विश्वव्यापी मान्यता अनुरुप नेतृत्व गर्ने जस्ता बहुउद्देश्यीय दायित्व निर्वाह गर्ने संघको रुपमा विकसित गराउने लक्ष्य लिइएको छ ।

आफ्नै हकहितको नाममा समाजमा रहेर कुनै पनि गतिविधिहरु सञ्चालन गरिन्छ भने त्यो पनि समाजसेवा भित्रै पर्दछ । यद्यपि यसको मात्रा केही घटी बढी अवस्य पनि हुन सक्दछ । नेपाल पूर्व सशस्त्र प्रहरी संघ भन्ने वित्तिकै संघमा एकादुई व्यक्ति मात्रै हुँदैनन्, अवकाश प्राप्त तमाम सशस्त्र प्रहरीहरुको साझा चौतारी भएकाले यो संघमा आवद्ध हुनेहरुको संख्या एकिन हुँदैन । संघको माध्यम बाट संघमा आबद्ध सदस्यहरु मिलेर संयुक्त रुपमा विभिन्न गतिविधिहरु सञ्चालन गर्दछन् । संघले संचालन गर्ने गतिविधिहरु जहिले पनि नैतिक मूल्य मान्यतामा आधारित हुने गर्दछन् । यो संघ गैर नाफामूलक भएकोले नाफा कमाउने ध्येय कदापि राख्दैन बरु निस्वार्थ भावले उच्चस्तरीय सेवा दिनु पर्दछ भन्ने मान्यता राख्दछ । संघले आफ्नो सदस्यहरुको सहभागितामा संचालन गर्ने गतिविधिहरुका कारण आर्जन गरेको मुनाफाबाट समुदायको हितमा कार्य गर्ने भएकाले संघ नै उत्तम समाज सेवा हो ।

संघमा प्रवेश खुल्ला सदस्यताको सिद्धान्त अनुसार (कुनै कारवाहीमा परी संघको सदस्यता लिन नपाउनेहरु बाहेक) अवकाश प्राप्त जुनसुकै सशस्त्र प्रहरी कर्मचारी सजिलै प्रवेश पाउने भएकाले संघको सम्पतिमा पछि आउनेको पनि उत्तिकै हक लाग्दछ जति संस्थापकहरुको लाग्ने गर्दछ । यसरी हेर्दा संघ एउटा यस्तो सेवा केन्द्र हो जहाँ सदस्य हुने सबैले पूर्वजले छाडेको सम्पति समानरुपमा उपभोग गर्न पाउँदछन् ।

संघले सबैका लागि एक र एकका लागि सबै भन्ने मान्यता राख्दछ । अरुलाई सहयोग गर्नु वा अरुको भलो चिताई कार्यक्रम संचालन हुने भएकाले त्यही नै उत्तम समाजसेवा हो । अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुले संघको आजीवन वा सक्रिय सदस्यता लिएर सक्रियतापूर्वक कार्य गरिन्छ भने त्यो पनि उत्तम समाजसेवा नै हो ।

संघले आफ्ना सदस्यहरुको हकहितमा मात्रै होईन समाजमा रहेका मानिसहरुका हितमा पनि काम गर्नु पर्दछ । वातावरण सुधारका लागि, सर सफाई, वृक्षारोपण, बाटो पुलपुलेसाको निर्माण, स्थानीय पाठशाला मर्मत/सुधार निर्माण, स्वास्थ्य, शिक्षा, खानेपानी, अशक्त अपांग र बृद्धबृद्धाहरुको हेरचाह देखि लिएर बेरोजगारलाई आय आर्जनको सीप विकास गर्न सघाउने, आनिवानिमा सुधार गराउने कार्यहरु पनि समाजसेवा भित्र पर्दछन् भने संघका अधिकांश सदस्यज्यूहरु मानसिक रुपमा अपांग र अशक्त बालबालिका एवं व्यक्तिहरुको उद्धार गर्ने संस्थामा संलग्न रही सामाजिक सेवा पुऱ्याउँदै आईरहेको सन्दर्भ पनि उल्लेख गर्न सान्दर्भिक होला । त्यसै गरेर वेसहारा एवं असहाय सडक बालबालिका एवं व्यक्तिहरुलाई सडकमै गएर प्रत्येक मंगलबारका दिन नियमित रुपमा खाना खुवाउने, सामाजिक रुपमा सहयोगी संस्थामा पनि संघका सदस्यज्यूहरु संलग्न भई सामाजिक सेवा पुऱ्याउँदै आउनु भएको छ । व्यक्तिगत र अप्रत्यक्षरुपमा कति सदस्यज्यूहरुले यस्ता सामाजिक कार्य गरिरहनु भएको होला र हामी तमामले कुनै न कुनै रुपमा सामाजिक सेवा गरिरहेका छौं । तर यही कार्यलाई संघ मार्फत एकिकृत रुपमा गर्ने वातावरण बनाउने हो भने अझ सुनमा सुगन्ध भने जस्तै हुने थियो । अत्यन्त प्रभावकारी यस्तो एकिकृत सेवा जसले संघको आफ्नो औचित्यता पनि पुष्टि हुन जाने भएकाले समयमै संघ मार्फत एउटा समाजिक कोषको स्थापना गर्ने र सोही कोष मार्फत एकिकृत रुपमा संघको नामबाट कार्यक्रम संचालन गर्ने हो भने त्यो नै अझ उत्तम समाज सेवा हुन जाने निश्चित छ । आवश्यक पूर्वाधार सहित आर्थिक रुपमा सवल हुँदै जाँदा भविष्यमा संघका समस्त सदस्य र तिनका आश्रित परिवारहरुको बौद्धिक, नैतिक, समाजिक र आर्थिक स्तरको अभिवृद्धि हुने विभिन्न गतिविधिहरु सञ्चालन हुँदै जाने भएकाले संघद्वारा एकिकृत रुपमा सञ्चालित यस्ता गतिविधिहरु नमूनालायक समाजसेवा कहलिन जाने विश्वास लिन सकिन्छ ।



# आचारसंहिता २०६८

## प्रस्तावना (Preamble)

यस नेपाल पूर्व सशस्त्र प्रहरी संघको सु-संचालन एवं व्यवस्थापन र राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा अवकाश प्राप्त सेना तथा प्रहरीहरुको संघ संगठनको मुल्य, मान्यता, सिद्धान्त अनुरुप सशक्त बनाउँदै संघको विधान बमोजिम उदेश्य प्राप्तिका लागि बल पुऱ्याउन संघको पदीय दायित्वमा रहने संचालक समिति, आवश्यकता अनुसार गठन हुने उपसमितिहरुका सदस्यहरु एवं केन्द्रीय परिषद्का सदस्यहरुको रुपमा रहने अवकाश प्राप्त सशस्त्र प्रहरीहरुको क्रियाकलापलाई जिम्मेवारपूर्ण, ईमान्दार, अनुशासीत एवं मर्यादीत र एकता, भातृत्व, सद्भाव कायम गरी हक, हीत, कल्याण, बौद्धिक, सामाजिक र आर्थिक अवस्था सवल बनाउन नितान्त आवश्यक महसुस भएकाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान २०६४ को परिच्छेद ८ को नियम ४० को आधारमा नेपाल पूर्व सशस्त्र प्रहरी आचार संहित २०६८ बनाई लागू गर्न वान्छनीय भएकोले यो आचार संहिता जारी गरिएको छ ।

### परिच्छेद १

१. **नाम :-**

यो संहिताको नाम नेपाल पूर्व सशस्त्र प्रहरी आचारसंहिता २०६८ रहनेछ । यसलाई अंग्रेजीमा **Nepal Ex –Armed Police Code of Conduct 2068** भनिनेछ ।

२. **प्रारम्भ :-**

यो आचार संहिता पछि साधारण सभाबाट अनुमोदन गराउने गरी कार्य समितिले निर्णय गरेको मिति देखि लागू हुनेछ । (निर्णय मिति २०६८/०२/१६ गते सोमवार)

३. **परिभाषा :-**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा :

(क) "संहिता" भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी आचारसंहिता २०६८ लाई सम्झनु पर्दछ ।

(ख) "विधान" भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान २०६४ लाई सम्झनु पर्दछ ।

(ग) "संघ" भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई सम्झनु पर्दछ ।

(घ) "पदाधिकारी" भन्नाले संघको संचालक समितिका सम्पूर्ण पदाधिकारीहरु एवम् सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले संघको विधान बमोजिम सदस्यता लिएका अवकाश प्राप्त स.प्र.एवं अन्य परिवारहरुलाई समेत सम्झनु पर्दछ ।

(च) "पूर्व सशस्त्र प्रहरी" भन्नाले संघको सदस्यता लिएका र नलिएका पनि नेपाल सशस्त्र प्रहरी बल संगठनको आधारभूत तालिम प्राप्त गरी सकेपछि वा नेपाली सेना र नेपाल प्रहरीबाट स्थानान्तरण भई स.प्र.बल संगठनबाट अवकाश ग्रहण गरेका सशस्त्र प्रहरीहरुलाई सम्झनु पर्दछ ।

(छ) "परिषद्" भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान बमोजिम सदस्यता प्राप्त गरेका व्यक्तिहरुको सामुहिक भेला(साधारण सभा) लाई सम्झनु पर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले कार्यकारिणी समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले संघको कार्यकारिणी (संचालक) समितिलाई सम्झनु पर्दछ ।

(ञ) "सचिव" भन्नाले कार्यकारिणी समितिको सचिवलाई सम्झनु पर्दछ ।

(ट) "कोषाध्यक्ष" भन्नाले कार्यकारिणी समितिको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

**४. उद्देश्य :-**

१. नेपाल पूर्व सशस्त्र प्रहरी संघको मूल्य, मान्यता र सिद्धान्तलाई व्यवहारमा उतार्न र संघलाई सशक्तरुपमा सु-संचालन गर्दै प्रभावकारी एवं सम्मानीत बनाउने ।

२. संघमा आवद्ध सदस्यहरुको व्यक्तिगत एवं सामाजिक कृयाकलापलाई मर्यादीत एवं आदर्शयुक्त बनाउने ।

३. संघका कृयाकलापलाई नियमित, व्यवस्थित, अनुशासीत एवं पारदर्शी बनाउदै सामाजिक संस्कृतिको निमार्ण गर्ने ।

४. संघको पदाधिकारी एवं सदस्यहरुको काम कारवाही उत्तरदायी एवं जवाफदेही बनाउने ।

५. संघको व्यवसायिक गतिविधि एवं व्यवस्थापनमा सुधार ल्याउने ।

६. संघको विधानमा उल्लेखित उदेश्य परिपुर्तीका लागि विविध कार्यहरु सम्पादन गर्ने ।

## परिच्छेद ३

**५. नेपाल पूर्व सशस्त्र प्रहरी संघमा आवद्ध सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुले पालना गर्नु पर्ने आचारसंहिता :-**

१. संघको मूल्य, मान्यता, सिद्धान्त तथा विधान एवं नीति निर्णयहरुको पूर्णरुपमा परिपालना गर्नु पर्ने ।

२. संघको साधारण सभा तथा अन्य कार्यक्रमहरुमा सक्रियतापूर्वक सहभागीता जनाउनु पर्ने ।

३. संघको गतिविधिहरुमा क्षमताअनुसार सहभागीता जनाउनु पर्ने ।

४. संघको हैसियत प्रयोग गरी नाजायज फाईदा लिन नहुने ।

५. संघका सदस्यहरुबीच धर्म, जात-जाति, लिङ्ग, वर्ण, दर्जा आदिका आधारमा भेदभाव गर्न नहुने र हरेक सदस्यहरुकाबीच नम्रता तथा आदारपूर्वक व्यवहार गर्नु पर्ने ।

६. प्रत्यक्ष वा अप्रत्यक्षरुपमा संघको उदेश्य तथा हीत विपरित हुने कुनैपनि कृयाकलापमा संलग्न हुन नहुने ।

७. संघको गोपनियता भङ्ग गर्न नहुने ।

८. संघको सम्पतिको रुपमा रहेका सर-समानहरु कसैले पनि व्यक्तिगत रुपमा प्रयोग गर्न नहुने ।

९. सांस्कृतिक एवं पारिवारिक रितीरिवाजअनुसार सम्पन्न गरिने सामाजिक व्यवहारलाई शिष्ट, सामान्य र मितव्यायी बनाई समाजमा नमूनाकोरुपमा रहन प्रयत्नशिल रहने ।

१०. आजीवन सदस्यता लिनुहुने सदस्यहरु बाहेक वार्षिक साधारण सदस्यता लिने सदस्यहरुले म्याद सकिएपछि ९० दिन भित्र अनिवार्यरुपमा सदस्यता नविकरण गर्नु पर्ने ।

११. कार्य समितिको स्वीकृति विना कुनै पनि सदस्यहरुले यस्तै प्रकृतीका अन्य संघ संस्था वा मञ्चको सदस्यता लिन नहुने ।

१२. यस संघको कुनै पनि सदस्यहरुले आफ्नो र संघको ईज्जत प्रतिष्ठामा आघात पुग्ने आर्थिक कृयाकलापमा संलग्न हुन नहुने । (जस्तै जुवा, बाजी, तस्करी आदि)

१३. कुनै बैठक, छलफल तथा पूनर्मिलन एवं पर्व कार्यक्रम आदिमा आफ्नो मर्यादा विपरीतको आचरण व्यवहार गर्न नहुने ।

१४. लामो समयसम्म अनुशासीत संगठनको परिधिबाट बाहिर निस्कदा स्वतन्त्रता महशुस गरी अनियन्त्रित क्रियाकलापबाट पर रही अवकाश पश्चात समाजमा अझ बढि जिम्मेवार हुनु पर्ने ।

१५. कुनै पनि पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुले अर्को कुनै संघ/संगठन गठन गर्न गराउन नहुने ।

१६. संघको उदेश्य नै अवकाश प्राप्त सशस्त्र प्रहरीहरुको हक हीतमा सहभागी हुने भएकाले सदस्यता लिन बा"की अवकाश प्राप्त सम्पूर्ण सशस्त्र प्रहरीले स्वेच्छाले संघको सदस्यता लिने तर्फ प्रयत्न गर्ने ।

१७. कुनै पनि सदस्यहरुलाई प्राप्त भएको जिम्मेवारी इमान्दारी बफादारीका साथ बहन गर्नुपर्ने ।

१८. यस संस्थामा आबद्ध कुनैपनि सदस्यहरुको दुःख सुख थाहा पाउदा र अनुरोध गर्दा सहभागी हुनु सबै सदस्यहरुको कर्तव्य हुनेछ ।

१९. कुनैपनि औपचारिक कार्यक्रमहरुमा उपस्थित हुँदा औपचारिक (राष्ट्रिय) तथा मर्यादीत पोशाकको प्रयोग गर्नु पर्ने ।

२०. कुनैपनि राजनैतिक पार्टीको आस्था तथा विचारहरुलाई संघमा अनिवार्यता गर्न नहुने ।

## परिच्छेद ४

**विविध**

१. यस आचार संहिताको व्याख्या गर्ने अन्तिम अधिकार संघको कार्यकारिणी समितिमा रहनेछ ।

२. यस आचार संहितामा समय सापेक्ष संशोधन गर्नु पर्ने भएमा संघको कार्यकारिणी समितिले संशोधनको प्रस्ताव पछि साधारण सभाबाट अनुमोदन गराउने गरी संशोधन गर्न सक्नेछ ।

३. यस आचार संहितामा उल्लेख गरिएको कुनै कुराहरु बाझिएमा संघको विधान अनुरुप व्याख्या गरिनेछ ।


**हाम्रा सेवाहरु**

★ स्टेशनरी सामान
★ खाद्यान्न थोक
★ लत्ता कपडा
★ शिखर सुज
★ ग्याँस सिलिण्डर
★ ग्याँस चुल्हो
★ रेगुलेटर
★ ग्याँस पाइप
★ लाइटर
★ जार पानीको लागि सम्पर्क गर्नुहोला ।




**कन्चन भेराइटी सप**

इचंगुनारायण-४, गैरीगाउँ, काठमाडौं

फोन : ९८५१००७३७८, ९८४११२३६७०

# संघको विधान-२०६४

## (संशोधन सहित)

**प्रस्तावना,**

नेपालको सशस्त्र प्रहरी बल (संगठन) मा अनवरतरुपमा सेवा गरी उक्त संगठनको ऐन, नियममा भएको व्यवस्था अनुसार (जुनसुकै पदबाट भए पनि) अवकाश प्राप्त गरेका सशस्त्र प्रहरी कर्मचारीहरुका बीचमा समानताका आधारमा एकता, भातृत्व, सहयोग र सद्भावनाको अभिबृद्धि गराई, सदा स्वतन्त्र न्यायको पक्षमा रहने, आफ्नो वर्गीय हक हितको संरक्षण गर्ने, संघका समस्त सदस्य र तिनका आश्रीत परिवारहरुको बौद्धिक, नैतिक, सामाजिक र आर्थिक स्तरको अभिवृद्धि हुने खालका विभिन्न गतिविधिहरु संचालन गर्ने, त्यस्तै सामाजिक सेवा र राष्ट्रको शान्ति र सुरक्षा सुदृढिकरणमा अनुभवको आधारमा सक्दो योगदान पुऱ्याउन सशस्त्र प्रहरी बलसँग द्विपक्षीय आपसी सहयोग आदान प्रदानका लागि समेत निरन्तर सहकार्य गर्दै खारिएको अनुभवी एवम् परिपक्व जनशक्तिलाई राष्ट्र हितमा संगठित गर्न र सो संगठित शक्तिलाई विश्वव्यापी प्रजातान्त्रिक मूल्य, मान्यताअनुरुप नेतृत्व एवम् संचालन गर्ने उद्देश्य सहित एउटा अनुसाशीत, सशक्त, गतिशील एवम् प्रभावकारी संस्थाको आवश्यकता महसुस गरी नेपालको संविधान तथा प्रचलित कानुन बमोजिम मिति २०६४ साल आश्विन २७ गते जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा दर्ता भई नेपाल पूर्व सशस्त्र प्रहरी संघको नामले स्थापना गरिएको संघको विधान २०६४ का केही नियम, उपनियमहरु समय सापेक्ष कार्यव्यवहारमा मेल नखाने भई संशोधन तथा थप गर्नुपर्ने नितान्त आवश्यक देखिएकाले संघको केन्द्रीय परीषद्को बैठक तथा पाँचौ बार्षिक साधारण सभाबाट भएको निर्णय अनुसार गरिएको संशोधन जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट अनुमोदन भएको मिति २०६८/०८/१८ गते देखि लागू हुनेछ।

### परिच्छेद - १

**(१) संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस संघको विधानको नाम "नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान (दोस्रो संशोधन सहित) २०६४"रहने छ।

(ख) यो विधान जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको मिति देखि नेपाल पूर्व सशस्त्र प्रहरी संघका सदस्यहरु माथि लागु हुनेछ।

(ग) संघको केन्द्रीय कार्यालय काठमाण्डौंमा रहनेछ।

(घ) संघको चिन्ह र झण्डा अनुसूचि १ मा उल्लेख गरे बमोजिम हुनेछ।

(ङ) संघको अस्तित्व : यस नेपाल पूर्व सशस्त्र प्रहरी संघ एक अभिच्छिन्न, उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरराजनैतिक तथा गैर सरकारी, समाजिक संघ हुनेछ भने प्रचलित कानुनी व्यवस्थाको प्रतिकुल नहुने गरी बर्गीय हकहितका लागि बिभिन्न गतिबिधिहरु संचालन गर्नुका साथै मानवीय र सामाजिक सेवाका विभिन्न क्षेत्रमा पनि परोपकारी कार्य गर्ने भएकाले यो संघ बहुउद्देश्यीय पनि हुनेछ।

**(२) परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :-**

(क) "विधान" नियम तथा विनियम भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान नियम वा विनियम (दोस्रो संशोधन सहित) २०६४ लाई सम्झनु पर्दछ।

(ख) "संघ" भन्नाले यस विधानको नियम तथा विनियम अन्तर्गत रही नेपाल राज्य भित्र गठित जुनसुकै तहको नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई सम्भनु पर्दछ।

(ग) "परिषद्" भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको केन्द्रीय, जिल्ला तथा क्षेत्रीय परिषद् लाई सम्भनु पर्दछ।

(घ) "पूर्व सशस्त्र प्रहरी" भन्नाले नेपाल सशस्त्र प्रहरी बलको आधारभूत तालीम प्राप्त गरेका वा नेपाल प्रहरी वा नेपाली सेनाबाट स्थानान्तरण भई सशस्त्र प्रहरी बलको कर्मचारी भए पछि अवकाश प्राप्त गरेका सशस्त्र प्रहरीलाई सम्भनु पर्दछ।

(ङ) "पार्षद" भन्नाले केन्द्रीय, जिल्ला तथा क्षेत्रीय परिषद्का सदस्य सम्भनु पर्दछ।

(च) सक्रिय सदस्य भन्नाले वार्षिक रुपमा नविकरण गर्ने गरी संघमा आवद्ध भई तोकिएको शुल्क तिरी सदस्यता लिएको सदस्यलाई सम्भनु पर्दछ।

छ) आजीवन सदस्य भन्नाले एक पटक तोकिएको शुल्क तिरी (जीवनभर तिर्न नपर्ने गरी) संघमा सक्रिय रहेका सम्मानित सदस्यहरुलाई सम्भनु पर्दछ।

ज) मानार्थ सदस्य भन्नाले अवकाश प्राप्त सशस्त्र प्रहरी बाहेकका संघको सदस्यता लिएका स्वदेशी तथा विदेशी विशिष्ट महानुभावहरुलाई सम्भनु पर्दछ।

झ) साधारण सदस्य भन्नाले सशस्त्र प्रहरी बलबाट सम्मानजनक रुपमा अवकाश प्राप्त गरेका तर संघको सदस्य लिन नभ्याएका सशस्त्र प्रहरी कर्मचारीहरुलाई सम्भनु पर्दछ।

ञ) पदाधिकारी भन्नाले कार्यकारीणी समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सह-कोषाध्यक्ष र सदस्यहरु सबैलाई सम्भनु पर्दछ।

ट) सल्लाहकार भन्नाले संघको लागि विशेष योगदान दिन सक्ने भनि कार्य समितिले सल्लाहकारमा मनोनयन गरेका विशिष्ट व्यक्तित्वहरुलाई सम्भनु पर्दछ।

(ठ) "स्यानीय निकाय" भन्नाले गा.वि.स., न.पा., उप म.न.पा., म.न.पा., जि.वि.स. समेतलाई सम्भनु पर्दछ।

(ड) "स्थानीय प्रशासन" भन्नाले सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई सम्भनु पर्दछ।

(ढ) "स्थानीय प्रशासन प्रमुख" भन्नाले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सम्भनु पर्दछ।

(ण) "पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद्" भन्नाले निजामति, सेना, सशस्त्र प्रहरी र प्रहरीका पूर्व संघ/संगठनहरुबाट विधिवतरुपमा स्थापित छाता संगठन परिषद्लाई सम्भनु पर्दछ।

(त) "परिवार" भन्नाले प्रचलित कानुनले परिवार भनि परिभाषित गरेका परिवार भित्रका सदस्यहरुलाई सम्भनु पर्दछ।

## परिच्छेद -२

**(३) उद्देश्य :- नेपाल पूर्व सशस्त्र प्रहरी संघका उदेश्यहरु निम्न बमोजिम हुनेछन् :-**

(क) यो संघ गैरनाफामुलक, गैरराजनीतिक तथा मुनाफारहित बहुउदेश्यीय जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) संघमा आवद्ध सेवानिवृत्त सशस्त्र प्रहरीहरुले सेवामा रहंदा आर्जेको अनुभव, ज्ञान, सीप योग्यता र दक्षतालाई राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकताको रक्षाका साथै जेष्ठ नागरिक, मानसिक तथा शारिरीक रुपमा अशक्त बालबालिका लगायत अवकाश प्राप्त सशस्त्र प्रहरीहरुका परिवारका हकहित एवं संरक्षण र सेवामा सहयोग गर्न संगठित रुपमा यो संघ प्रयासरत हुनेछ ।

(ग) संघले अवकाश प्राप्त सशस्त्र प्रहरीका आश्रित, बाल बालिका तथा जेष्ठ नागरिकको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याउने प्रयास गर्नेछ ।

(घ) जेष्ठ नागरिकहरु, पूर्व राष्ट्रसेवक, उनीहरुको परिवार एवं मुलुकका पिछडीएका वर्गलाई सहयोग र स्वरोजगारीका लागि विभिन्न किसिमका आयमुलक योजना तालिम र कार्यक्रमहरु संचालनका लागि प्रयास गर्नेछ ।

(ङ) संघले राष्ट्रलाई आवश्यक परेमा सुशासन स्थापित गर्न  भरपर्दो सुरक्षा पद्धतिको विकास गर्न आवश्यकता अनुसार सशस्त्र प्रहरी बल लगायत सम्बन्धित निकाय र पदाधिकारीलाई सल्लाह र सुझाव दिनेछ ।

(च) संघले अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुका बीच एकता, भातृत्व, आपसी सहयोग र सद्भाव अभिवृद्धि गर्दै राष्ट्र र समाजप्रति उत्तरदायित्वबोध गर्ने र गराउनेछ र राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, अक्षुणता सार्वभौमिकताको जगेर्ना र राष्ट्रिय सुरक्षा कायम गर्नमा सहयोगीको रुपमा भूमिका खेल्ने प्रयास गर्नेछ ।

(छ) अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुले आर्जन गरेको अनुभव, ज्ञान सीप, योग्यता र क्षमतालाई राज्यका विभिन्न क्षेत्रमा उपयोग गराउदै राष्ट्रिय विकासका लागि आवश्यक पहल गर्ने र उपयुक्त भूमिकाको खोजी गर्नेछ ।

(ज) विश्वको बदलिंदो परिस्थितिअनुरुप पूर्व कर्मचारीहरुका समान प्रकृति र चरित्रका विधिसम्मत रुपमा गठित राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरुसंग मैत्रीपूर्ण सम्बन्ध, सद्भाव, अभिवृद्धि गर्दै मानव कल्याण एवं सामूहिकहितका लागि उपयुक्त कार्य सञ्चालन गर्न प्रयत्नरत रहनेछ ।

## परिच्छेद - ३

**(४) सदस्यता :-**

क) यस संघमा अवकाश प्राप्त सबै तहका सशस्त्र प्रहरी कर्मचारीहरु स्वतहः साधारण सदस्य हुनेछन् ।

(ख) संघको सदस्य बन्न नेपाल सशस्त्र प्रहरी बलको आधारभूत तालीम प्राप्त गरी दिक्षान्त समारोहमा सम्मिलित भएको हुनु पर्नेछ वा नेपाल प्रहरी वा नेपाली सेनाबाट स्थान्तरण भई सशस्त्र प्रहरी बलको कर्मचारी भएको हुनुपर्नेछ ।

(ग) अवकाश प्राप्त कर्मचारीहरुको मृत्यु पश्चात् पारिवारीक निवृत्तिभरण पाउने व्यक्तिहरु पनि स्वतः साधारण सदस्य हुनेछन् ।

**(५) सदस्यताको प्रकार :-**

(क) साधारण सदस्यः-

(ख) सक्रिय सदस्य

(ग) आजीवन सदस्य

(घ) मानार्थ सदस्य

**द्रष्टव्य** – बिदेशका सुरक्षा निकायबाट अबकाश प्राप्त गरी यस संघको सदस्यता लिई सहयोग गर्न चाहने नेपालीलाई संघको आवश्यकतालाई हेरेर कार्य समितिको निर्णयअनुसार सदस्यता प्रदान गर्न सकिने छ। तर सदस्यता लिन चाहने जति सबैलाई सदस्यता प्रदान गर्न भने संघ बाध्य हुने छैन।

**(६) सदस्यता शुल्क :-**

(क) संघको सक्रिय सदस्य :- संघको सक्रिय सदस्य बन्न चाहने व्यक्तिले समय सापेक्ष रुपमा संघको कार्यसमितिले समय-समयमा निर्धारण गरे बमोजिमको प्रबेश शुल्क र बार्षिक शुल्क बुझाउनु पर्नेछ।

(ख) आजीवन सदस्य :- केन्द्रको स्वीकृतबाट मात्र आजीवन सदस्यता प्राप्त गर्न सकिनेछ। आजीवन सदस्य शुल्क केन्द्रबाट निर्धारण गरे बमोजिम हुनेछ।

(ग) मानार्थ सदस्य :- संघलाई विशिष्ट योगदान पुऱ्याए वापत पूर्व सशस्त्र प्रहरी बाहेकका अन्य स्वदेशी तथा बिदेशी महानुभावलाई केन्द्रीय कार्य समितिले संघको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।

(घ) संघको सदस्य बन्न चाहने व्यक्तिले केन्द्रीय कार्य समितिद्वारा तोकिएको आवेदन फर्म भरी सम्बन्धित कार्य समिति वा त्यस अन्तर्गतका ईकाइमा आवेदन दिनु पर्नेछ। सो आवेदन स्विकृती पश्चात् सदस्यता प्राप्त गर्न सकिनेछ।

(ङ) सदस्यताको लागि आवेदन फारम, सदस्यता शुल्क, रसिद र सदस्यता कार्ड केन्द्रीय कार्य समितिले कार्यालयहरुमा उपलब्ध गराउने छ।

(च) संघको केन्द्रीय कार्यकारिणी समितिद्वारा स्वीकृत आवेदन फर्म, सदस्यता शुल्क, रसिद र सदस्यता कार्ड बाहेक अन्य फर्म, रसिद र कार्डको मान्यता हुनेछैन।

(छ) संस्थागत सदस्य :- संघले स्वदेशी तथा विदेशी संघ संस्थाको संस्थागत सदस्यता लिन र दिन सक्नेछ।

(ज) सल्लाहकार समिति :- संघको उत्थान, प्रगति र विकासमा आफ्नो विशेष योगदान दिन सक्ने पूर्व सशस्त्र प्रहरी वा अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरमा सामाजिक क्षेत्रमा विशिष्ट योगदान दिएको नेपाली वा बिदेशी नागरिकलाई केन्द्रीय समितिले सल्लाहकार समितिमा लिन सक्नेछ।

(झ) साधारण सदस्यः- यस्ता सदस्यहरुको संघमा आवद्ध भई सक्रिय वा आजीवन सदस्यता नलिए सम्म मताधिकार रहने छैन र त्यस्ता सदस्यहरु समितिका कुनै पनि पदमा मनोनित समेत हुन सक्नेछैनन्।

**(७) सदस्यताको लागि अयोग्यता :- देहायका व्यक्ति देहायको अवस्थामा संघको सदस्य हुन सक्ने छैनन् -**

(क) गैर नेपाली नागरिक,

(ख) बहुलाएको वा मगज बिग्रेको,

(ग) फौजदारी अभियोगमा अदालतबाट दोषि ठहरी सजाय पाएको वा सजाय भोगी रहेको,

(घ) कुनै सदस्यले सदस्यताको म्याद सकिए पछि ९० दिन सम्म पनि सदस्यता नबिकरण नगरेमा संघको सदस्यता रहनेछैन् ।

(ङ) सशस्त्र प्रहरी विशेष अदालतबाट भविष्यमा सरकारी नोकरीमा अयोग्य ठहरीने गरी बर्खास्त गरेको व्यक्ति,

(च) दोहोरो सदस्यता - केन्द्रीय कार्यकारिणी समितिको स्वीकृति बिना यस संघको सदस्यले यस्तै प्रकृति अन्य संघ संस्था वा मञ्चको सदस्यता लिन सक्ने छैन । कुनै सदस्यले अन्य संघ संस्था वा मञ्चको सदस्यता लिएमा यस संघको सदस्यता स्वतः परित्याग गरेको मानिनेछ ।

(छ) यस संघको कुनै पनि सदस्यले विधान विरुद्ध आचरण गरेमा वा आर्थिक नोक्सानी पुऱ्याउने कारवाही गरेमा केन्द्रीय कार्य समिति वा समितिबाट अधिकार प्रत्यायोजित संघको कुनै तहले पनि सदस्यताबाट हटाउन सक्नेछ । यस संघको कुनै पनि सदस्यले संघ भित्र कुनै पनि राजनैतिक क्रियाकलाप गर्ने छैन अन्य कुनै सदस्यलाई राजनैतिक गतिविधिमा लाग्न प्रेरित गर्ने छैन । यस्तो प्रकारको क्रियाकलाप गरेको पाईएमा निजलाई केन्द्रीय समितिको निर्णयले सदस्यबाट निलम्बन गर्न सकिने छ ।

**(८) सदस्यताको समाप्ति :-**

(क) सदस्यको मृत्यु भएमा,

(ख) बहुलाएमा,

(ग) राजीनामा दिइ स्वीकृत भएमा,

(घ) आचरण वा अनुशासन सम्बन्धमा कारवाही चालि हटाएमा,

(ङ) संघको सदस्यता प्राप्त गरे पछि नैतिक पतन देखिने फौजदारी अभियोग अदालतमा प्रमाणित भएमा,

(च) संघको विधान विपरित कार्य गरे वा अहित कार्य गरेमा,

(छ) नेपाली नागरिक नभएमा ।

## परिच्छेद - ४

**(९) संघको गठन प्रकृया :- संघको गठन प्रकृया निम्न बमोजिम हुनेछ :-**

(क) केन्द्रीय परिषद,

(ख) केन्द्रीय कार्य समिति,

(ग) क्षेत्रीय परिषद,

(घ) क्षेत्रीय कार्य समिति र

(ङ) जिल्ला परिषद

(च) जिल्ला कार्य समिति,

(छ) आवश्यकता अनुसार पछि अञ्चल र जिल्ला स्तर सम्म पनि संघको गठन गरी कार्य विस्तार र विकास गर्दै लान सकिने छ ।

**(१०) केन्द्रीय परिषद :- नेपाल अधिराज्य भित्रका, नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान बमोजिम सदस्यता प्राप्त गरेका व्यक्ति यस परिषद्का सदस्य हुनेछन् ।**

१०(१) क्षेत्रीय परिषद र जिल्ला परिषद :- निर्धारित क्षेत्र र जिल्ला भित्र बसोबास गर्ने नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान बमोजिम सदस्यता प्राप्त गरेका व्यक्तिहरु यस क्षेत्र तथा जिल्ला परिषद्का सदस्य हुनेछन् ।

**(११) केन्द्रीय परिषद्को बैठक :-**

(क) केन्द्रीय परिषद्को बैठक वर्षमा एक पटक हुनेछ ।

(ख) परिषद्रको बैठकको सभापतित्व केन्द्रीय कार्यकारिणी समितिका अध्यक्षले गर्नेछन् ।

(ग) परिषद्को सम्मेलन सभापतिको निर्देशनमा केन्द्रीय कार्यकारिणी समितिको महासचिवले बोलाउने छन् ।

(घ) सम्मेलन हुने स्थान, मिति, समय र छलफलको विषय सम्बन्धित अध्यक्षले तोके बमोजिम हुनेछ ।

**१२ (१) क्षेत्रीय परिषद्को काम, कर्तव्य र अधिकार :-**

(क) क्षेत्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने ।

(ख) क्षेत्रीय कार्यकारिणी समितिलाई निर्देशन दिने

(ग) क्षेत्रीय कार्यकारिणीले प्रस्तावित गरेको नीति र आय व्ययको विवरणमा छलफल गर्ने र अनुमोदन गर्ने ।

(घ) वार्षिक साधारण सभाबाट पारित विषयहरुको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न कार्य समितिका अध्यक्ष, सचिव र निर्णय लेख्ने पदाधिकारी र आजीवन तथा सक्रिय सदस्यहरुको तर्फबाट २ जना प्रतिनिधि तोक्नेछन् ।

**१२ (२)जिल्ला परिषद्को काम, कर्तव्य र अधिकार :-**

(क) जिल्ला कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने ।

(ख) जिल्ला कार्यकारिणी समितिलाई निर्देशन दिने

(ग) जिल्ला कार्यकारिणीले प्रस्तावित गरेको नीति र आय व्ययको विवरणमा छलफल गर्ने र अनुमोदन गर्ने ।

(घ) वार्षिक साधारण सभाबाट पारित विषयहरुको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न कार्य समितिका अध्यक्ष,सचिव र निर्णय लेख्ने पदाधिकारी र आजीवन तथा सक्रिय सदस्यहरुको तर्फबाट २ जना प्रतिनिधि तोक्नेछन् ।

**(१३) केन्द्रीय कार्यकारिणी समिति :- परिषद्का सदस्यहरुबाट गोप्य मतदानद्वारा केन्द्रीय कार्यकारिणी समितिको पदाधिकारीहरुको छनौट गरिनेछ । यस समितिमा देहायका पदाधिकारीहरु रहनेछन् ।**

| | | | |
|---|---|---|---|
| क) अध्यक्ष | १ | ख) उपाध्यक्ष | २ (१प्रथम वा बरिष्ठ उपाध्यक्ष) |
| ग) महासचिव | १ | घ) सचिव | २ (१ अध्यक्षबाट मनोनित) |
| ङ) कोषाध्यक्ष | १ | च) सह-कोषाध्यक्ष | १ |
| छ) सदस्यहरु | ७ | ज) मनोनित सदस्य | २ जम्मा - १७ जना |

(झ) केन्द्रीय कार्यकारिणी समितिको कुनै पदाधिकारीको पद रिक्त हुन आएमा सम्बन्धित कार्य समितिले बाँकी अवधिका लागि सो पदपूर्ति गर्नेछ ।

(ञ) कार्य समितिको कुनैपनि पदमा उम्मेद्वार हुन निम्नानुसारको योग्यता पुगेको हुनु पर्नेछ ।

१. संघको विधान अनुसार सक्रिय वा आजीवन सदस्यता लिएको हुनु पर्ने ।

२. प्रजातान्त्रिक मूल्य मान्यता र मौलिक हक अधिकारको विरुद्धमा नभई अनुभवको आधारमा समिति चुस्त बनाउनका लागि सक्रिय वा आजीवन सदस्य भएको कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्ने ।

(ट) नेपाल पूर्व सशस्त्र प्रहरी संघको क्षेत्रीय संघ गठन भएपछि क्षेत्रीय अध्यक्षमा निर्वाचित हुने व्यक्ति स्वतः केन्द्रीय कार्यसमितिको पदेन उपाध्यक्ष समेत हुने र क्षेत्रीय प्रतिनिधिको रुपमा पनि रहने छ ।

**पुनश्च** :- समितिको अध्यक्षले समावेशी दृष्टिकोण राखी मनोनित सदस्यहरुको छनौट गर्नु पर्नेछ ।

**१३ (१) क्षेत्रीय कार्यकारिणी समिति :- क्षेत्रीय परिषद्का सदस्यहरुबाट गोप्य मतदानद्वारा क्षेत्रीय कार्यकारिणी समितिको पदाधिकारीहरुको छनौट गरिनेछ । यस समितिमा देहायका पदाधिकारीहरु रहनेछन् ।**

| | | | |
|---|---|---|---|
| (क) अध्यक्ष | - १ | (ख) उपाध्यक्ष | - १ |
| (ग) सचिव | - १ | (घ) सह-सचिव | - १ |
| (ङ) कोषाध्यक्ष | - १ | (च) सह-कोषाध्यक्ष | - १ |
| (छ) सदस्य | - ५ | (ज) मनोनित सदस्य | - २ |
| जम्मा | - १३ जना | | |

(झ) क्षेत्रीय कार्यकारिणी समितिको कुनै पदाधिकारीको पद रिक्त हुन आएमा सम्बन्धित कार्य समितिले बाँकी अवधिका लागि सो पदपूर्ति गर्नेछ ।

(ञ) कार्य समितिको कुनैपनि पदमा उम्मेद्वार हुन निम्नानुसारको योग्यता पुगेको हुनु पर्नेछ ।

१. संघको विधान अनुसार सक्रिय वा आजीवन सदस्यता लिएको हुनु पर्ने ।

२. प्रजातान्त्रीक मूल्य मान्यता र मौलिक हक अधिकारको विरुद्धमा नभई अनुभवको आधारमा समिति चुस्त बनाउनका लागि सक्रिय वा आजीवन सदस्य भएको कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्ने ।

**पुनश्च** :- समितिको अध्यक्षले समावेशी दृष्टिकोण राखी मनोनित सदस्यहरुको छनौट गर्नु पर्नेछ ।

**(१४) जिल्ला कार्यकारिणी समिति :- जिल्ला स्तरमा संघ सँग सम्बन्धित कार्य सञ्चालन गर्न प्रत्येक जिल्लामा पदाधिकारी तथा सदस्यहरु समेत गरी ९ जनाको समिति सम्बन्धित जिल्लामा अवस्थित नेपाल पूर्व सशस्त्र प्रहरी संघका साधारण सदस्यहरुबाट गोप्य मतदानद्वारा छनौट गरिनेछ । यस समितिमा देहाय बमोजिम पदाधिकारीहरु र सदस्यहरु रहनेछन् ।**

(१)

| | | | | | |
|---|---|---|---|---|---|
| अध्यक्ष | - | १ | उपाध्यक्ष | - | १ |
| सचिव | - | १ | सह-सचिव | - | १ |
| कोषाध्यक्ष | - | १ | सदस्य | - | ४ |
| मनोनित सदस्य | - | २ | जम्मा | - | ११ |

(२) जिल्ला कार्य समितिमा कुनै पदाधिकारीको पद रिक्त हुन आएमा सम्बन्धित कार्य समितिले बाँकी अवधिको लागि मात्र सो पद पूर्ति गर्नेछ ।

(३) कार्य समितिको कुनैपनि पदमा उम्मेद्वार हुन निम्नानुसारको योग्यता पुगेको हुनु पर्नेछ ।

क. संघको विधान अनुसार सक्रिय वा आजीवन सदस्यता लिएको हुनु पर्ने ।

ख. प्रजातान्त्रिक मूल्य मान्यता र मौलिक हक अधिकारको विरुद्धमा नभई अनुभवको आधारमा समिति चुस्त बनाउनका लागि सक्रिय वा आजीवन सदस्य भएको कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्ने ।

**पुनश्च** :- समितिको अध्यक्षले समावेशी दृष्टिकोण राखी मनोनित सदस्यहरुको छनौट गर्नु पर्नेछ ।

**(१५) पदावधिको समाप्ति :-**

(क) विधानमा तोकिएको अवधि समाप्त भएमा,

(ख) साधारण सदस्य नरहेमा,

(ग) केन्द्रीय परिषद्को वा जिल्ला परिषद्को वार्षिक साधारण सभा वा विशेष साधारण सभामा पदाधिकारी बिरुद्ध अविश्वासको प्रस्ताव आई पारित भएमा,

(घ) सम्बन्धित व्यक्तिले राजीनामा दिई स्वीकृत भएमा,

(ङ) मनासिव कारण नभई लगातार ३ पटक सम्म नियमित अनिवार्य बैठकमा अनुपस्थित रहेमा,

(च) कार्यकारिणी समितिका पदाधिकारी वा सदस्यहरुले संघको अहित अथवा विधान विपरित कार्य गरेमा उक्त समितिका २/३ मतले त्यस्ता पदाधिकारी वा सदस्यलाई कार्यकारिणी समितिमा रहेको पदबाट हटाउन सक्नेछन् ।

(छ) संघको अहित हुने कार्य गरेमा मनोनित सदस्यलाई अध्यक्षबाट हटाउन सकिनेछ ।

(ज) केन्द्रीय तथा जिल्ला परिषद्का सदस्यले सदस्यता त्याग गर्न लिखित राजीनामा दिएमा सम्बन्धित कार्य समितिले सो राजीनामा स्वीकृत गर्न सक्नेछ ।

(झ) केन्द्रीय तथा जिल्ला कार्यकारिणीका पदाधिकारी तथा सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिएमा सम्बन्धित कार्यकारिणी समितिले स्वीकृत गर्न सक्नेछ ।

**(१६) कार्यकारिणी समितिको काम, कर्तव्य :- समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछ -**

(क) संघको उद्देश्य, हित र समुन्नतिका लागि कार्य गर्ने,

(ख) सम्मेलनबाट पारित प्रस्तावहरुको कार्यन्वयन गर्ने,

(ग) प्रत्येक वर्षको बजेट तर्जुमा गर्ने,

(घ) आर्थिक नियमको परिधि भित्र रही बिनियोजित रकम उद्देश्य पूर्ण कार्यमा खर्च गर्ने,

(ङ) रजिस्टर्ड लेखा परिक्षकबाट लेखा परिक्षण गराउने,

(च) विधानको मूल भावना अनुरुप आवश्यकता अनुसारका नियमहरु बनाई लागू गराउने,

(छ) कार्यक्रम तथा दैनिक प्रशासनको लागि बैतनीक कर्मचारीहरु नियुक्त गर्ने,

(ज) संघको कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन सुपरिवेक्षक नियुक्त गर्ने,

(झ) सदस्यहरुको बीचमा अनुशासन, एकता, भातृत्व भाव, आपसि सहयोग र सद्भावना अभिवृद्धि गराउने,

(ञ) संघको प्रतिनिधित्व स्वदेश तथा विदेशमा गराउने,

(ट) सदस्यता अभियान निरन्तर बढाउने,

(ठ) पूर्व सशस्त्र प्रहरीको नामावली तथा निजहरुले प्राप्त गरेको सीपको विवरण अध्यावधिक गरि अभिलेख राख्ने,

(ड) कल्याणकारी योजनाहरु तर्जुमा गरी लागू गर्ने ।

**(१७) कार्य समितिको बैठक :- सामान्यत : सबै तहका कार्यकारिणी समितिको बैठक समितिले तोके बमोजिम आ-आफ्नो समिति रहेको स्थानमा हुनेछ ।**

**(१८) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) कार्यकारिणी समितिको मुख्य पदाधिकारीको रुपमा कार्य गर्ने अर्थात बैठकको सभापतित्व गर्ने ।

(ख) सम्मेलन, साधारण सभा र बैठकको अध्यक्षता गर्ने ।

(ग) सम्मेलन, साधारण सभा र बैठकमा मत बरावर भएमा निर्णयको मत दिने ।

(घ) समितिको निर्णय अनुसार उपसमिति बनाउने ।

(ङ) सम्मेलनद्वारा पारित गरिएका प्रस्ताव तथा बैठकका निर्णयहरु कार्यान्वयन गराउने ।

(च) आर्थिक कारोवार प्रमाणित गर्ने ।

(छ) संघको तर्फबाट गर्ने सबै प्रकारको प्रतिनिधित्व गर्ने तथा आवश्यकता अनुसार प्रतिनिधि मण्डल तोक्ने ।

(ज) संघको प्रशासनिक काम सुचारु रुपले सञ्चालनको लागि कुनै अन्य पदाधिकारी वा सदस्यलाई मुकरर गर्ने ।

**(१९) उपाध्यक्षको काम, कर्तव्य :-**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने काम उपाध्यक्षले गर्ने र अध्यक्षलाई हरेक कार्यमा सहयोग पुऱ्याउने ।

(ख) अध्यक्षले कुनै काम गर्न अधिकार प्रत्यायोजन गरि दिएमा सो कार्य गर्ने ।

**(२०) महासचिवको काम, कर्तव्य र अधिकार :- महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) अध्यक्षको सल्लाह तथा निर्देशनमा समिति, केन्द्रीय सम्मेलन तथा जिल्ला सम्मेलनको बैठक बोलाउने ।

(ख) बैठक, सम्मेलनको कार्य सूचि तयार गर्ने ।

(ग) समितिको तर्फबाट पत्राचार गर्ने ।

(घ) वार्षिक प्रगति प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने ।

(ङ) समितिको कार्यालयको चल अचल सम्पतिको संरक्षण गर्ने ।

(च) केन्द्रीय सम्मेलन, जिल्ला सम्मेलन तथा समितिले पारित गरेको प्रस्तावहरु कार्यान्वयन गराउने ।

(छ) केन्द्रीय सम्मेलन, जिल्ला सम्मेलन तथा समितिको बैठकहरुमा भए गरेका काम कारवाहीको अभिलेख राख्ने ।

(ज) कार्यकारिणी समितिको कर्मचारी उपर आवश्यक रेखदेख नियन्त्रण गर्ने ।

**(२१) सचिवको काम, कर्तव्य र अधिकार :- सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -**

(क) महासचिवको अनुपस्थितिमा निजलाई तोकिएको जिम्मेवारीको सम्पूर्ण कार्य सचिवले सम्पादन गर्ने ।

(ख) महासचिवलाई सहयोग गर्ने ।

(ग) समितिको बैठकबाट सचिवले गर्ने भनि तोकिएको काम गर्ने ।

**(२२) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :- कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -**

(क) संघको आर्थिक कारोवार आफ्नो जिम्मामा राखी अध्यक्षको आदेश अनुसार खर्च गर्ने र कोषको सदुपयोग गर्न उचित व्यवस्था मिलाउने ।

(ख) आय व्ययको हिसाब राख्ने ।

(ग) संघको कोष वृत्तिको लागि आर्थिक कार्यक्रम तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(घ) बजेट बनाउने, आय व्ययको हिसाब लेखा परिक्षण गराउने र समिति सम्मेलनमा पेश गर्ने ।

(ङ) संघको आम्दानी बैंकमा खाता खोली जम्मा गर्ने र अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट खर्च लेख्ने ।

(च) संघलाई आर्थिक भार काम कारवाही गर्दा सम्बन्धित कार्यकारिणी समितिले पारित गरेपछि मात्र कार्यान्वयन गर्ने ।

**(२३) सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :- सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -**

(क) कोषाध्यक्षको अनुपस्थितिमा निजले गर्नु पर्ने सम्पूर्ण काम कारवाही गर्ने ।

(ख) कोषाध्यक्षलाई सहयोग गर्ने ।

(ग) समितिबाट सह-कोषाध्यक्षले गर्ने भनि तोकिएका कार्य सम्पादन गर्ने ।

**(२४) कार्यकारिणी समितिले आफ्ना पदाधिकारी वा सदस्यहरुलाई कुनै खास कामको लागि गठीत उपसमितिको संयोजकत्वको रुपमा राख्न सक्नेछ । यस्तो संयोजकत्वको काम कर्तव्य र अधिकार सोही विशेष कार्य सञ्चालन गर्न बनेको नियम बमोजिम हुनेछ ।**

**(२५) (१) पदावधि** :- संघको सबै तहका समिति तथा पदाधिकारीहरुको पदावधि ४ वर्षको हुनेछ । पदावधि सकी अर्को निर्वाचन नहुन्जेलसम्म मौजुदा कार्य समितिले नै कार्य सञ्चालन गर्नेछ ।

**(२) निर्वाचन सम्बन्धी व्यवस्था ।**

प्रजातान्त्रिक मूल्य, मान्यता अनुरुप संचालित संघमा निर्वाचन व्यवस्था विना स्वतन्त्र न्याय प्राप्त हुन नसक्ने भएकाले प्रजातन्त्र र स्वतन्त्र न्यायको सिद्धान्त अनुरुप देहाय बमोजिमको कार्यबिधि अपनाउने गरी निर्वाचन सम्बन्धी व्यवस्था गरिएको छ ।

(क) केन्द्र देखि पछि गठन हुँदै जाने जिल्ला स्तरसम्मका सबै तहका कार्यसमितिका पदाधिकारीहरुको निर्वाचन संघका पदाधिकारीहरु एवं सदस्यहरुबाट गोप्य मतदानद्वारा हुनेछ ।

(ख) कुनै पनि तहको कार्य समितिको पदाधिकारीको चयन गर्न निर्वाचन गराउँदा कम्तिमा ३ जना देखि बढिमा ५ जना सम्म पदाधिकारीहरु रहने निर्वाचन समिति गठन सम्बन्धित कार्य समितिले गर्नेछ ।

(ग) निर्वाचन समिति गठन गर्दा कार्य समितिको निर्वाचनमा कुनैपनि पदको उमेद्वार नहुने मध्येका सकेसम्म निर्वाचन सम्बन्धी विज्ञ सदस्यहरुलाई छनौट गरी निर्वाचन समितिमा राख्नुपर्नेछ ।

(घ) निर्वाचन सम्बन्धी विज्ञ सदस्यहरु नभएमा सदस्य भन्दा बाहिरबाट पनि निर्वाचन सम्बन्धी एकजना विज्ञको सहयोग प्राप्त गर्न बाधा पर्ने छैन ।

(ङ) उमेद्वारी दिने, फिर्ता लिने, सनाखत गर्ने, निर्विरोध निर्वाचित गराउने देखि मत पत्र बनाउने, मतदान गराउने, मतपत्र गणना, निर्वाचनको अन्तिम घोषणा गराउने सम्मका सम्पूर्ण कार्यहरु रितपूर्वक निर्वाचन समितिले बिना भेदभाव स्वतन्त्ररुपमा सम्पन्न गराउनु पर्नेछ ।

(च) उमेद्वारी दिने सदस्यहरुले पछि फिर्ता नहुने गरी उमेद्वारी आवेदन फाराम लिदाकै बखत संघको कार्यालयमा निम्न अनुसारको उमेद्वारी शुल्क बुझाउनु पर्नेछ ।

| सि. नं. | पद | केन्द्रीय कार्यसमिति | क्षेत्रिय कार्यसमिति | अन्य कार्यसमिति | कै. |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | रु.५,०००/- | रु.३,०००/- | रु.२,०००/- | |
| २ | उपाध्यक्ष | रु.४,०००/- | रु.२,५००/- | रु.१,५००/- | |
| ३ | महासचिव | रु.३,०००/- | - | - | |
| ४ | सचिव | रु.२,०००/- | रु.१,५००/- | रु.१,०००/- | |
| ५ | सह सचिव | - | रु.१,२००/- | रु.८००/- | |
| ६ | कोषाध्यक्ष | रु.२,०००/- | रु.१,५००/- | रु.१,०००/- | |
| ७ | सह-कोषाध्यक्ष | रु.१,५००/- | रु.१,२००/- | रु.८००/- | |
| ८ | सदस्य | रु.१,०००/- | रु.८००/- | रु.५००/- | |

(छ) उमेद्वारी आबेदन फारामको नमूना अनुसूचि १ (क) अनुसार हुनेछ ।

## परिच्छेद - ५

**(२६) महासम्मेलन :-**

(क) केन्द्रीय परिषद्का सदस्यहरु तथा केन्द्र, क्षेत्र तथा जिल्ला कार्यकारिणी समितिका पदाधिकारीहरु यस सम्मेलनमा सहभागी हुनेछन् ।

(ख) केन्द्रीय कार्यकारिणी समितिले निर्णय गरी आमन्त्रण गरिएका संघ संस्थाका प्रतिनिधि महानुभावहरु पनि महासम्मेलनमा पर्यवेक्षकको रुपमा रहन सक्ने छन् ।

**(२७) क्षेत्रीय तथा जिल्ला सम्मेलन :-**

(१) क्षेत्र तथा जिल्ला सम्मेलनमा देहाय बमोजिम सहभागिता रहनेछ -

(क) क्षेत्रीय र जिल्ला कार्यकारिणी समितिका पदाधिकारीहरु तथा सदस्यहरु,

(ख) क्षेत्रीय र जिल्ला परिषद्का सबै सदस्यहरु,

(२) केन्द्रीय कार्यकारिणीले उपयुक्त देखेमा क्षेत्र तथा जिल्ला सम्मेलनमा केन्द्रका तर्फबाट पदाधिकारी, सदस्य वा कर्मचारीलाई पर्यवेक्षकको रुपमा खटाउन सक्नेछ ।

**(२८) बार्षिक साधारण सभा :-** केन्द्रीय परिषद्, क्षेत्रीय परिषद् र जिल्ला परिषद्को साधारण सभा वार्षिक रुपमा हुनेछ । केन्द्रीय परिषद्को साधारण सभामा केन्द्रीय कार्यकारिणी पदाधिकारी सदस्य तथा नेपाल पूर्व सशस्त्र प्रहरी संघका सम्पूर्ण सक्रिय सदस्यहरुको सहभागिता हुनेछ । क्षेत्रीय परिषद्को साधारण

सभामा क्षेत्रीय कार्यकारिणी समितिका पदाधिकारी सदस्य र सम्बन्धित क्षेत्र भित्रका नेपाल पूर्व सशस्त्र प्रहरी संघका सक्रिय सदस्यहरुको सहभागिता हुनेछ । र जिल्ला परिषद्को साधारण सभामा जिल्ला कार्यकारिणी समितिका पदाधिकारी सदस्य र सम्बन्धित जिल्ला भित्रका नेपाल पूर्व सशस्त्र प्रहरी संघका सक्रिय सदस्यहरुको सहभागिता हुनेछ ।

**(२९) विशेष साधारण सभा** :- केन्द्रीय, क्षेत्रीय तथा जिल्ला स्तरमा साधारण सभामा छलफल गर्न र निर्णय हुनुपर्ने स्थिति उत्पन्न भई समितिले आवश्यक सम्झेमा वा केन्द्रीय परिषद्, क्षेत्रीय परिषद् वा जिल्ला परिषद्का पच्चिस प्रतिशत सदस्य संख्याले आवश्यक सम्झी बिशेष साधारण सभा बोलाउन लिखित माग गरेमा सम्बन्धित कार्यकारिणी समितिबाट विशेष साधारण सभा बोलाईने छ । यस्ता विशेष साधारण सभामा आवश्यक हुन गएको सम्बन्धित विषय उपर मात्र छलफल गरी निर्णय लिईनेछ ।

**(३०) गणपुरक संख्या** :-

(क) संघका सबै स्तरको कार्यकारिणी समितिको बैठक बस्दा सो समितिको १/३ (एक तिहाई) सदस्य उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ । कार्यकारिणी समितिको बैठक बोलाएको समयमा सो गणपुरक संख्या नपुगेमा सो दिन बैठक स्थगित गरी अर्को दिन बैठकको समय तोकिनेछ ।

(ख) दोस्रो पटक बसेको समितिको बैठकमा समेत सो गणपुरक संख्या नपुगेमा उपस्थित संख्याले नै बैठक बसी निर्णय गरेको सदर मानिनेछ ।

(ग) कार्यकारिणी समितिको निर्वाचनमा नियमानुसार जानकारी दिंदा जे जति सदस्यहरु उपस्थित हुन्छन् उनैबाट निर्वाचन सम्पन्न गराईनेछ ।

(घ) विधान संशोधनका लागि र समितिका पदाधिकारी उपरको अविश्वासको प्रस्ताव उपर छलफल गर्नको लागि केन्द्रीय परिषद्को गणपुरक संख्या २/३ आवश्यक हुनेछ ।

**(३१) प्रस्ताव पारित हुन आवश्यक मत** :- केन्द्रीय परिषद्,, क्षेत्रीय परिषद् र जिल्ला परिषद्को साधारण सभा तथा विशेष साधारण सभामा विधान संशोधन र समितिका पदाधिकारी, सदस्यहरु उपर अविश्वासको प्रस्ताव पारित हुनका लागि उपस्थित सक्रिय सदस्य संख्याको दुई तिहाई बहुमत आवश्यक हुनेछ । अन्य प्रस्तावहरु साधारण बहुमतद्वारा पारित हुनेछ ।

**(३२) प्रस्ताव राख्ने तरिका** :-

(क) केन्द्रीय परिषदमा छलफल हुनुपर्ने प्रस्तावहरु समेतको कार्य पत्र मस्यौदा समितिका तर्फबाट प्रस्तुत भए पछि अनुमोदनको लागि सो उपर छलफल गरिनेछ ।

(ख) केन्द्रीय परिषदमा विधान संशोधन वा समितिका पदाधिकारी, सदस्यहरु उपर अविश्वासको प्रस्ताव ल्याउनु परेमा पच्चिस प्रतिशत सदस्य संख्याले लिखित माग गरेपछि मात्र सो प्रस्ताव उपर छलफल गरिनेछ ।

## परिच्छेद - ६

**(३३) आर्थिक श्रोत** :- (१) संघको आर्थिक श्रोत देहाय बमोजिम हुनेछ -

(क) सदस्यबाट प्राप्त शुल्क ।

(ख) नेपाल सरकारबाट प्राप्त अनुदान सहयोग ।

(ग) अधिराज्यका सामाजिक संघ संस्थाबाट प्राप्त अनुदान,सहयोग ।

(घ) संघले सञ्चालन गरेको आर्थिक कार्यक्रमबाट प्राप्त आय ।

(ङ) संघमा स्वेच्छाले विभिन्न निकायबाट प्राप्त हुने सहायता ।

(च) बैदेशिक सहयोग प्राप्त हुने भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिईनेछ ।

## परिच्छेद - ७

**(३४) संघको कार्यक्रम** :– संघको उद्देश्य प्राप्तीका लागि देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ -

(१) सामाजिक कार्यक्रम :-

(क) राष्ट्रिय समारोह, चाडपर्वमा भाग लिने ।

(ख) ठूला मेला पर्वहरुमा स्वयंम सेवकको रुपमा काम गर्ने ।

(ग) दैवी प्रकोप उद्धार कार्यक्रममा सक्रिय हुने ।

(घ) सामाजिक कुरिती हटाउन सहयोग गर्ने ।

(ङ) प्रदुषण नियन्त्रण तथा वातावरण सम्वर्द्धनका लागि जनचेतना जगाउने कार्यमा सहयोग गर्ने ।

(च) राष्ट्र र समाजको हित कार्यमा सहयोग गर्ने ।

(छ) राष्ट्रिय र प्राकृतिक सम्पदाको संरक्षणमा योगदान गर्ने ।

(ज) स्वास्थ्य चेतना कार्यक्रममा सहयोग गर्ने ।

(झ) अन्तर्राष्ट्रिय आवश्यक परेको बेला नेपाल सरकारसँग पूर्व स्वीकृती लिई योगदान गर्ने ।

(२) वर्गीयहित सम्बन्धी कार्यक्रम :-

(क) पूर्व सशस्त्र प्रहरी तथा निजका परिवारलाई योग्यता अनुसारको व्यवसायमा संलग्न गराउन सक्दो सहयोग गर्ने ।

(ख) पूर्व सशस्त्र प्रहरीले पाउने सहुलियत तथा न्याय प्राप्त गर्न मद्दत पुऱ्याउने ।

(ग) वर्गीय हक हितको लागि नेपाल सरकारसँग माग राख्ने ।

(घ) नेपाल सशस्त्र प्रहरी बल संगठनसँग सुमधुर एवं निकटतम सम्बन्ध, समन्वय र आपसी समझदारी कायम राखी सांगठनीक हितमा काम गर्ने ।

(ङ) पूर्व सशस्त्र प्रहरी परिवारलाई आवश्यकता र योग्यता अनुसार सशस्त्र प्रहरी बलमा प्राथमिकता दिलाउने ।

(च) मृत्युहुँदा क्रिया खर्च, गम्भीर विरामी हुँदा उपचार खर्च, आवासका लागि न्यूनतम ब्याजमा ऋण सुविधा, अध्ययनका लागि थप छात्रबृत्ती आदिका लागि सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र मार्फत पूर्व सशस्त्र प्रहरी कर्मचारी तथा तिनका आश्रीत परिवारलाई थप राहत रकम उपलब्ध गराउन पहल गर्ने ।

(३) बौद्धिक कार्यक्रम :-

(क) पूर्व सशस्त्र प्रहरी परिवारको लागि व्यवसायमूलक उपयोगी तालिमहरुको आयोजना गराउने ।

(ख) पूर्व तथा बहालवाला सशस्त्र प्रहरी बलका सदस्यका छोराछोरीलाई शिक्षा हाँसिल गर्न सक्दो सहयोग पुऱ्याउने ।

(४) आर्थिक कार्यक्रम :- पूर्व सशस्त्र प्रहरी र तिनका परिवारको आर्थिक स्थिति सुदृढ तुल्याउन विविध अर्थोपार्जनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**(३५) राजनैतिक असंलग्नता :-** नेपाल पूर्व सशस्त्र प्रहरी संघ विशुद्ध सामाजिक संस्थाको रुपमा रही यस विधानमा उल्लेख भए अनुरुप सामाजिक तथा वर्गिय हितका लागि समर्पित रहनेछ। यस संघको काम कारवाहीलाई राजनैतिक तवरबाट मुक्त राखिनेछ।

**(३६) संघ व्यक्ति सरह हुने :-** नेपाल पूर्व सशस्त्र प्रहरी संघ कानूनतः व्यक्ति सरह हुनेछ।

**(३७) कानूनी सल्लाहकार :-** संघको केन्द्रीय कार्यकारिणी समितिले आवश्यकता अनुसार कानूनी सल्लाहकार राख्न सक्नेछ।

**(३८) लेखा परीक्षकको नियुक्ति :-** केन्द्रीय कार्यकारिणी समितिले लेखा परिक्षणको लागि योग्यता प्राप्त लेखा परीक्षकको नियुक्ति गर्न सक्नेछ।

**(३९) विधान संशोधन :-** यो विधान संशोधन गर्ने अधिकार केन्द्रीय परिषद्मा मात्र निहित रहने छ।

**(४०) नियम बनाउने अधिकार :-** संशोधनको उद्देश्य अनुरुप कार्यक्रमहरु संचालन गर्न तथा प्रशासनिक कार्य सञ्चालन गर्न प्रशासनिक नियमावली, आर्थिक नियमावली, अनुशासन नियमावलीहरु केन्द्रीय कार्यकारिणी समितिले बनाउनेछ।

(क) नियम उपनियम बनाउने अधिकार केन्द्रीय कार्यकारिणी समितिमा रहनेछ।

(ख) यो विधानको व्याख्या केन्द्रीय कार्य समितिले गर्नेछ।

(ग) उप-समितिहरुको गठन केन्द्रीय कार्यकारिणी समितिले गर्नेछ।

(घ) वर्गीय हक, हित मातृ संस्था तथा भातृ संस्थाहरुलाई प्रतिकूल असर पर्ने कुनै पनि कार्य गर्न गराउन बन्देज गरिएको छ।

**(४१) ऐन अनुसार हुने :** यस बिधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछन, संस्था दर्ता ऐन, नियम र प्रचतिल कानुनसँग कुनै बुँदा बाझिन गएमा बाझिन गएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

**(४२) कर्मचारीको व्यवस्था :** संघले आफ्नो दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनका लागि कर्मचारी दरबन्दी सृजना, पारिश्रमिक, भत्ता तथा अन्य सुबिधा, सेवा शर्तहरु त्यसका लागि अपनाउनु पर्ने कार्यविधि नियममा तोकिए बमोजिम हुनेछ।

**(४३) बचाउ :** यस संघका कुनै पदाधिकारीले यस बिधान र प्रचलित ऐन कानुनको परिधि भित्र रही संघको हित चिताई गरेको कामको लागि व्यक्तिगत रुपमा जिम्मेवार बनाईने छैन। त्यस्तो अवस्थामा संघ उत्तरदायी भई पदाधिकारीको संरक्षण गर्नु पर्नेछ।

**(४४) संघको खारेजी :** संघको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संघको खारेजी गर्न सक्नेछ। तर खारेजी प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको प्रक्रियाका लागि एक वा एक भन्दा बढि खारेजीकर्ता र संघको हिसावकिताव गर्नका लागि एक वा एकभन्दा बढि लेखा परीक्षकहरु नियुक्ति गर्न सकिने छ भने यसरी नियुक्ति हुने खारेजीकर्ता र लेखा परीक्षकको पारिश्रमिक साधारण सभाले तोकिए बमोजिम हुनेछ र अन्य कुनै कारणबश संघ विघटन भई खारेज भएमा संघको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकार सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको हुनेछ।

**(४५) गोप्यता भंग गर्न नहुने :** यस संघका कुनैपनि पदाधिकारी, सल्लाहकार एवम सदस्यहरुले संघको अहित हुने कार्य गर्नु हुँदैन। कार्यसमितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले संघका गोप्य राख्नु

पर्ने सूचनाहरु सार्वजानिक गरी गोप्यता भंग गर्न पाईने छैन । गरेमा त्यस्ता व्यक्ति उपर कार्यसमितिको बैठकको निर्णय अनुसार कारबाही चलाउन सकिने छ ।

**(४६) निर्देशनको पालना** : नेपाल सरकार वा स्थानीय प्रमुखले समयसमयमा दिएको निर्देशनको पालनागर्नु संघको कर्तव्य हुनेछ ।

**(४७) हामी तपशिलका निम्न संस्थापकहरु यस बिधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा बिधानमा सहिछाप गर्दछौं ।**

| संस्थापकको नाम,थर र ठेगाना | साक्षीको नाम,थर र सहिछाप |
|---|---|
| १. नाम थर : सहविर थापा (अ.प्रा.स.प्र.म.नि.)<br>ठेगाना : का.म.न.पा. वडा न १४ ब्लक नं. १३३ | १. नाम थर : कृष्ण प्रसाद घिमिरे<br>ठेगाना : काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स. वडा नं. ४ ठुलोभऱ्याङ |
| २. नाम थर : ज्ञानेन्द्रराज राई (अ.प्रा.स.प्र.ना.म.नि.)<br>ठेगाना : का.म.न.पा. बानेश्वर ब्लक नं. १२१ | २. नाम थर : हरिमान श्रेष्ठ<br>ठेगाना : काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स. वडा नं. ४ |
| ३. नाम थर : शिवराज गौली (अ.प्रा.स.प्र.ना.म.नि.)<br>ठेगाना : काठमाण्डौं जिल्ला खड्ग भद्रकाली गा.वि.स. वडा नं. १ | ३. नाम थर : अचुत राम नेपाल<br>ठेगाना : काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स. वडा नं. ४ |
| ४. नाम थर : पोषेन्द्रध्वज खाँड (अ.प्रा.स.प्र.ब.उ.)<br>ठेगाना : काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स. वडा नं. ६ | ४. नाम थर : हरिकृष्ण लामा<br>ठेगाना : काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स. वडा नं. ७ |
| ५. नाम थर : प्रकाश बहादुर थापा (अ.प्रा.स.प्र.ब.उ.)<br>ठेगाना : का.म.न.पा. बानेश्वर वडा नं. ३४ ब्लक नं. ७९/५ | ५. नाम थर : उपेन्द्रध्वज खाँड<br>ठेगाना : काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स. वडा नं. ६ |
| ६. नाम थर : छत्र बहादुर प्रधान<br>ठेगाना : का.म.न.पा. गणेशस्थान चावहिलगा.वि.स. वडा नं. ७ ब्लक नं. ११/१९५ | ६. नाम थर : ध्रुव चन्द (स.प्र.ह.)<br>ठेगाना : काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स. |
| ७. नाम थर : धन बहादुर थापा<br>ठेगाना : का.म.न.पा.कुलेश्वर काठमाण्डौं गा.वि.स. वडा नं. १४ ब्लक नं. १६० | ७. नाम थर : रानु खाँड<br>ठेगाना : काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स. वडा नं. ६ |

## अनुसूची १ :-

**१. संघको झण्डा:-**

(क) झण्डाको लम्बाई ५’ र चौडाई ३’ को साइजमा हुनेछ।

(ख) झण्डाको बेस सुन्तला (सिन्दुर) रंगको हुनेछ।

(ग) झण्डाको बीचमा २’ को डायमीटरमा संघको लोगो (छाप) राखिने छ।



**२. संघको लोगो तथा छाप :-**

**अनुसूची-१ (क)**

**(दफा २५ सँग सम्बन्धित)**

# उमेद्वारी आवेदन फाराम

**विषय : उम्मेदवारी दर्ता गरि दिनु हुन ।**

**श्री निर्वाचन अधिकृतज्यू,**
**निर्वाचन समिति,**
**नेपाल पूर्व सशस्त्र प्रहरी संघ ।**

यस संघको ........................ पदमा निर्वाचित भई संघको सेवा गर्ने इच्छा भएकोले मिति ...................मा सम्पन्न हुने निर्वाचनमा उम्मेदवार बन्न यो दरखास्त पेश गरेको छु । म यस प्रकृतिको अन्य कुनै संघ संस्थाको संचालक र अन्य समितिको पदमा कार्यरत नरहेको, यस संघमा मैले निरन्तररुपमा मिति..................देखि सदस्य भई हालसम्म संघको नीति कार्यक्रम अनुसार सदस्यको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरी आएको हुनाले मेरो उम्मेदवारी स्वीकृत हुन समेत अनुरोध गर्दछु । संघको विधान २०६४ (संशोधन सहित) विपरित मेरो उम्मेदवारी भएको भए सोही बमोजिम उम्मेदवारी खारेज भएमा मेरो कुनै आपत्ति छैन ।

**निवेदक**
दस्तखतः
उम्मेदवारको नाम थर :
ठेगाना र सम्पर्क फोन नम्बर :
मतदाता क्रम संख्या :

**प्रस्तावक**
दस्तखतः
प्रस्ताबकको नाम थर :
मतदाता क्रम संख्या :

**समर्थक**
दस्तखतः
समर्थकको नाम थर ::
मतदाता क्रम संख्या :
यो दरखास्तपत्र मिति............ का दिन ........ बजे श्री.................. ले मेरो समक्ष प्रस्तुत गर्नु भएको व्यहोरा प्रमाणित गर्दछु ।

**निर्वाचन अधिकृत**
नाम थर :
दस्तखत :





# विजया दशमी तथा शुभ दिपावली

## २०७० को

**सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने समस्त नेपाली बन्धुहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**नेपाल पूर्व सशस्त्र प्रहरी संघ**
केन्द्रीय कार्यालय, स्वयम्भू, हलचोक काठमाण्डौ

(अध्यक्ष)
**बासुदेव वली**
तथा
**संघ परिवार**

ब्ल्याक एण्ड ह्वाइट भएको फोटो फेर्नु पर्छ ।

## फोटो फिचर :-



















A

ब्ल्याक एण्ड ह्वाइट भएको फोटो फेर्नु पर्छ ।













साधारण सभा
वार्षिक उत्सव





साधारण सभा
वार्षिक उत्सव

ब्ल्याक एण्ड ह्वाइट भएको फोटो फेर्नु पर्छ ।



















CASINO MAHJONG
Casino Mahjong, Hotel Soltee Crown Plaza
Tahachal, Kathmandu, Nepal
Phone : 4280588, 4270244, 4271011
Fax : 977-1-4271244
Web : www.casinomahjongnepal.com
Home
About Us
Casino Events
Terms & Conditions
Picture Gallery
Our Location
Caribbean Stud Poker
Roulette
Slots
Baccarat
Blackjack


GUIDE TO DIGITAL
eVerge digital mobile radios
Authorized Distributor :
MAHAVIR SHREE INTERNATIONAL PVT. LTD.
4th Floor, Saumil Complex Building
Baburam Acharya Sadak, Sinamangal
GPO Box : 410, Kathmandu, Nepal
Mobile : +977-9851075100
Phone : +977-1-4110860
Fax : +977-1-4110855
Email : suman@bojho.com
Web : www.msi.com.np
Vertex Standard
eVerge
EVOLVE TO BETTER
www.vertextandard.com/ap




नेपाल पूर्व सशस्त्र प्रहरी संघको
छैठौं वार्षिक उत्सव २०७० को
सुखद् उपलक्ष्यमा
संघको उत्तरोत्तर प्रगतिको शुभकामना



**Ncell** कृष्ण टावर, नयाँ बानेश्वर